वैदेशिक रोजगारीले बालबालिकामा परेको प्रभावसम्बन्धी

अध्ययन प्रतिवेदन २०७६

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,

वैदेशिक रोजगार बोर्डको सचिवालयका लागि तयार पारिइएको अध्ययन प्रतिवेदन

अध्ययन समूह

शरु जोशी, टिम लिडर

कैलाश राई, प्रमुख अनुसन्धाता

इशानी श्रेष्ठ, अनुसन्धाता

आर्सिना पिया, अनुसन्धान संयोजक

कृतज्ञता

वैदेशिक रोजगारबाट विभिन्न अवसर प्राप्त हुनुका साथै यसबाट चुकाउनु परेको सामाजिक मुल्य एक गम्भीर बिषय हो । नेपालमा वैदेशिक रोजागरमा गएका अभिभावकहरूका बालबालिकाहरूले आमा बाबुको अनुपस्थितिमा कस्तो र कसरी मूल्य चुकाइरहेका छन् भन्ने बिषयमा अध्ययन गर्ने अवसर दिनु भएकोमा वैदेशिक रोजगार बोर्ड सचिवालयप्रति अध्ययन टोली हार्दिक आभार प्रकट गर्दछौँ । प्रदेश १, २, ३ र ४ का स्थानीय तहहरूमा अध्ययन सम्पन्न गर्नमा सहयोग गर्नुहुने स्थानीय संयोजकहरू क्रमशः– शारदा मास्के (बेलबारी, मोरङ), चेतना श्रेङ (धरान, सुनसरी), गुञ्जा राय (लक्ष्मीनियाँ, जनकपुर), अजीता ठकुरी (इन्द्रावती, सिन्धुपाल्चोक), झविन्द्र ज्ञवाली (मनहरी, मकवानपुर), उत्तम अधिकारी (सिफल, काठमाडौँ), रविन्द्र राज मिश्र (शंखरापुरा, काठमाडौँ) लाई धन्यबाद । बेलबारी नगरपालिका, धरान उपमहानगरपालिका, लक्ष्मनियाँ नगरपालिका, इन्द्रावती नगरपालिका, मनहरी गाउँपालिका, शंखरापुरा गाउँपालिका तथा अजीरकोट गाउँपालिकाका प्रतिनिधिज्युहरू प्रति विशेष आभार ।

त्यस्तै पञ्चकन्या माध्यमिक विद्यालय, धरान, सुनसरी, श्री भगवति उच्च माध्यमिक विद्यालय बेलबारी मोरङ, लक्ष्मीनियाँ जनता माध्यमिक विद्यालय, जनकपुर, नविनग्राम शिक्षा मन्दिर, शंकरापुरा, बाल व्यवसायिक माध्यमिक विद्यालय, सिफल, काठमाडौँ, महेन्द्रज्योति माध्यमिक विद्यालय, मनहरी, मकवानपुर, श्री सिंहमति माध्यमिक विद्यालय, इन्द्रावती, सिन्धुपाल्चोक, भच्चेक आभारभुत विद्यालय, अजीरकोट, गोरखाका सम्पूर्ण विद्यालय, विद्यार्थी र अभिभावकहरू तथा स्थानीय सघंसस्थाहरूको साथ-सहयोगप्रति हामी अनुग्रृहित छौँ । यस अध्ययनलाई आवश्यक सूचना र जानकारी दिई सहयोग गर्नुहुने वैदेशिक रोजगार बोर्डका उपसचिब दीन बन्धु सुवेदी , धरान उपमहानगरपालिका कार्यवाहक मेयर मन्जु भण्डारी, मनहरी गाउँपालिका उपाध्यक्ष मनिला बिष्ट, अजीरकोट गाउँपालिका उपाध्यक्ष चन्द्रा गुरुङ, भच्चेक गोरखाका वडा नं. ३ का वडाध्यक्ष, तय राज गुरुङ र काठमाडौँ महानगरपालिका वडा न ७ का अध्यक्ष सुध्द कुमार डंगोलप्रति हार्दिक आभार । विषयगत र प्राविधिक तवरमा अध्ययनलाई गहन बनाउन सल्लाह सुझाव प्रदान गर्नुहुने तथा प्रारम्भिक प्रतिवेदनको मस्यौदाको समीक्षकद्वय प्रोफेसर डाक्टर चन्द्रा भद्रा, र आप्रवासन विज्ञ उपासना खडकाप्रति विशेष धन्यवाद व्यक्त गर्दछौँ । वैदेशिक रोजगार बोर्डको आयोजनामा अध्ययनको पहिलो मस्यौदा केन्द्रीत छलफलमा सुझाव दिनुहुने विज्ञ, सरोकारवाला निकायका प्रतिनिधिहरूलाई धन्यवाद । यहाँहरू सबैजनाको साथ, सहयोग र विचारबिना यो अध्ययन सम्भव थिएन । तसर्थ यहाँहरू सम्पूर्णको साथ र सहयोग आगामी दिनहरूमा पनि कायम रहने अपेक्षासहित धन्यवाद ।

अध्ययन समूहको तर्फबाट

शरु जोशी

विषयसूची

	पृष्ठ
परिचय	३
अध्ययनको उद्देश्य	४
अध्ययन विधि	५
अध्ययन क्षेत्र र सीमा	६
नेपालमा वैदेशिक रोजगारको सामाजिक मूल्यको अवस्थाः संक्षिप्त चर्चा	७
वैदेशिक रोजगार र बालबालिकाकेन्द्री नीतिगत ब्यवस्था	११
वैदेशिक रोजगारले बालबालिकामा पारेको प्रभाव	१४
१. सकारात्मक प्रभाव	१५
२. नकारात्मक प्रभाव	१५
क. मनोसामाजिक प्रभाव	१५
ख. पठनपाठनमा प्रभाव	१८
ग. कुलत/दूर्व्यसनको जोखिम	२०
घ. बद्लिदो पारिवारिक मूल्य मान्यता	२१
ङ. अतिरिक्त कार्यभार र मानसिक बोझ	२३
च. बाल हिंसा, बाल श्रम तथा लैंगिक बाल श्रम शोषण	२४
छ. बालविवाह/भागी विवाह, दाइजो	२६
ज. यौनजन्य हिंसाको जोखिम	२७
वैदेशिक रोजगारप्रतिको बुझाई र त्यसको चक्र	२८
विद्यालयको अनभिज्ञता र सुधारका लागि पहलको अवस्था	३०
निष्कर्ष	३१
सुझाव	३३
सन्दर्भ सूची	३६

परिचय

विप्रेषणमा अत्याधिक निर्भर रहेको मुलुकहरूमध्ये नेपाल पनि एक हो । "सन् २००८-२०१७ मा मात्रै नेपाल सरकारबाटे श्रम स्वीकृत्ति लिई करीब ३५ लाख कामदारहरु (वैदेशिक रोजगारको लागि) विदेश गएको तथ्यांक रहेको छ । जसमध्ये अधिकांश मलेसिया र खाडी मुलुकमा रोजगारीमा जानेहरू रहेका थिए । २०६८ को जनगणनाले भारतमा रहेको नेपालीहरूको संख्या ५ लाख ८९ हजार ५० जना देखाएको छ । जसमा ८८.३ प्रतिशत पुरुष र ११ प्रतिशत महिला रहेका छन् । वैदेशिक रोजगारमा जाने कामदारमध्ये प्रदेश १ र २ मा ५० प्रतिशत, ३ र ५ मा १६-१६ प्रतिशत, प्रदेश ४ मा १३ प्रतिशत र प्रदेश ६ मा ३ प्रतिशत र प्रदेश न. ७ मा २ प्रतिशत रहेको छ ।[१]

अधिकांश अभिभावक पुरुष तथा महिला घरपरिवार र बालबच्चाको राम्रो भविष्यका लागि वैदेशिक रोजगारीमा जाने गरेको बताउँछन् । तर सन् २०१५ मा गरिएको अन्तर्राष्ट्रिय श्रम संगठनको अध्ययनका अनुसार बाल बालिकाको अध्ययनका लागि लिइएको ऋणले अभिभावकमा मानसिक तनाव ल्याउने र थप गरीबीलगायत कैयौ चुनौति सामना गर्नुपरेको छ ।[३] जसले गर्दा ऋणको भारमा आफ्ना बालबालिकाको पालनपोषण गर्नमा अभिभावकहरू झनै असक्षम हुन पुग्छन् ।

सन् २०१७ मा नेपालले वैदेशिक रोजगारमा गएका आफ्ना नागरिकहरूबाट ६९९ अर्ब विप्रेषण भित्र्याएको थियो । यो रकम नेपालको कूल गार्हस्थ उत्पादनको एक तिहाई हो भने विश्व सन्दर्भमा चौथो उच्च अनुपात हो" (MOLE: 2018)[२]। वैदेशिक रोजगारमा गएका नेपालीहरूले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिँदै आएका छन् । देशको गरिबी तथा बेरोजगारी न्यूनीकरणको पाटोबाट वैदेशिक रोजगार र त्यसबाट भित्रिने विप्रेषणको योगदान उल्लेखनीय छ ।

वैदेशिक रोजगारबाट भित्रिने विप्रेषणले अर्थतन्त्रमा पुऱ्याएको योगदानलाई सकारात्मक रुपमा लिईए पनि वैदेशिक रोजगारीबाट देशले धेरै कुरा गुमाउनु परिरहेको छ । भविष्यमा यस्को सामाजिक तथा आर्थिक लागत अझ बढ्दै जाने अनुमान गर्न सकिन्छ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको लागि मुलुकले चुकाइरहेको वा चुकाउन सक्ने मुल्यको तथ्यगत लेखाजोखा गरिनु पर्छ । एकातिर नेपालले अहिले जनसाङ्खिकीय लाभ लिनु पर्ने बेला उर्जाशील र उत्पादनशील उमेर समूहका युवाहरूले विदेशमा आफ्ना उर्जा, श्रम र समय खर्चिरहेका छन् भने अर्कोतिर नेपालको श्रम बजारमा श्रमिकहरूको अभाव देखिएको छ । यस्तो वर्हिगमनको असर नेपालको सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रमा धेरै देखा पर्न थालेका छन् । वैदेशिक रोजगारीको क्रममा देखिएका सरकारी विद्यालयका सामाजिक मूल्यको बिश्लेषण गर्दा मुख्य समस्याहरू- पारिवारिक विखण्डन तथा अपुरोपन, बालबालिकाहरूले आभिभावकबाट पाउनुपर्ने वात्सल्यबाट वञ्चित, उनीहरूको उचित र व्यवस्थित लालनपालन, शिक्षा, स्वास्थ्यमा कमी, रेखदेखमा कमी, परिवारका सदस्यहरूमा देखिने संवेदनशील मनोसामाजिक असरहरू आदि रहेका छन् । वैदेशिक रोजगारको क्रममा विदेशिएका अभिभावकका बालबालिकाहरूले भावनात्मक रुपमा आफू उपेक्षित र परित्यक्त भएकोले

---

[१] यो तथ्यांक श्रम स्वीकृति लिएर जाने कामदारको मात्र हो ।

[२] श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।

एक्लोपन र अपुरोपन महशुश गर्ने गरेका छन् । वैदेशिक रोजगारको लागि चुकाउनुपरेको सामाजिक मूल्यको रुपमा पारिवारिक विखण्डन, अवैध सम्बन्ध, बहुविवाह र त्यसले निम्त्याएको अनेक सामाजिक-साँस्कृतिक विकृतिजन्य समस्याहरू सिर्जित भईरहेका छन् । समाजमा घटेका केही घटनालाई आधार मानेर वैदेशिक रोजगारी र त्यसको असरबारे अवधारणा बनिरहेको धरैले बताए । त्यस्ता अवधारणाहरू प्रायजसो अभिभावक केन्द्रीत हुने गरेका छन् । त्यस्ता अवधारणाहरूले सम्बन्धित परिवारका बालबालिकाहरूमा असर पारिरहेको छ । यो अध्ययन भने वैदेशिक रोजगारीले बालबालिकामा परेको सामाजिक मुल्यको अवस्था खोजमूलक विश्लेषणमा केन्द्रित छ ।

आफ्ना सन्तानलाई राम्रो शिक्षा र परिवारलाई राम्रो जीवन दिने उद्देश्य राखी अभिभावकहरू विदेशिएको कुरा बिभिन्न अध्ययन अनुसन्धानले देखाएको छ । युएन वुमनको अध्ययनले महिलाहरू वैदेशिक रोजगारीमा जानुको कारणमा ५५% को परिवारको आर्थिक स्थिति सुधार्ने, २४% को बालबच्चाको भविष्य सुधार्ने र २४% को ऋण तिर्ने रहेको देखाईएको छ (UN Women 2018) ।[३] वैदेशिक रोजगारबाट आउने पैसाले पहिलेको तुलनामा धेरै परिवारले आफ्नो आवश्यकताहरूको परिपूर्ति सहज रुपमा गर्ने गरेको तथ्य पनि देखिएको छ । वैदेशिक रोजगारबाट विद्यालय, अस्पताल, बाटोघाटो, पसल आदि लगायतका भौतिक सुविधा विहिन गाउँबाट क्रमशः सुविधा सम्पन्न स्थानहरूमा स्थायी र अस्थायी बसाईसराईमा वृद्धि भएको अध्ययनको क्रममा पनि पाइएको छ । त्यसले बालबालिकाको अध्ययन र न्युनतम आवश्यकता पूर्तिमा सहयोग पुगेको छ । यद्यपि भौतिक सेवा सुविधाको उपभोगको यो पाटोभित्र अन्य धेरै महत्वपूर्ण मनोसामाजिक, संवेदनशील, मूल्य मान्यता, संस्कारका विविध महत्वपुर्ण पक्षहरू पनि छन् । जसको अध्ययनबिना वैदेशिक रोजगारीको सामाजिक मूल्यको अवस्था किटान गर्न सकिदैन ।

त्यस्ता समस्याहरूले विद्यालय पढ्ने उमेर समूहका बालबालिकाहरूमा चौतर्फी असर पार्ने गर्छ । यो विषयमा सञ्चार माध्यमहरूमा बेलाबखत हुने रिपोर्टिङले केही ध्यानाकर्षण गराएपनि ठोस र एकीकृत पहल हुन सकेको छैन । वैदेशिक रोजगारको सामाजिक मूल्यको सन्दर्भमा पारिवारिक विखण्डनदेखि सामाजिक-सांस्कृतिक समस्याहरूको चर्चा गरिदा वयस्कहरूलाई मात्रै केन्द्रमा राख्ने गरिएको छ । वयस्कहरूसँगसँगै बालबालिकाहरू पनि उत्तिकै अनुपातमा अथवा अझ बढी ती समस्या र त्यसको दुष्परिणामहरूसँग जुधीरहेका छन् । अझ भन्नुपर्दा, वैदेशिक रोजगारबाट भित्रिने अर्थको लागि बालबालिकाहरूले आफ्ना बालापन गुमाई रहेको तथ्य यस अध्ययनले बाहिर ल्याएको छ । यो स्पष्टरुपमा बाल अधिकार हनन् भएको अवस्था हो । त्यसले परिवार र राष्ट्रको लागि कति कति गहिरो असर पार्छ र कसरी पर्न सक्छ र कहिले सम्म भन्ने अनुमान पनि गरिएको छैन । सामान्यता वैदेशिक रोजगारको सामाजिक मूल्यलाई सतही रुपमा मात्र कमैले मात्रै सोचविचार गरेको पाइयो । आमाबाबा दुबै वा कुनै एकजना वैदेशिक रोजगारमा गएका र आएका, लापत्ता भएका, अर्को बिवाह गरेका, मृत्यु भएका बालबालिकाहरूले त्यस्ता समस्याहरूसँग जुध्नको लागि मनोसामाजिक, भावनात्मक, पारिवारिक, सांस्कृतिक रुपमा आफ्ना शक्ति, श्रम र विवेक खर्चिदै आएका छन् । आमाबाबाको अनुपस्थितिमा एक्लोपन, मानसिक तनाव, अति जिम्मेवारीपन वा गैरजिम्मेवारीपन,

[3] UN Women. 2018. Returning Home: Challenges and Opportunities for Women Migrant Workers in the Nepali Labour Market.

स्वनियन्त्रणको प्रयत्न वा स्वतन्त्रपन, असुरक्षा, अनिश्चितपनसहित आफ्नो बालापन डोऱ्याइरहेका छन् । तिनै पक्षहरूबारे अध्ययन र अवलोकन गर्नु अध्ययनको ध्येय हो ।

अध्ययनको उद्देश्य

यो अध्ययनको उद्देश्य वैदेशिक रोजगारीमा गएका, गएर फर्किएका अभिभावकहरूका स्कूले बालबालिकाहरूमा परेको मनोसामाजिक असरबारे बुझ्नु र त्यसमार्फत् वैदेशिक रोजगारीको सामाजिक मूल्यको अवस्थालाई बाहिर ल्याउनु हो । अध्ययनको मुख्य उद्देश्यः

क. वैदेशिक रोजगारमा गएका अभिभावकको बालबालिकामा परेको मानसिक असर, पारिवारिक अपुरोपन वा अभिभाकत्वको अभावका कारण उब्जिएका समस्याहरूबारे बुझ्नु ।

ख. वैदेशिक रोजगारमा गएका अभिभावकको अनुपस्थितिले छोरा र छोरीमा परेको समान वा छुट्टाछुट्टै प्रभावको अवस्थाबारे बुझ्नु ।

ग. वैदेशिक रोजगारमा गएका परिवारका बच्चाबच्चीहरूको पठनपाठनमा देखिएको समस्याबारे बुझ्नु ।

घ. वैदेशिक रोजगारमा गएका अभिभावकका बालबालिकालाई उपलब्ध गराइने सरकारी सेवा सुविधाहरूको कार्यान्वयनको अवस्थाबारे बुझ्नु ।

अध्ययन विधि

तलिका १ः

अनुसन्धान सहभागीहरूको सामाजिक/लैंगिक आँकडा

जातजाति समूह	**पुरुष**	**महिला**	**जम्मा**
ब्राह्मण/क्षेत्री	५६	७३	१२९
आदिवासी जनजाति	४१	६३	१०४
दलित	८	१३	२१
मधेसी	५	९	१४
मुस्लिम	३	२	५
कुल संख्या	**११३**	**१६०**	**२७३**

यो विवरणात्मक एवं विश्लेषणात्मक अध्ययन हो । यस अध्ययनमा प्राथमिक एवं द्वितीय स्रोतमार्फत् तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक तथ्याङ्कको संकलनको लागि जम्मा २७३ जनासँग विषय केन्द्रित अन्तर्वार्ता तथा समूह छलफल गरिएको थियो । जसमा विभिन्न जातजातिका १६० जना बालिका तथा महिला र ११३ जना बालक तथा पुरुषहरू रहेका थिए (विस्तृत विवरण : तालिका १ र २ मा उल्लेख भएको) ।

अध्ययनका लागि कम्तिमा ३ प्रदेश, ५ जिल्ला र ७ स्थानिय निकाय जानुपर्ने भनिएपनि अध्ययन बिषयको गाम्भीर्यतालाई हेरी कूल चारवटा प्रदेशमा अध्ययन सम्पन्न गरियो । प्रदेश नम्बर १,२,३ र ४ अन्तगर्तका विभिन्न आठवटा सरकारी विद्यालयमा अध्ययनरत बालबालिकाहरू, अध्यापनरत प्रधानाध्यापक, शिक्षक शिक्षिका, वैदेशिक रोजगारबाट फर्केका र विद्यालयमा अध्ययनरत बालबालिकाहरूको अभिभावकत्व सम्हालिरहेका अभिभावक, आमा समूहका सदस्य तथा स्वास्थ्य स्वयंसेविकाहरू, स्थानीय तहमा बालबालिका तथा वैदेशिक रोजगारसम्बन्धी कार्यरत व्यक्ति तथा संघसंस्थाका प्रतिनिधि, जन प्रतिनीधि, र सरकारी निकायका प्रतिनिधिहरूसँग विषयवस्तु केन्द्रित व्यक्तिगत

अन्तर्वार्ता गरिएको थियो । विद्यार्थी तथा अभिभावक, आमा समूह र स्वास्थ्यकर्मीहरूसँग समूह छलफलहरू पनि गरिएका थिए ।

विद्यार्थीहरूको समूहमा आमा वा बाबामध्ये कोही एकजना विदेशमै रहेको, आमाबाबा दुबै जना विदेशमा रहेका, विदेशमा कुनै समस्यामा परेका वा दुर्घटनामा परेका वा मृत्युभएका र परिवारबाट कोही पनि विदेश नगएका परिवारका बालबालिकाहरूसँग अन्तर्वार्ता गरिएको थियो । अनुसन्धान उत्तरदाताको रुपमा वैदेशिक रोजगारीको लागि खाडी मुलुक, मलेसिया, दक्षिण कोरिया, साइप्रसलगायतका देशहरूमा एकभन्दा बढी पटक आउजाउ गरेका वा उतै कार्यरत रहेका २ वर्षदेखि २० वर्षसम्मको अवधि वैदेशिक रोजगारमा विताइसकेको अभिभावकका बालबालिकाहरू थिए । उत्तरदाताहरूसँगको अन्तर्वार्ताको लागि अर्ध संरचित प्रश्नावलीको प्रयोग गरिएको थियो । त्यसको अलावा, अनुसन्धानकर्ताहरूले अन्तर्वार्ताको क्रममा अवलोकन र अनुभव गरेको महत्वपूर्ण कुराहरूलाई समेत तथ्यांक विश्लेषण एवं प्रतिवेदन लेखनमा उपयोग गरिएको छ ।

तलिका २:

अनुसन्धान सहभागीहरूको समूहगत आँकडा

समूह	**पुरुष**	**महिला**	**जम्मा**
विद्यार्थी समूह	६३	७४	१३७
अभिभावक समूह	२६	६६	९२
प्रअ/शिक्षक-शिक्षिका	११	६	१७
सरकारी प्रतिनिधि	१०	३	१३
संघसंस्थाका प्रतिनिधि	३	११	१४
कूल संख्या	**११३**	**१६०**	**२७३**

बालबालिकाहरूसँगको अन्तर्वार्ताको लागि तत्कालिन अभिभावकहरूको पूर्ण सहमति र बालबालिकाहरूको मञ्जुरी अनिवार्य रुपमा लिइएको थियो । अन्तर्वार्ता र अध्ययनको उद्देश्यले सञ्चालित कुनैपनि क्रियाकलापहरूको सिलसिलामा बालबालिकाहरूलाई मानसिक दबाब एवं भौतिक क्षति नहोस् भन्ने कुरामा अध्ययन समूहको विशेष ध्यान केन्द्रित गरिएको थियो ।

द्वितीय तथ्याङ्कको रुपमा वैदेशिक रोजगारसम्बन्धी नेपाल सरकारको नीतिगत व्यवस्था तथा प्रावधानहरूलाई यो अध्ययनमा विशेष प्राथमिकता दिइएको छ । त्यसका साथै वैदेशिक रोजगारको सामाजिक मूल्य समेटिएका तथ्याङ्क, जानकारी तथा विश्लेषणसम्बन्धी विभिन्न माध्यमहरूमा उपलब्ध नेपाली र अंग्रेजीमा प्रकाशित अध्ययन अनुसन्धान प्रतिवेदन, राष्ट्रिय/अन्तर्राष्ट्रिय सञ्चारका छापा तथा विद्युतीय माध्यमहरूमा उपलब्ध सम्बन्धित सामग्रीहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

अध्ययन क्षेत्र र सीमा

यो अध्ययन २०७६ वैशाख-असारमा सम्पन्न गरिएको हो । अध्ययनको क्षेत्र प्रदेश नम्बर १, २, ३ र ४ का विभिन्न ८ वटा स्थानीय निकाय अन्तर्गतका ८ सरकारी विद्यालय रहेका छन् । प्रदेश नम्बर १ अन्तर्गत सुनसरी र मोरङ जिल्ला,

प्रदेश नम्बर २ अन्तर्गत धनुषा जिल्ला, प्रदेश नम्बर ३ अन्तर्गत सिन्धुपाल्चोक, काठमाडौँ र मकवानपुर, र प्रदेश ४ को गोरखा जिल्लाको छनोट गरिएको थियो (विस्तृत विवरणः तालिका नं ३ मा उल्लेख भएको) । वैदेशिक रोजगारीमा जाने जनसंख्याको उच्च अनुपात, सास्कृतिक र भौगलिक आधारमा यी प्रदेश र जिल्लाहरूको चयन गरिएको हो । भुकम्पको असर र वैदेशिक रोजगारको प्रभावलाई बुझ्नको लागि गोरखा जिल्लालाई थप समेटिएको हो ।

वैदेशिक रोजगारको सामाजिक मूल्य आफैमा वृहत र जटिल विषय हो । ४ वटा प्रदेशको निश्चित ठाउँहरूमा अध्ययन गरिएको यस प्रतिवेदनले वैदेशिक रोजगारको सामाजिक मूल्यको एक संवेदनशील पक्ष मात्रै समेटेको छ । वैदेशिक रोजगारमा गएका आमा वा बाबा वा दुवैबाट प्राप्त गरेको आर्थिक पक्षवापत बालबालिकाहरूले चुकाउनुपरेको मूल्यको आंशिक पक्ष मात्रै यस अध्ययनमा प्रतिविम्वित छ । त्यसको दुईवटा कारण छन्- एक, वैदेशिक रोजगारीमा आमाबाबा गएका कारण बालबालिकाहरूमा पर्ने असरहरूबारेमा गम्भीर रुपमा सोचविचारै नगरिएको पाइयो । चाहे त्यो लामो समयदेखि विद्यालय सञ्चालन गर्दै आएका पठनपाठनमा संलग्न शिक्षक हुन् वा अभिभावकको अनुपस्थितिको भार खेप्दै आइरहेका बालबालिकाहरू हुन्, दुबैले यसबारेमा पर्याप्त सोचविचार र मन्थन नगरेको कारण कतिपय पक्षहरू स्पष्टसँग अभिव्यक्त हुन सकेनन् । अनुसन्धान समूहको कतिपय जिज्ञासाहरूमा "थाहा छैन", "खै !", "यस बारेमा त सोचेकै छैन वा थिएन" भन्ने जवाफ आएको थियो ।

तालिका ३: अध्ययन क्षेत्रको रुपमा रहेका विद्यालयहरू		
ठेगाना		**विद्यालय**
प्रदेश नम्बर १	धरान उपमहानगरपालिका, सुनसरी	श्री पञ्चकन्या माध्यमिक विद्यालय
	बेलबारी नगरपालिका, मोरङ	श्री भगवति उच्च माध्यमिक विद्यालय
प्रदेश नम्बर २	लक्ष्मीनियाँ गाउँपालिका, धनुषा	श्री लक्ष्मीनियाँ जनता माध्यमिक विद्यालय
प्रदेश नम्बर ३	मनहरी गाउँपालिका, मकवानपुर	श्री महेन्द्रज्योति उच्च माध्यमिक विद्यालय
	शंखरापुरा गाउँपालिका, काठमाडौँ	श्री नवीनग्राम शिक्षामन्दिर माध्यमिक विद्यालय
	इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक	सिंहामती माध्यमिक विद्यालय
	काठमाडौँ महानगरपालिका, काठमाडौँ	श्री बाल व्यवसायी माध्यमिक विद्यालय
प्रदेश नम्बर ४	अजीरकोट गाउँपालिका, गोरखा	श्री भच्चेक आधारभुत विद्यालय

दुई, निश्चित समयसीमा र कम स्रोतमा अध्ययन सम्पन्न गर्नुपर्ने हुँदा बालबालिकाहरूमा परेको मनोसामाजिक र व्यक्तिगत असरहरू सुक्ष्म तहमा पुगेर बुझ्न र खोतल्न सम्भव भएन । यी दुईवटा सीमाका बाबजुद पनि यो अध्ययनले वैदेशिक रोजगारका कारण बालबालिकाहरूमा परेको असरको केही महत्वपूर्ण तथ्यगत पक्षहरू समेटेको छ । ती तथ्यगत पक्षहरू आफैमा पूर्ण होइनन् । तर यसले अबका दिनमा यस्ता विषयवस्तुमा विस्तृत र

सुक्ष्म अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याएको छ । मुख्यरुपमा यस अध्ययनले वैदेशिक रोजगारीको सामाजिक मुल्य वा लागत न्यूनीकरण गर्न सरकारको नीति, कार्यक्रम, समन्वय र लगानीको आवश्यकता रहेको प्रष्ट देखाएको छ । यस अध्ययनका क्रममा बालबालिकाको मनोसामाजिक पक्षको प्रत्यक्ष देखिने सामान्य सरोकारहरू मात्रै बाहिर आएका छन् । जस्तैः युनिफर्म लगाएको, कपाल कोरेको, बसेको, हिडेको तरीका, शारीरिक हाउभाउ, बोलाईको शैली र स्वर, मुहारको हाउ भाउका आधारमा उनीहरूको मनोभाव बुझ्ने प्रयत्न गरियो । यस्ता मनोबैज्ञानिक पक्षमा अध्ययन गर्ने प्राविधिक ज्ञान सीपको समेत आवश्यकता पर्ने र अध्ययन समूहमा भएको सीमित स्रोत र समयमा त्यो सम्भव नभएको हुनाले यस अध्ययन बालबालिकाको मनोसामाजिक पक्षको गहिरो विश्लेषण गर्न असमर्थ रह्यो ।

नेपालमा वैदेशिक रोजगारको सामाजिक मूल्यको अवस्थाः संक्षिप्त चर्चा

वैदेशिक रोजगारले नेपालको सामाजिक संरचनामा क्रमिक रुपमा ल्याएको नकारात्मक प्रभाव, परिवर्तन र परिणामहरूको समष्टि स्वरुपलाई वैदेशिक रोजगारको सामाजिक मूल्यको रुपमा बुझ्ने गरिएको छ । विप्रेषणले उकासेको नेपालको अर्थतन्त्रको सकारात्मक पाटोको अलावा देश, समाज र घरपरिवारको सामाजिक-सांस्कृतिक अवस्थामा परिवर्तन भइरहेको छ । त्यस्ता नकारात्मक पक्षहरूको वृद्धिसँगसँगै वैदेशिक रोजगारको आर्थिक र सामाजिक लागतमा गुणात्मक वृद्धि हुन्छ । जसको असर दीर्घकालिन हुनेछ । जसलाई वैदेशिक रोजगारको सामाजिक मूल्यको रुपमा परिभाषित गर्ने गरिएको छ । सन् २०१५ मा अन्तर्राष्ट्रिय श्रम संगठनले गरेको एक अध्ययनले देखाए बमोजिम वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन समय समयमा सरकारले अपनाउने नीति र प्रावधानहरूले महिला कामदारहरूको समस्या झन् थपेको छ । त्यसले वैदेशिक रोजगारमा देखिने समस्या र विप्रेषणको प्रयोग र समग्रमा यी दुबैको सामाजिक मूल्यमा वृद्धि गराउँछ (ILO 2015) ।[४४]

२०६८ को जनगणनाको तथ्यांकलाई विश्लेषण गर्दा पहाडबाट तराईतिर, गाउँबाट शहरतिरे आन्तरिक बसाईसराईको व्यापकताको एउटा कारण वैदेशिक रोजगारबाट भित्रिएको विप्रेषण पनि हो । विप्रेषणले एकातर्फ परिवारको भौतिक सेवा, सुविधाहरूको उपभोगको लागि तत्काल खर्च गर्न सक्ने हैसियत बन्दै गएको छ भने अर्कोतर्फ नेपालीहरूको पौष्टिक आहार, स्वास्थ्य, शिक्षा लगायतका बिषयमा सकारात्मक परिवर्तन समेत ल्याएको छ । वैदेशिक रोजगार आफैमा निरन्तर आयआर्जनको माध्यम नभएको हुँदा कुनैपनि परिवारको आर्थिक दिगोपन सँधै एकनास रहँदैन । वैदेशिक रोजगारमा रहञ्जेल परिवारले लवाईखवाईजस्ता कुरामा बढी खर्च गर्ने वा गर्न सक्ने र त्यसपछि आर्थिक अभाव झेल्नुपर्ने अवस्था छ । गन्तव्य मुलुकहरूको नीति नियमहरूका कारण नेपालबाट वैदेशिक रोजगारमा जानेहरूले आफ्ना परिवारसँग गन्तव्य मुलुकमै बेलाबखत भेटघाट गर्ने सम्भावना छैन (Rahman, 2009: 11) । त्यसैले

[४४] ILO. 2015. *No Easy Exit – Migration bans affecting women from Nepal*. Geneva: Fundamental Principles and Rights at Work (FUNDAMENTALS); Labour Migration Branch (MIGRANT), International Labour Organization.

पनि त्यस्तो आर्थिक अभाव पन्छाउन परिवारका एकभन्दा बढी व्यक्तिहरू लामो समयसम्म विदेशमै रहने, छोटो समयको लागि स्वदेश फर्किएर पुन विदेशमै बिताउने गर्दै आएका छन् । त्यसो गर्दा परिवार र बालबच्चाहरूको आवश्यकता र इच्छाहरू पूरा गर्न केही सहज अवस्था सिर्जना हुन्छ । घरेलु कामदारहरूमाथि बेलाबेलामा लागेको प्रतिबन्धका कारण घर फर्कन नपाउने, घरपरिवारसँग भेट्न नपाउँदा अन्तर्राष्ट्रिय श्रम आप्रवासनमा कामदारले प्राप्त गर्ने ज्ञान, सीपको लाभबाट बन्चित भएका छन् । अर्कातिर आमा र बालबच्चावीचको दुरी बढ्दै जाँदा सम्बन्धहरू शिथिल र निष्कृय बन्दै गएका छन् । बाल अधिकार हनन् भएका छन् । परिवार कमजोर बन्दै र त्यसको मूल्य मान्यता परिवर्तन हुँदै गएको छ ।

लामो समय विदेशमा बस्दा पारिवारिक विखण्डन, वैवाहिक सम्बन्धविच्छेद, बहुविवाह वा विवाह बाहिरका सम्बन्ध, पारिवारिक एक्लोपन, एकल रुपमा अतिरिक्त जिम्मेवारी वहन गर्नुपर्ने अवस्था बलियो हुँदै गइरहेको छ । वैदेशिक रोजगारीको प्रभाव स्वरुप घरेलु हिंसा र सम्बन्ध विच्छेदका मुद्दाहरू बढ्दै जाने क्रम पनि तीब्र छ । स्थानीय तहमा रहेका न्यायिक समितिमा श्रीमान्-श्रीमति विवाद र हिंसाका उजुरी धेरै आउँने गरेका छन् । जस्तैः प्रदेश नम्बर ५ को बुटवल उपमहानगरपालिकामा २०७५/७६ को ११ महिनाभित्र ६४० जनाले सम्बन्ध विच्छेदका लागि जिल्ला अदालतमा मुद्दा दर्ता गरेका थिए भने अघिल्लो आर्थिक वर्षमा ५१० जोडीले सम्बन्ध विच्छेद गरेका थिए । त्यस्ता सम्बन्ध विच्छेदको कारण भने वैदेशिक रोजगारी र त्यसले दाम्पत्य जीवनमा ल्याएको विवाद भएको पनि बताइएको छ (कान्तिपुर २०७६) । मूलतः आमाबाबा बनेका दम्पतिबीच हुने सम्बन्ध विच्छेदले बालबच्चाहरू मातृत्व वा पितृत्वको संरक्षणबाट वञ्चित हुने अवस्था सिर्जना गरेको छ । यसले बाँकी जीवन थप बोझिलो हुने र बालबालिकाको शिक्षा, स्वास्थ, लगायत सम्पुर्ण कुरामा नकारात्मक असर पर्ने देखिन्छ । माया, स्याहारसुसारको अभाव र त्यसले ल्याउने क्षति बालबालिकाले कहिलेसम्म बेहोरिरहनुपर्ने हो ? लेखा जोखा नै छैन । डा चन्द्रा भद्राका अनुसार महिलाको आप्रवासनको सम्पुर्ण चक्रमा आप्रवासनको विशेष असर महिला र बालबालिकामा बढी रहन्छ । महिला आप्रवासनको असरको रुपमा लैंगिक बिभेद, हिंसा, श्रम अधिकार हनन्, आमाको अनुपस्थितिमा बालबालिकासँगको सम्बन्धमा आउने दुरी, घरायसी कामकाजको बोझ र आफु भन्दा साना भाईबहिनीको स्याहारसुसारको जिम्मा र विद्यालयको पढाइमा बाधा हुने जस्ता निश्चित मानवीय लागत पर्दछन् ।[५]

वैदेशिक रोजगारीका कारण परिवार र दाम्पत्य जीवनमा आउने विवादलाई सञ्चार माध्यमहरूले प्राथमिकताका साथ छाप्ने र प्रसारण गर्ने गरेका छन् । त्यस्ता प्रकाशित केही सामाग्रीहरूले श्रीमान् विदेशमा श्रम पसिना बगाइरहेको महिला वा श्रीमति अर्को पुरुषसँग दोस्रो विवाह गरेर जाने, श्रीमान्को कमाईको दुरुपयोग गर्ने भन्ने खालका कुराहरूलाई मुख्य विषय बनाउने गरेका छन् । २०७६ जेठ ६ गते प्रदेश नम्बर १ को पाँचथरको मिक्लाजुङ-३ आरुबोटेमा दुई परिवारका चार बालिकासहित नौ जनाको हत्या भएको थियो । यस्तो अकल्पनीय घटनालाई वैदेशिक रोजगारमा गएर पैसा कमाउन नसकेका कारण पतिपत्नीबीच उब्जिएको झगडा र पत्नीले सम्बन्ध विच्छेदको मुद्दा

[5] https://www.unescap.org/sites/default/files/AWP%20No.%2044.pdf.

दायर गर्नुसँग जोडेको समाचार बाहिर आयो । यो समाचारमा घटना हुनुको पछाडि पत्नीको पतिप्रतिको व्यवहारलाई ठहऱ्याइएको छ । स्थानीय पत्रकार लेख्छन्, "विदेशमा पैसा कमाउन नसकेको लगायतका कारण मानबहादुर र मनकुमारीवीच खटपट सुरु भयो । मनकुमारी माइतीमै बस्न थालिन् । घर लैजान जबर्जस्ती गर्दा झै-झगडा भयो । गाउँपालिका केन्द्र रविको इलाका प्रहरी कार्यालयको रोहवरमा २०७५ असारमा दुवै मिलेर बस्ने शर्त गरेपनि कार्यान्वयन भएन । मनकुमारीले जिल्ला अदालत पाँचथरमा सम्बन्धविच्छेदको मुद्दा दर्ता गरेपछि सम्बन्धमा झन् दरार आयो । त्यसकै परिणति मानिएको छ, ६ जेठ राती पाँचथरको मिक्लाजुङ-३ आरुबोटेमा नौ जनाको विभत्स हत्या । हत्यामा प्रहरी र सर्वसाधारणले शंकास्पद ठानेका मानबहादुरसमेत भोलिपल्ट दिउँसो नाइलनको डोरीमा झुन्डिएर आत्महत्या गरेको अवस्थामा भेटिए । उनमा मानसिक समस्या रहेकोले औषधी सेवन गरिरहेको पारिवारिक स्रोतको भनाई छ (साम्पाङ २०७६) ।

यस्ता दृष्टिकोण पस्कने सामाग्रीहरूको प्रकाशन, प्रसारण र प्रचारप्रसारले वैदेशिक रोजगारको सामाजिक मूल्यको अपुरो र महिलामाथिको पितृसत्तात्मक सोचलाई बढावा दिने गरेका छन् । महत्वपूर्ण कुरा पुरुष आप्रवासन होस् या महिला स्वयंको आप्रवासन दुबै अवस्थामा त्यसको बढीजसो सामाजिक मूल्य महिला र बालबालिकाहरूले चुकाइरहेका छन् । घरको पुरुष वैदेशिक रोजगारीमा गएपछि महिला घरमै रहँदा होस् वा महिला आफै वैदेशिक रोजगारीमा जाँदा महिलाहरूले बढीजसो सामाजिक आरोप, चरित्र हत्या र विभिन्न आरोपहरु झेल्नुपरेको छ (सहभागी, दिदीबहिनी र दलित महिला संघ) ।[६] सुरक्षित वैदेशिक रोजगार परियोजना (सामी)ले २७६६ मानिसहरूसँग गरेको समूह छलफलले बिदेश जाने महिलाप्रति र श्रीमान् बिदेश गएर घरमै बसेका महिलाप्रति विभेदपुर्ण ब्यवहार गर्ने गरेको उल्लेख गरेको छ ।[७].

आमाबुबाको सम्बन्ध विच्छेदसँगसँगै महिलामाथिको पितृसत्तात्मक सोच, सामाजिक लाञ्छना र चरित्र हत्याजस्ता कार्यहरूले बालबालिकामा गहिरो मनोवैज्ञानिक प्रभाव पार्ने गर्छ । बिदेशमा काम गर्ने ८९३३ घरपरिवारमध्ये महिला काम गर्न गएका श्रीमान्ले ३६ प्रतिशत दोस्रो बिवाह गरेका छन् भने पुरुष काम गर्न गएका परिवारको महिलाले २ प्रतिशत दोस्रो विवाह गरेका छन् ।[८] आमाबाबुको सम्बन्धविच्छेद र दोस्रो विवाहसम्बन्धमाथि समाज र परिवारको नकारात्मक टीकाटिप्पणीका कारण मनोसामाजिक पीडा झेल्ने बालबालिकाको संख्या बढ्दो छ । यसले गर्दा बालबालिकाहरू एक्लोपन, निराश भइ पारिवारिक सम्बन्धप्रति नकारात्मक सोचसहित हुर्कन बाध्य छन् । विश्व स्वास्थ्य संगठनका अनुसार अहिले विश्वमा ४ लाख ५० हजार मानिसहरू मानसिक अस्वस्थपनसहित बाँचरिहेका छन् । तैपनि त्यसप्रतिको कमजोर वा गतल बुझाई, विभेद र सामाजिक लाञ्छना लाग्ने डरका कारण

---

[६] सारभुत समानता सम्झौता हुन नसक्ने, http://asiapacific.unwomen.org/en/digital-library/publications/2015/12/substantive-equality-non-negotiable.

[७] http://www.sami.org.np/uploads/social-cost-1536571285.pdf.

[८] http://www.sami.org.np/uploads/social-cost-1536571285.pdf.

बहुसंख्यकले त्यसलाई बेवास्ता गर्ने गरेका छन् ।[९] वैदेशिक रोजगारमा गएका र उनीहरूका परिवारहरूमा यस्ता मनोसामाजिक र मानसिक प्रभावले अधिक प्रभाव पार्ने गर्छ ।

यस्ता मनोसामाजिक र मानसिक प्रभाव महिलाहरूमा बढी देखिने गरेको छ । २०६८ मा युएन वुमनले खाडीलगायत लेबनान गरी ७ मुलुकमा गरेको एक अध्ययनले सन् २०१० देखि २०११ को अवधिमा २८२० महिला कामदारको उद्दार गरिएको देखाएको थियो । जसमा ४१५ जना महिला मानसिक सन्तुलन गुमाएका, १११ जना जेल परेका, ८६ जनाले गर्भ लिएर फर्केका, ८२ जनाले आत्महत्या गरेको, ३२ जनाले बच्चा लिएर फर्केको, ३१ जना रोजगारमा गएको मुलुकमै बेपत्ता भएको तथ्याङ्क निकालेको थियो (युएन वुमन २०६८) ।

वैदेशिक रोजगारबाट फर्केर वैदेशिक रोजगार प्रभावितहरूका लागि काम गरिरहेकी मुना गौतमले विगत १२ वर्षमा ३२ सय जति महिलाको उद्दार गरेको दावी गर्छिन् । जसमा ५% मात्र अभिलेखबद्ध कामदारहरू थिए । विदेशमा गर्भवती हुँदा कतिपयले बच्चा तुहाउने औषधी खाने गरेको र गर्भ तुहिन नसक्ने अवस्थाको भएमा विकलांग वा कमजोर स्वास्थ्यवस्थाको बच्चा जन्मिने गरेको उनको ठहर छ । त्यसरी फर्केर आएका महिलाहरू सहज रुपमा घर जान सक्दैनन् । आफ्नै देशमा कामको खोजीमा लाग्छन् । तर काम पाउन गाह्रो छ । त्यस्ता जनशक्तिलाई राज्यले उचित रुपमा परिचालन गर्न सकेमा वैदेशिक रोजगारीको नकारात्मक असर कम गर्न प्रभावकारी हुन सक्छ ।

त्यस्तै, नेपालको ९ जिल्लाहरूमा ७२० जना उत्तरदातावीच गरिएको एक अध्ययनले ५७% वैदेशिक रोजगारमा गएका परिवारहरूमा चिन्ता, २६% मा डिप्रेसन, ७% मा आत्महत्या र ३% मा अन्य गम्भीर मानसिक अस्वस्थपनको समस्या रहेको देखायो । सोही अध्ययनले वैदेशिक रोजगारमा गएका आमाबुबाका बच्चाहरूमा १.८% चिन्ताग्रस्त, १.१% निराशा/डिप्रेसन, ०.४% आत्महत्याको प्रयासको लक्षणहरू रहेको उल्लेख गरेको छ ।[१०] यस्ता समस्याले घरेलु हिंसा, स्वास्थ्यमा समस्या, मृत्युवरणको अवस्था र अनेक सामाजिक आरोप तथा लाञ्छनाहरू लाग्ने वा लगाइने वातावरण सिर्जना हुन सघाउ पुर्‍याएको छ ।

विदेशमा काम गर्दैगर्दा दुर्घटनामा परेर, त्यहाँको हावापानी/मौसम, कामको दवाव, बसोबासको उचित बन्दोबस्त नभएर, परिवारबाट टाढा हुँदाको तनाव, धेरै परिश्रम तर थोरै पैसामा गुजारा गर्नुपर्ने आदिको कारण ज्यान गुमाउनुपरेको तथ्य पनि उत्तिकै भयावह छ । स्वास्थ्य परिक्षण पश्चात नै रोजगारीको लागि विदेशिने भएकोले अचानक मृत्युको ठोस कारण पत्ता नलाग्ने गरेको पनि छ । यद्यपि मुटुमा आउने समस्याका कारण धेरै नेपाली कामदारहरूको मृत्यु हुने गरेको अनुमान गरिएको छ (www.bbc.com 2018) । उत्पादनशील उमेरमा विदेशमा मृत्युवरण गर्ने व्यक्तिको कमाईमा निर्भर परिवारमाथि आइपर्ने समस्याको आँकलन गर्न समेत मुश्किल छ । वैदेशिक रोजगार बोर्डका अनुसार २०७५/२०७६ मा मात्रै ८६१ को मृत्यु भएको छ । यसैले वैदेशिक रोजगारमा मृत्यु भएका परिवारका बालबालिकाको अवस्थाबारे छुट्टै अध्ययन आवश्यक छ ।

---

[९] https://www.who.int/whr/2001/media_centre/press_release/en/

[१०] http://www.cmcnepal.org.np/wp-content/uploads/2018/02/clean-mode_Final.pdf.

बालबालिकाहरूको उचित र व्यवस्थित हेरचाहमा कमी, स्याहारसुसारको अभाव, आमाबाबाको माया र साथको कमी, आमाबाबाहरूमा अभिभाकत्वको जिम्मेवारी पूरा गर्न नसक्नुको ग्लानीभाव, दाम्पत्य जीवन साथ बिताउन नपाउनु र व्यक्तिगत सम्बन्धहरूमा आउने दुरीको पीडा आदि अदृश्य पक्षहरू पनि वैदेशिक रोजगारका सामाजिक मूल्यभित्र पर्छन् । वैदेशिक रोजगारमा गएका अभिभावकका कलिला उमेरका बालबालिकाहरू आमाबाबाका माया, हेरचाह, साथसहयोग, आत्मीयपन, दिशानिर्देश आदि कुराहरू पाउनबाट वञ्चित छन् । त्यसले उनीहरूको मानसिक, शारीरिक/भौतिक, बौद्धिकलगायतका समग्र विकास प्रक्रियामा असर पुऱ्याइरहेको छ । आमाबाबासँग टाढिएर हुर्किदा बालबालिकाहरूमा उद्दण्डपन, आक्रोशपन, निराशापन, आत्मविश्वासको कमी, शैक्षिक क्रियाकलापहरूमा कमजोर प्रदर्शन, खर्चिलो जीवनशैली, मानसिक चिन्ता र दुर्व्यसन र कूलतमा फस्नेसम्मको उच्च जोखिमको सम्भावना रहेको हुन्छ ।[११] वैदेशिक रोजगारीमा जानेहरूले आफ्ना बालबच्चाहरूलाई परिवारका अन्य सदस्य वा आफन्तहरूसँग छाड्ने गरेका छन् । केही बालबालिकाहरू व्यवसायिक रुपमा खोलिएका बाल आवास गृह (होस्टेल) वा बाल गृह वा आवासीय विद्यालयहरूमा राख्ने गरिएको छ । आमाबाबाको साथमा हुर्किदै गरेकाहरूको भन्दा आमाबाबाहरूको माया, आत्मीयता, साथसहयोगको अभावमा हुर्किदै गरेका बालबालिकाहरूको मनोसामाजिक अवस्था केही चिन्ताजनक रहेको छ ।

आमाबाबाहरूदेखि टाढा बाल आवास गृहहरूमा राखिएका बालबालिकाहरूको उचित हेरचाह नभइरहेको, बाल अधिकार हनन् भइरहेको तथ्य पनि बाहिर आइरहेका छन् । बाल आवास गृहमा राख्नको लागि वैदेशिक रोजगारीमा गएका आमाबाबाहरूले निश्चित रकम खर्चिएपनि उनीहरूको बालबच्चाहरूले उचित वातावरण र सुविधाहरू पाइरहेका छैनन् । २०१७ जुलाईसम्ममा ४४ जिल्लामा ५ सय ६७ बाल आवास गृहहरूमा १६ हजार ५ सय ३६ बालबालिकाहरू रहेको एक तथ्याङ्क छ । त्यस्ता कतिपय बाल आवास गृहहरू नियमसम्मत र व्यवस्थित रुपमा स्थापित र सञ्चालित छैनन् (The Himalayan Times 2018) ।[१२] त्यस्ता बाल गृहहरूमा बस्नेहरूमध्ये वैदेशिक रोजगारसँग सम्बन्धित छुट्टै बालबालिकाहरूको तथ्याङ्क भने कही पनि उपलब्ध छैन ।

वैदेशिक रोजगारको सामाजिक मूल्यसँग जोडिएको अर्को अत्यन्त संबेदनसिल पक्ष बालबालिकाहरूमाथि हुने यौन हिंसा/शोषण र बलात्कारको उच्च जोखिम हो । आमाबाबाको अनुपस्थितिले किशोरकिशोरीहरूमाथि हुन सक्ने यौन हिंसा, शोषण र बलात्कारको सम्भावना झन् बढेर जान्छ । अझ परिवारभित्रैबाट हुने यौन शोषण र बलात्कारबाट सुरक्षित हुन र न्यायको लागि आवाज उठाउनसमेत कठिन छ । विशेषगरी किशोरीहरूको हकमा असुरक्षाको अति जोखिम पन्छाउने र न्यायको लागि खुलेर आउने अवस्था रहँदैन । आमाको अनुपस्थितिमा आफ्नै बाबु र हजुरबुबाबाट छोरीहरू बलात्कृत भएका पनि छन् । आर्थिक वर्ष २०७४/७५ मा मात्रै बाबुको यौन शोषण र बलात्कारको शिकार हुनेको संख्या २५ रहेको अनलाइन समाचार छ । २०७१-२०७५ को अवधिमा १६९ जना बाबु र

[११] https://owlcation.com/social-sciences/Psychological-Effects-On-Men-Growing-Up-Without-A-Father.

[१२] Also available on https://thehimalayantimes.com/kathmandu/122-rescued-from-illegal-child-care-home/

३५ जना हजुरबुबाले आफ्ना छोरी र नातिनीलाई बलात्कारको शिकार बनाए ।[१३] बाबु वा हजुरबुबाबाट बलात्कृत हुनेहरूमध्ये कतिपयका आमाहरू आफ्ना छोरीलाई बाबु वा हजुरबुबासँग छाडेर वैदेशिक रोजगारीमा गएको पनि भेटिए । त्यसरी आफ्नै बाबु वा हजुरबुबाबाट बलात्कारको शिकार भएकाहरू सँधै असुरक्षित महसुस गरिरहने, जीवनदेखि वैराग्य भइ आत्महत्याको प्रयाससम्म गर्ने र जीवनमा सिकेको कुराहरू पनि बिर्सिदै जाने मनोचिकित्सकहरूको अनुभव छ ।[१४] वैदेशिक रोजगारीकै कारण मात्रै यस्ता घटना हुन्छन् भन्ने होइन । अपराधिक मनोवृत्ति बोकेका व्यक्तिहरूको लागि मौका छोप्न केही सहज वातावरण बन्न सघाउँ पुऱ्याउने एउटा सहायक पक्षको रुपमा वैदेशिक रोजगारमा परिवारको महिला मूली अर्थात् आमा जानुलाई पनि लिन सकिन्छ भन्ने हो । यद्यपि आमा वैदेशिक रोजगारीमा जानु गलत हो भन्ने होइन तर बाबाले बहु बिवाह गर्नु गलत भन्नेहरू भन्दा आमाको अर्कोसँगको सम्बन्धलाई अनुचित र अमर्यादित भन्नेहरूको संख्या धेरै छ ।

यस्ता छिटफुट तथ्याङ्कबाहेक वैदेशिक रोजगारीबाट प्रभावित बालबालिकाहरूको तथ्याङ्क संकलन गरिएको छैन । त्यसैले वैदेशिक रोजगारको सामाजिक मूल्यको आँकडा ठोस अध्ययन अनुसन्धानबिना सहजै अनुमान गर्न सकिने अवस्थाको छैन । यद्यपि समाज र घरपरिवारहरूले ठूलो परिमाणमा वैदेशिक रोजगारको सामाजिक मूल्य चुकाइरहेका छन् भन्ने कुरामा दुईमत छैन । वैदेशिक रोजगार र त्यसको सामाजिक मूल्यप्रति विशेष ध्यान नदिने हो भने त्यसको लागत बढ्दै जाने निश्चित छ ।

वैदेशिक रोजगार र बालबालिका केन्द्रीत नीतिगत प्रावधान

संवैधानिक प्रावधानः नेपालको संविधान, २०७२ ले मौलिक हकको रुपमा धारा ३३ अन्तर्गत रोजगारीको हकको व्यवस्था गरेको छ । ३३(२) अन्तर्गत "प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ" (कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय २०७४: १४) भन्ने प्रावधानले स्वदेश वा विदेश जहाँसुकै कुनैपनि रोजगारको चयन गर्ने अधिकार प्रदान गरेको छ । मौलिक हककै धारा ३९(१)-(१०) ले बालबालिकाको हक सुनिश्चित गरेको छ । जसअन्तर्गत "प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक; प्रारम्भिक बाल विकास तथा सहभागिताको हक; कल कारखाना, खानी वा यस्तै जोखिमपूर्ण काममा लगाउन नपाइने; बालविवाह, गैरकानूनी ओसारपसार, अपहरण गर्न वा बन्धक राख्न नपाइने; कुनैपनि माध्यम वा प्रकारले दूर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने; घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने; बाल अनुकूलको हक हुने; असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेकाहरूलाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ" (कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय २०७५: १५-१६) उल्लेख छ ।

[13] https://www.onlinekhabar.com/2018/11/722251.
[14] https://www.onlinekhabar.com/2018/11/722251.

आवधिक योजना: चालू आवधिक चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६) को कार्यनीतिमा "बालबालिका र किशोरकिशोरीको लालनपालन, शिक्षा र नैतिक विकासको निम्ति उपयुक्त वातावरण निर्माण गर्न परिवारलाई उत्प्रेरित गरिनेछ" (राष्ट्रिय योजना आयोग २०७३: १५३) भनिएको छ । त्यस्तै प्रमुख कार्यक्रमहरूमा "बालगृहमा रहेका टुहुरा, बेसहारा तथा जोखिममा रहेकाहरूलाई बालगृहमा बसेको अवधिभर सम्पूर्ण स्वास्थ्य सेवा स्वास्थ्य मन्त्रालयमार्फत् निशुल्क उपलब्ध गराउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने; सरोकारवाला निकायमा बाल संवैदनशिलता अभिवृद्धि गर्न क्षमता विकास तथा अभिमूखीकरणसम्बन्धी कार्यक्रम सञ्चालन" (राष्ट्रिय योजना आयोग २०७३: १५३-१५४) गर्ने र कार्यनीति अन्तर्गत "मानव वेचविखन र ओसारपसार नियन्त्रण, पीडित तथा प्रभावितहरूको उद्दार, स्वदेश फिर्ती, संरक्षण तथा पुनस्थापना, अपराधीलाई दण्ड सजाय, पीडितलाई क्षतिपूर्ति, सम्बन्धित कानुनहरूको समसामयिक परिमार्जन, प्रभावितहरूको न्यायमा पहुँच" (राष्ट्रिय योजना आयोग २०७३: १५५-१५७) गर्ने लगायतका कुराहरू रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४: यो ऐनले लैङ्गिक हिंसा प्रभावितहरूलाई स्थानीय स्तरमा न्यायमा पहुँच पुऱ्याउने उद्देश्यले स्थानीय तहको न्यायिक समितिलाई कसैले नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आमदअनुसार खान-लाउन वा शिक्षादिक्षा नदिएको, ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको, कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएकोमा मुद्दा हेर्ने र पतिपत्नीबीचको सम्बन्ध विच्छेदमा मेलमिलाप गराउन पाउने, एक वर्षभन्दा कम कैद सजाय हुने कुटपिट भएको मुद्दाहरू, गाली-बेइज्जती तथा एक वर्षसम्म कैद सजाय हुने अन्य मुद्दाहरू हेर्न पाउने अधिकार तोकेको छ । सो ऐनअनुसार बाल विवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बाल श्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मेवारी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत रहेको छ ।[१५] त्यस्तै, बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ ले सन् २०३० सम्म बाल विवाह उन्मूलन गर्ने लक्ष्य लिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५: बालबालिकाका समग्र हक अधिकारका सन्दर्भमा बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यन्वयनमा छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले १८ वर्ष मुनिका सबै व्यक्तिलाई बालबालिका भनी परिभाषा गरेको छ । यो ऐन अनुसार बालबालिकाको बाँच्न पाउने अधिकार, नाम र पहिचानको अधिकार, भेदभाव विरुद्धको अधिकार, बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार, गोपनीयताको अधिकार, अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार, पोषण तथा स्वास्थ्यको अधिकार, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार र शिक्षाको अधिकार जस्ता धेरै अधिकारहरूलाई

[१५] स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १२ (२) ग को ३२ ।

बाल अधिकारको रुपमा सुनिश्चित गरेको छ । साथै बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरुद्धको कसूर भनी स्थापित गरेको छ ।

वैदेशिक रोजगार नीतिः 'वैदेशिक रोजगार नीति, २०६८' ले वैदेशिक रोजगारीको समग्र प्रक्रिया र चरणलाई सरल, पारदर्शी, भरपर्दो, व्यवस्थित र सुरक्षित बनाउने, विप्रेषणलाई मानव विकास तथा उत्पादनमूलक क्षेत्रमा अधिकाधिक परिचालन गर्ने लगायतका सातवटा प्रमुख नीतिस्तम्भ किटान गरेको छ । सोही नीतिका उद्देश्य हासिल गर्न विभिन्न रणनीतिहरूसहित नेपाल सरकारले 'सुरक्षित वैदेशिक रोजगारका लागि राष्ट्रिय कार्यनीति योजना, २०७२' ल्यायो । जसअन्तर्गत "श्रम आप्रवासनका कारणबाट हुन सक्ने सामाजिक र पारिवारिक विखण्डनका जोखिमलाई न्यूनीकरणका लागि अनुसन्धान एवं अध्ययन गरी सोसम्बन्धी समस्यालाई सम्बोधन गर्ने उपयुक्त कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने; विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा वैदेशिक रोजगारसम्बन्धी विषय समावेश गराइने; अध्ययन/अनुसन्धानको कार्यमा प्राज्ञिक र व्यवसायिक संस्थाहरूको संलग्नतालाई प्रोत्साहन गरिने; निजामती सेवा तालिम-पाठ्यक्रममा वैदेशिक रोजगार विषयलाई समावेश गरिने; वैदेशिक रोजगार कल्याणकारी कोषलाई कामदारको अधिकार संरक्षण र कल्याणका लागि अधिकतम रुपमा परिचालन गरिने; वैदेशिक रोजगारको क्रममा बाबाआमा मृत्यु भै पीडित कामदारहरूको बालबालिकाहरूको शैक्षिक उन्नयनसम्बन्धी कार्यक्रमको मापदण्ड तर्जुमा गरी लागू गर्ने; वैदेशिक रोजगार पीडितका लागि निःशुल्क कानूनी परामर्श, कानुनी सहायता सेवाको सुदृढीकरण र वैदेशिक रोजगारसम्बन्धी उजुरीको प्रक्रिया विकेन्द्रीत गर्ने" (श्रम तथा रोजगार मन्त्रालय) लगायतका रणनीतिक कार्ययोजना रहेका छन् ।

वैदेशिक रोजगारका क्रममा अंगभंग वा मृत्यु भएका अभिभावकका बालबालिकाहरूका लागि २०७१ सालमा छात्रवृत्ति कार्यविधि कार्यान्वयनमा छ । छात्रवृत्ति समिति संयोजकमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कार्यकारी निर्देशक रहने व्यवस्था छ । उपसचिव तथा छात्रवृत्ति कार्यक्रमका सदस्य सचिव दीनबन्धु सुवेदीका अनुसार उक्त छात्रवृत्ति रकम वार्षिक करिब तीन करोड विनियोजित हुने गरेको छ । २०७२-२०७५ सम्ममा देशभरको ३४ जिल्लामा छात्रवृत्ति प्रदान गरिएको छ । उक्त छात्रवृत्ति रकम कक्षा ८ का विद्यार्थीलाई ८ हजार र ९ देखि १२ कक्षासम्मका विद्यार्थीलाई १२ हजार प्रदान गरिन्छ । त्यसबारेको सूचना एवं जानकारी १ महिना अघि अर्थात् मंसीर महिनामा विद्यालयहरूमा गराईन्छ तर उक्त छात्रवृत्ति वैदेशिक रोजगार विभागमा दर्ता भइ श्रम स्विकृति लिएर गएका र सरकारको तर्फबाट पाउनुपर्ने क्षतिपूर्ति लिइसकेका कामदारका बालबालिकाहरूले मात्र पाउँने कानूनी व्यवस्था रहेको छ । उक्त छात्रवृत्तिको आवेदन जिल्ला शिक्षा कार्यलय र शिक्षा बोर्डमार्फत् पेश गरिनुपर्देछ । सबै प्रक्रिया र योग्यता पुगेको खण्डमा सम्बन्धित विद्यार्थीको नाममा निःशुल्क खाता खोलिन्छ । हालसम्म ३४ जिल्लाका बालबालिकाले उक्त छात्रवृत्ति लिएका छन् । यद्यपि अध्ययन क्षेत्रका ४ वटै प्रदेशका ८ वटा विद्यालयमध्ये जनकपुरबाहेक अन्य सबै विद्यालयहरूले यो जानकारी नपाएको बताएका थिए । छात्रवृत्तिका सन्दर्भमा संघीय र स्थानीय सरकारवीचको सूचना प्रवाह तथा आदानप्रदान प्रणालीमा कमजोरी देखिन्छ ।

वैदेशिक रोजगारीले बालबालिकामा परेको प्रभाव

चार प्रदेशका सात वटा स्थानीय तहमा गरिएको अध्ययनले वैदेशिक रोजगारको सामाजिक मूल्यबारे माथि चर्चा गरिएका प्रायजसो पक्षहरूले बालबालिकालाई प्रत्यक्ष प्रभाव पारेको कुराको पुष्टि गर्छ । उनीहरूमा वैदेशिक रोजगारको केहि सकारात्मक र बढी नकारात्मक दुबै खालका प्रभावहरू परेको छ ।

सकारात्मक प्रभावः

वैदेशिक रोजगारमा बाबा वा आमामध्ये कोही एकजना गएपछि परिवारको आर्थिक अवस्थामा केही न केही सुधार आएको कुरा उनीहरूका लागि सुखद पक्ष हो । त्यसले उनीहरूको भौतिक आवश्यकता र इच्छाको पूर्ति गरेको छ । बुबा वा आमाको कमाईले गाउँबाट शहर बसाई सरेर केही सहज रुपमा स्कूल पढ्न पाएको; विद्युतीय सरसामानहरू जस्तैः मोबाइल, टेलिभिजन, फ्रिजलगायतका, सामानहरू चलाउन पाएको; खान, लाउनजस्ता आधारभूत आवश्यकतामा सहज रुपमा पूरा भएकोमा उनीहरू हर्षित थिए । त्यसको अलावा केही व्यक्तिगत इच्छा चाहनाहरू, जस्तैः परिवार वा साथीहरूसँग केहीँ नयाँ र मनोरञ्जनात्मक ठाउँहरूमा घुम्न जानु, मन परेका लुगाफाटा वा साइकल, मोटरसाइकल, घडी आदिजस्ता सामानहरू प्रयोग गर्न पाउनु उनीहरूको जीवनको खुशीको पल हुन् । उनीहरूको यसप्रकारको आवश्यकता र इच्छाहरूको पूर्ति हुनुले उनीहरूलाई समाज र साथीहरूमाझ आफू र आफ्नो परिवार कोहीभन्दा कम नरहेको महशुश गराएको छ । विशेषगरी त्यस्तो आवश्यकताहरूको पूर्ति गर्ने माध्यम वैदेशिक रोजगारबाट आउने पैसा नै रहेको तथ्यसँग उनीहरू जानकार भएकोले त्यसलाई सकारात्मक रुपमा लिएका हुन् ।

> ***"हाम्रो विद्यालयमा ४५० विद्यार्थीहरूमध्ये ८३ जना प्रत्यक्ष वैदेशिक रोजगारसँग जोडिएका छन् । कसैको आमा, कसैको बाबा, वा दुवैजना, वा गएर आएका परिवारका बच्चाहरू छन् । तीमध्ये ३९ केटी र ४४ जना केटा छन् । विद्यार्थीहरूलाई तिमीहरू कोसँग बस्छौँ भनेर सोध्दा जवाफ दिन हिच्किचाए । किनकि यो विद्यालयका धेरै विद्यार्थीहरू अरुका घरमा बसेर काम गर्दै पढ्ने गर्छन् । त्यो कुरा उनीहरू भन्न रुचाउँदैनन् । तर बाबाआमा वा घरको सदस्य कोही विदेश गएको छ भने गर्वका साथ त्यो कुरा भन्न चाहेको पायौँ । वैदेशिक रोजगारमा गएका अभिभावकहरूले भने समयसमयमा पैसा पठाउँछन् । विदेशबाट पठाएको पैसाले पढ्न पाएका बालबालिकाहरू अरु बालबालिकामाझ आफू केही सवल भएझैँ महशुश गर्दा रहेछन् ।"***
>
> - श्यामप्रसाद भण्डारी, प्रधानाध्यापक, श्री बाल व्यावसायी मावि, सिफल, काठमाडौँ ।

बालबालिकाको सामाजिक सम्बन्ध र प्रतिष्ठामा पनि यसले सकारात्मक भूमिका खेलेको छ । निम्न वा अति निम्न आर्थिक अवस्थामा रहेका परिवारले वैदेशिक रोजगारको कमाईले परिवारको जीवनचर्यामा केही सुधार ल्याएपछि त्यसले बच्चाहरूलाई केही मात्रामा आत्मविश्वासी बन्न सघाएको छ । श्रमिकहरूको बालबच्चा वा स्वयं बाल श्रमिकहरूको बाहूल्यता रहेको काठमाडौँको सिफल, मोरङको बेलबारी र सुनसरीको धरानस्थित विद्यालयमा पढ्दै गरेका विद्यार्थीहरूमा वैदेशिक रोजगारीमा गएका र नगएका परिवारका विद्यार्थीवीचमा यस्तो फरकपन भेटियो । यहाँ

बालबालिकाहरूको आधारभूत आवश्यकताको सहज परिपूर्ति हुन सक्ने र नसक्ने पारिवारिक हैसियतको पाटो महत्वपूर्ण छ । दैनिक ज्यालादारी/मजदुरीमा जीवन चलाइरहेका परिवार र तिनको बालबच्चाहरूको बुझाईमा वैदेशिक रोजगारमा जानसक्ने हुनु पनि सामाजिक हैसियत र प्रतिष्ठाको विषय हो । समयमै विद्यालयको शुल्क (परिक्षा, पोशाक, कापीकलम शुल्क), तिर्न सक्नु, नयाँ, सफासुग्घर पोशाकमा विद्यालय जानु भनेको उनीहरू आफू मर्यादित भएको वा मानिएको बोध गर्नु हो । तर त्यसको साथै विद्यार्थीहरूमा वैदेशिक रोजगारी नै एकमात्र विकल्प हो भन्ने सोच र अभ्यासको विकास हुन जानेतर्फ भने सचेत हुनैपर्छ । किनकी विद्यार्थीहरूले सकारात्मक पक्षको रुपमा लिएको यी कुराहरू विप्रेषणको दीगोपनको अहं प्रश्नसंग गाँसिएको हुन्छ ।

बालबालिकाहरूले बोध गरेको अर्को सकारात्मक पक्ष, बाबु विदेशमा भएको अवस्थामा बाबु र बच्चाहरूबीचको लामो दुरीको सम्बन्धले उनीहरूलाई केही खुला वा स्वतन्त्रपनसहित बाँच्ने मौका दिएको महशुश गर्ने गरेको पाइयो । बालिकाहरूले भने परिपक्व र निर्णायक भूमिकामा उभिएको र परिवारलाई ठोस सहयोग गरिरहेकोमा गौरब बोध गरेको भेटियो । बढ्दो उमेरसँगै उनीहरूको मानसिक र सामाजिक सोच र भूमिकामा त्यसले प्रभाव पार्ने हुँदा किशोरकिशोरी उमेर समूहको लागि उपलब्ध व्यक्तिगत स्वतन्त्रपन र परिपक्पनको भूमिका निर्वाह गर्ने अवसर पाउनुलाई सकारात्मक लिनु स्वभाविक हो । यद्यपि बालबालिकाहरूमा परेको वैदेशिक रोजगारीको ती तत्कालीन सकारात्मक प्रभावको पक्ष मात्रै हुन् ।

इन्टरनेटमा पहुँच राखेका कारण विदेशमा रहेका अभिभावकहरू र बालबालिकावीच प्रायजसो लगातार कुराकानी हुने गरेको देखियो । सम्बन्ध राम्रा भएका परिवारमा त्यसरी कुरा भइरहँदा भौगलिक दुरी कम भएको बालबालिकाले महशुस गर्ने गरेका पनि छन् । विदेशिएका अभिभावक र बच्चाहरूवीचमा समय समयमा सम्पर्क र कुराकानी भइरहन्छ । युएन वुमनको एक अध्ययनले ९९.७ प्रतिशत महिलाले आफ्ना घर र परिवारका सदस्यहरूसँगको सम्पर्कमा लगातार रहेको देखाएको थियो । यो अध्ययनमा पनि नियमित रुपमा सम्पर्क र कुराकानी गर्नेहरूमा बढीजसो आमा-छोरी रहेको पाइयो । अर्थात् यस्ता कुराकानी र सम्पर्कको माध्यमबाट आपसी सम्बन्धलाई कायम राख्नमा बालिका वा महिलाहरू बढी गम्भीर रहेको पाइयो । तुलनात्मक रुपमा छोराभन्दा छोरीले विदेशिएको आमा र घरपरिवारबीचमा सम्पर्क सेतुको काम गर्ने गरेको पाइयो । यद्यपि वैदेशिक रोजगारीमा जानु धेरै हिसाबले राम्रो नरहेको कुरामा प्रायः धेरैजसो विद्यार्थीहरूको राय रहेको थियो । तैपनि त्यसलाई परिवर्तित र आधुनिक समयानुकूल बाँच्न आमाबाबाहरूले आफ्ना परिवार र सन्तानको लागि गरेको योगदान वा सहेको दुःखको रुपमा त्यसलाई अर्थ्याएका थिए ।

नकारात्मक प्रभाव

वैदेशिक रोजगारले बालबालिकाहरूमा पारेको नकारात्मक प्रभावहरू अनेक रहेको अध्ययनले देखायो । जसलाई बुँदागत रुपमा चर्चा गर्दा मनोसामाजिक प्रभाव, पठनपाठनमा प्रभाव, कुलत/दूर्व्यसनको जोखिम, पारिवारिक मूल्य मान्यतामा परिवर्तन, अतिरिक्त कार्यभार र मानसिक बोझ, बाल हिंसा र लैंगिक बाल श्रम शोषण, बाल विवाह, भागी विवाह र दाइजो र यौनजन्य हिंसाको उच्च जोखिम आदि रहेका छन् । जसलाई क्रमशः तल चर्चा गरिएको छ ।

क. मनोसामाजिक प्रभावः बालबालिकाहरूमा आमाबाबाको मायाको अतृप्तपन अधिक छ । बालबालिकाहरूले आमाबाबासँग टाढाको सम्बन्ध राखेर हुर्किदा बढीजसो एक्लो र उपेक्षित महशुश गर्ने गरेका छन् । आमाबाबा दुबैको साथमा बस्ने इच्छा उत्तरदातामध्ये ९९% बालबालिकाहरू प्रकट गरे । धेरैको भनाई थियो "आमाबाबाको माया अरु कसैले दिन सक्दैन", "आमाले जत्ति अरु कसैले हाम्रो दुःख बुझ्दैन", "आमाको काख नै नपाउदा नराम्रो लाग्छ" "बुवाले बिग्रन दिँदैन" "बुवा भएपछि अरुले हेप्दैन" । वैदेशिक रोजगारमा गएका अभिभावकका बालबालिकाहरूका लागि आमाबाबासँगै बस्ने इच्छा अपूरो छ । थोरै समयको लागि सँगै बस्न पाएकैमा उनीहरूले चित्त बुझाउनुपरेको छ । जिज्ञासु उमेरमा उत्पन्न हुने अनेक प्रश्न, भावना, संवेदना, इच्छा, भय र उत्सुकताहरू पोख्ने उचित ठाउँ, उपयुक्त व्यक्तिको कमी महशुश गर्ने गरेका छन् । धेरै कुराहरू मनभित्रै गुम्साउने, आफूभित्रै सीमित पारेर त्यसको बोझ बोक्ने गरेका छन् । १० कक्षा पढ्ने नाङलेभारे, काठमाडौँकी १५ वर्षीय एक छात्राको आमा र बाबा दुबैजना विदेशमा छन् । आमासँग बारम्बार कुराकानी भइरहने भएपनि आफूलाई परेको समस्या होस् वा मनमा लागेका कुराहरू होस् उनी सहजै भन्न सक्दिनन् । "त्यत्ति टाढा दुःख गरिरहनुभएको आमालाई समस्या सुनाउँदा झन् चिन्ता हुन्छ त्यसैले म त्यस्तो कुराहरू केही पनि गर्दिन । आफैभित्र राख्छु । मैले जस्तो अरुले भोग्नु परेको छैन । त्यसैले अरु कसैले मेरो कुरा राम्रोसँग बुझ्छ जस्तो लाग्दैन ।" साथीसँगीहरूको समूह भएपनि मनको कुरा र पीडा बुझ्ने साथी पाउन गाह्रो भएको र आमाबुवा पनि टाढा भएकोले बालबालिकाहरू आफू एक्लो भएको महशुश गर्छन् । विशेष गरेर बालिकाहरूले आमा साथमा नहुँदा यस्तो खालको एक्लोपन र मनको उल्झन, पीरसँग आफै लड्दै आएको अभिव्यक्त गरेका थिए । यद्यपि आमाबाबासँग बस्ने इच्छा भने सबै बालबालिकाहरूमा उत्तिकै छ ।

मकवानपुरका एक १४ वर्षीय छात्रसँग लगभग ४५ मिनेट जति सँगै बसेर कुराकानी गर्दा एकपटक पनि मुस्काएनन् । मलिन अनुहार, कुनैपनि कुराप्रति भाव शून्यता देखिन्थ्यो । प्रायजसो प्रश्नको जवाफमा "खै थाहा छैन" भनेर निहुरिन्थे । आमाबुबा सँगै बस्ने उनको चाहना हो । उनले भने- "मैले बुबाको माया कस्तो हुन्छ थाहा पाएको छैन । उहाँ साउदी जानुभएको हो । मैले फोटोमा मात्रै देखेको थिए । पोहोर छुट्टीमा आउनु भएपछि बल्ल उहाँको अनुहार प्रत्यक्ष देखेको हो । बुवा एक बर्ष बसेर फेरि जानु भयो ।" बुबाको अनुपस्थितिमा बालबालिकाले संयुक्त परिवारका सदस्यहरू, आफन्तहरूमाझ, गाउँ टोलछिमेकमा र मामाघरमा समेत उपेक्षा र अपहेलनाको अनुभव गरेका छन् ।

आमाबाबासँगै बाल्यकाल बिताउन नपाउँदा, बाबा नहुँदा आमाले घरपरिवार, समाज धान्नुपर्दाको साथमा नहुने विद्यार्थीहरूमा आक्रोश, रीस, अटेरीपन, खर्चिलो जीवनशैली, अनुशासनहीनताको लक्षणहरू अभिभावक भएका बालबालिका भन्दा केही बढी देखिएको शिक्षक र अभिभावकहरूको अनुभव र विश्लेषण थियो । नवलग्राम माविका प्रधानाध्यापकको भनाई थियो, "वैदेशिक रोजगारमा गएका परिवारका बच्चा डाङडुङ गर्ने, झगडा गर्ने, मात लागेका जस्ता छन् ।" अध्ययनको क्रममा भेटिएका विद्यार्थीहरूमध्येका केही विद्यार्थीहरूबाट पनि अटेरपन, अनुशासनहीनता, बेखुशी, चुपचाप बस्ने, झोक्राएर बस्ने, झनक्क रिसाउने खालका बानीव्यवहार प्रदर्शन भएको थियो । यस्तो बानी

बालबालिकाहरूमा आफै विकास भएको भने होइन, उनीहरूसँग घरपरिवार, आफन्त र समाजले गर्ने व्यवहारले त्यस्तो आनीबानीको विकास गराएको हो ।

सिन्धुपाल्चोकको कान्छीमाया तामाङ, जो आफै इजीप्टमा घरेलु काम गरेर फर्केकी छन्, र नेपालमै काम गर्न पाउनु पर्छ भन्ने अभियानमा जुटेकी छन् । सगरमाथाको चुचुरोमा लैंगिक बिभेद हटाऔ, र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको लागि श्रमको सम्मान, नेपालको अभियानको झण्डा फहराएर आइन् । उनको भनाई छ, "बालबालिकालाई दोष दिनु भन्दा उनीहरूको आवश्यकता सम्बोधन गर्नु आवश्यक छ । बिदेश जाने अभिभावकहरूका बच्चामा कुनै न कुनै समस्या छ जस्तो मलाई लाग्छ । कति बच्चाले भन्न पनि नसक्ने अवस्था होला । बालकालिकाले आमाबाबाको माया नपाइकन हुर्कदा आपसी सम्बन्ध कमजोर हुन्छ, साथै त्यो बच्चामा आत्मविश्वास अत्यन्तै कम हुन्छ । यसबारेमा सबै तहका सरकारले ध्यान दिनुपर्छ ।"

> ***"आमा वा बाबाको बारेमा जे पायो त्यही भन्ने गर्छन् मान्छेहरूले । मेरो बाबा बितेपछि ऋण तिर्न आमा विदेश जानुभयो । मलाई केही नजिककै मान्छेहरूले भने 'तेरो बाउ मरिहाल्यो, तेरो आमा विदेश गयो, अब उतै गायव पार्छन् । अब फकिर्दैन । त चाहिँ के गर्छस् ?' आफन्तहरूसँग बसेको थिएँ । त्यहाँ पनि बिना कुनै गल्ती हेपेर कहिले गाली गर्ने, कहिले गिज्याउने, कहिले सानोतिनो काम बिग्रेकैमा धेरै कुटपिट गर्ने । माया गर्ने त भेटिदैन, गाली गर्ने, तर्साउने मात्रै गर्छन् । सहँदासहँदै पनि रिस उठीहाल्छ । हामीलाई हेप्न छोड्दैनन् । अनि रिसाउने बानी बढ्दै जाने रहेछ ।"***
>
> –१५ वर्षीय छात्र, शंखरापुरा, काठमाडौं ।

कुराकानी गर्न सहमत भएरै अन्तर्वार्तामा बसेपनि केही विद्यार्थीहरूमा सामुन्ने बसेका साथीहरूका कुरा ध्यान दिएर सुन्ने, बुझ्ने प्रयत्न गर्ने व्यवहार कम रहेको र आत्मविश्वासको कमी भएको पाइयो । बाबाहरू विदेश गएका र यहाँ आमासँगै बस्दै गरेका बालबालिकाहरूमा भन्दा आमाहरू विदेश गएका बाबासँग वा आफन्तसँग बस्दै गरेका बालबालिकाहरूमा बढी मानसिक असर परेको पाइयो । उनीहरूभित्र आत्मविश्वासको कमी, अनिश्चतता र भय बढी देखिन्थ्यो । मनोवैज्ञानिक रुपमा पर्ने यस्ता असरले बालबालिकालाई आत्महत्या गर्नेसम्मको अवस्थामा पुऱ्याएको भेटियो । बेलबारी, मोरङमा ९ कक्षा पढ्ने १४ वर्षीय छात्रले करिब २ वर्ष अघि आत्महत्या गरेको घटना अभिभावक समूह छलफलमा बाहिर आएको थियो । बाबु विदेशमा कमाउन गएपछि आमाले अर्कोसँग बिहे गरिन् । फर्केर आएपछि बाबुले पनि अर्को बिहे गरे । उचित पालनपोषण र आमाबाबाको साथबाट उनी वञ्चित रहे । कुनै एउटा पसलमा खानेकुरा चोर्दै गर्दा समातिए । त्यसपछि उनले घर गएर आत्महत्या गरे ।

अध्ययनकै क्रममा वैदेशिक रोजगार र आत्महत्याको अर्को पाटो पनि देखियो । धरान, सुनसरीमा कक्षा ८ का विद्यार्थीहरू र अभिभावकहरूसँगको सामूहिक छलफलको क्रममा एउटा घटना प्रसंग बाहिर आएको थियो । कक्षा १० पढ्ने एक छात्रले दुईवर्ष अघि विष पिएर आत्महत्या गरे । त्यसरी आत्महत्या गर्नुको वास्तविकता वा ठोस कारण पत्ता नलागेपनि अभिभावक समूह छलफलको एक सहभागीको भनाई थियो- "उसको बाबा विदेशको विदेशतिरै । आमा अलिक त्यस्तै (खराब) खालको थियो । विवाह सम्बन्धबाहिरको प्रेम सम्बन्ध चलीराखेको थियो । त्यही कुरा

छोराले थाहा पाएर मेटासिड पिएर आत्महत्या गरेको हो ।" आत्महत्याको ठोस कारण सुक्ष्म छानवीनबाट पत्ता लागेको भने होइन । यद्यपि वैदेशिक रोजगारमा गएका अभिभावकका बालबच्चाहरूले आत्महत्या गर्नुपर्ने अवस्था किन र कसरी आउँछ वा आयो भन्नेतर्फ पनि ध्यान दिनुपर्ने कुरालाई भने नकार्न मिल्दैन । सन् २०१६ मा सुरक्षित वैदेशिक रोजगार परियोजना (SaMi 2016) ले गरेको एक अध्ययनले वैदेशिक रोजगारमा गएका ८,९३३ घरपरिवारमध्ये श्रीमति विदेश गएकोमा ३६ प्रतिशत श्रीमान्हरूले दोस्रो विवाह गरेका र श्रीमान् विदेश गएकोमा २ प्रतिशत श्रीमतिहरूले दोस्रो विवाह गरेको देखायो । यस्ता सम्बन्धहरूकै आधारमा वैदेशिक रोजगारले परिवार बिगारेको भन्ने गरिएको पाइन्छ । वैदेशिक रोजगारमा गएपछि परिवार टुक्रिएको, बाबा वा आमाले अर्को विवाह गरेको वा विवाह भित्रै पनि दोस्रो, तेस्रो व्यक्तिसँग सम्बन्ध रहेका घटनाले बालबालिकामा मनोवैज्ञानिक तवरमा प्रत्यक्ष नकारात्मक प्रभाव परेको देखिन्छ । यद्यपि बाबाको अर्को विवाह वा अरुहरूसँगको प्रेमसम्बन्धलाई समुदाय र बालबालिकाहरूले पनि केही हदसम्म पचाएको भाव अभिव्यक्त भएको थियो । आमाको सन्दर्भमा भने त्यही कुरा अपाच्य भएको वा त्यसलाई अति नकारात्मक कामको रुपमा बुझिएको पाइयो । बाबुले त्यसो गरे पनि आमाले गर्न नहुने भन्ने धारणा धेरैको थियो । अर्कोतिर घर धान्न, बालबालिकाको शिक्षादिक्षाका लागि बिदेश गएको भनिएता पनि समयसमयमा घर फर्कन नपाउँदा आपसी सम्बन्धमा दुरी बढ्दै जाँदा बालबालिका र घरपरिवारप्रतिको गैरजिम्मेवारीपन बढ्ने परिस्थिति सृजना भएको प्रष्ट देखियो ।

नाङलेभारे, काठमाडौँको नवलग्राम माविमा कक्षा १ र २ मा पढ्ने ६ वर्षीय दिदी र उनको ४ वर्षीय भाईको बाबा विदेशमा छन् । आमा अर्कोसँग विहे गरेर गएपछि दिदीभाई मामाली हजुरआमासँग बस्ने गर्छन् । उनीहरूको आमाले अर्को विहे गरेकैले उनीहरूलाई हेर्ने दृष्टिकोण, उनीहरूसँग गरिने व्यवहार फरक थियो । उनीहरूको परिचय "पोइल गएकी आमाकी छोराछोरी" को रुपमा स्थापित थियो । "यस्को बाबा विदेश, आमा अर्कैसँग गइसिङ" भन्दै अध्ययन टोलीकै सामुन्ने ती दुई बच्चाबच्चीलाई गिज्याइएको थियो । त्यसबेला ६ वर्षीय बच्चीको निधार रिस र हीनताबोधले खुम्चिएको थियो । त्यसैगरी आमाबाबाको कर्मलाई गलत ठहऱ्याउँदै त्यसवापत बच्चाबच्चीहरूप्रति अवहेलना र दूर्व्यवहार गरिने समाजमा हुर्कदै गरेको बालबच्चाको मानसिकता र मनोविज्ञानमा कस्तो असर पारिरहेको होला भन्ने अनुमान लगाउन सकिन्छ । अध्ययनका क्रममा यस्ता बालबालिकालाई अरुको संरक्षणमा, माइतमा वा आफन्त/नातेदारकहाँ राखेर जाने गरेको पाइयो । त्यसो गर्दा सम्बन्धित परिवार र बच्चाको लागि उत्पन्न हुने अप्ठ्याराबारेमा अभिभावकहरूले खासै नसोचेको देखियो । बालबालिका जोखिममा पर्लान् वा जोखिममा परे के गर्न सकिन्छ, कहाँ जानुपर्छ भन्ने ज्ञान पनि कम वा शुन्य प्रायः देखियो ।

प्रमुख रोजगारका मुलुकहरूमा नेपाली श्रमिकको अनुमानित संख्याः मलेसिया ६,००,००० साउदी अरब ५,५०,००० कतार ४,००,००० संयुक्त अरब इमिरेट्स २,००,००० कुवेत ७०,००० गणतन्त्र कोरिया ३५,००० बहराइन २५,००० ओमन १८,००० लेबनान १०,००० जोर्डन २०,००० छ । यस अतिरिक्त नेपालीहरू भारत तथा सानोतिनो संख्यामा अन्य मुलुकहरूमा पनि वैदेशिक रोजगारीका लागि गएका छन् । उनीहरूका बालबालिका कहाँ

कसरी ब्यवस्थापन गरेर गएका छन् भन्ने कुराको खोजी गर्ने दायित्व कसको हो ? यो पक्षमा परिवार र समाज कसैको पनि पर्याप्त चासो र प्रयास रहेको देखिएन ।

अन्तराष्ट्रिय श्रम बजारले बालबालिकामा ल्याएको जोखिमलाई ग्लोबल कम्प्याक्टले अन्तर्राष्ट्रिय कानुनी दायित्व बाल अधिकारकालागि प्रवर्द्धन गर्छ र अन्तर्राष्ट्रिय आप्रवासनका समय हरेक समयमा, हरेक अवस्थामा बाल बालिका र आफुसँग नआएका वा बेग्लै बसेका बालबालिकासमेतको सर्बोत्तम हितको सिद्धान्त पालना गर्न आह्वान गर्छ । आप्रवासनको सम्पुर्ण चक्रमा आफैसँग नआएका, अलग्गै बसेका बालबालिका लागि एक अलग्गै प्रकृयाद्वारा त्यस्ता बालबालिका पहिचान, रीफरल, स्याहारसुसार र परिवार पुनर्मिलन, शिक्षा, मानसिक स्वास्थ सेवालगायत स्वास्थ सेवामा पहुँचका लागि संरक्षण गर्न सुझाव दिएको छ ।[१७] यस्ता प्रावधानलाई नेपालले कार्यान्वयनमा ल्याउन सकेको छैन ।

बालबालिकाका हक अधिकार संरक्षणमा अन्तर्राष्ट्रिय अभ्यास हेर्दा बेल्जियममा १३ बर्षसम्मका बालबालिका अभिभावक बिना विद्यालय जान पाउँदैनन् । अभिभावक नभएकाहरूको हकमा संस्थाको निगरानी उपलब्ध गराईन्छ । परिवारको भुमिका सुनिश्चित गर्न आवासीय विद्यालय निरुत्साहित गरिन्छ । हल्याण्डमा दुवै अभिभावकले पूरा समय जागिर गरेमा बढी कर लगाएर एकजनालाई घरमा बस्न प्रोत्साहित गरिन्छ । अमेरिकामा बालबालिकाको अवस्था बुझ्न घरघरमै अनुगमन गरिन्छ (जोशी २०७०) । नेपालमा भने यिमध्ये कुनैपनि व्यवस्थाबारे सोचविचारसम्म पनि गरिएकौ छैन ।

ख. पठनपाठनमा प्रभाव

अधिकांश बालबालिकाले विदेशमा रहेका आफ्ना आमाबाबाले "राम्रो पढ" भन्ने सल्लाह दिने गरेको बताए । तर वैदेशिक रोजगारमा गएका आमाबुबाका बालबालिकाहरूको उचित अभिभावकत्व, हेरचाह, मायाममता र उचित सिकाईको अभावले बालबालिकाहरूको बाल्यपनमा गम्भीर र नकारात्मक प्रभाव पारिरहेको छ ।

अध्ययनको क्रममा विद्यालयका प्रधानाध्यापक, शिक्षक शिक्षिकाको अन्तर्वार्ता र अभिभावकहरूसँगको समूह छलफलमा बारम्बार यही कुरा दोहोरिएको थियो । अभिभावकसँगै बसेका र अभिभावकबिना हुर्कीरहेका विद्यार्थीहरूबीचमा प्रत्यक्ष भिन्नता देखिएको ८ वटै विद्यालयका शिक्षकहरूको दाबी थियो । उनीहरूको भनाई थियो, "अभिभावक बिनाका बालबालिकाहरू विद्यालयको पोशाक फोहर हुने, राम्रोसँग नलगाउने, गृहकार्य नगरीकन वा सबै नसकी विद्यालय आउने, खाना नखाईकन र खाजाको बन्दोबस्त बिना विद्यालय आउने गर्छन् ।" त्यसबाहेक कक्षा कोठामा पछाडि बस्ने, अरुसँग घुलमिल नगर्ने, धेरै साथी नबनाउने, पढाई विचैमा छाड्ने, कक्षामा पुरै समय नबस्ने प्रवृत्ति रहेको उनीहरूको भनाई थियो । यद्यपि तीमध्ये कतिजनाको आमाबाबा विदेशमा गएका छन् भन्ने तथ्याङ्क भने विद्यालयहरूले राख्ने गरेको देखिएन ।

अध्ययनको क्रममा अन्तर्वार्ता गरिएका धेरै विद्यार्थीहरू आफैले पनि यी समस्याहरू भोगीरहेका र आफ्ना साथीहरूले पनि भोगेको कुराहरू बताएका थिए । आफ्ना आमा वा बाबा वा आफन्तसँग बसेका बालबालिकाहरूले

घरायसी कामकाजहरूमा परिवारलाई सघाउदै लेखपढ गर्दै आएका छन् । आधा जसोले घरायसी अनेक झमेला र मानसिक तनावका कारण "पढ्नमा मन नलाग्ने" बताएका थिए । आफन्तहरूसँग बसेका बालबालिकाका हकमा भने बढीजसो गृहकार्य गर्ने समय नपाउने, समयमा खान नपाउने, खेलकुद र मनोरञ्जनको लागि समय नपाउने, पढ्नु भन्दा अरु काम नै प्रमुख हुने अवस्था छ ।

विदेशमै समस्यामा फसेका अभिभावकहरूको बालबालिकाहरूमा मानसिक चिन्ता, सामाजिक अपहेलना र उपेक्षाको चिन्ताले बढी सताएको हुँदा पढाईमा ध्यान नजाने गरेको पनि पाइयो । त्यसले उनीहरूको पढाई, दैनिक क्रियाकलापमा असर पारेको छ । कक्षा ८ पुगेपछि विद्यालय छाड्ने क्रम शुरु हुने बताए । इन्द्रावती, सिन्धुपाल्चोकको १० वर्षीय छात्र ५ कक्षामा पढ्छन् । उनी मामाली हजुरवुवा र फुफुको परिवारसँग बस्छन् । बाबा मलेसियामा छन् । आमा अर्कोसँग विहे गरेर गएकोले कहाँ छिन् थाहा छैन । लेखपढको लागि उनलाई कसैले सोधखोज गर्ने गर्दैन । उनीसँग गृहकार्य गर्ने समय हुँदैन । विद्यालयमा पढ्ने समयमै गृहकार्य गरी भ्याउँछन् ।

"मेरो बाबा कतारको जेलमा छ, डेढ वर्षदेखि । आफ्नै कोठामा बस्ने साथीको हत्या गरेको आरोपमा जेलमा परेको हो । पहिलेपनि उहाँ विदेशमै जाँदै आउँदै गरेको हो । तेस्रोपल्ट कतार गएपछि यस्तो घटना भयो । मेरो आमा गाउँको घरमा बस्छ । आमाले बाबाको परिवारलाई सम्हाल्छ । बाबाको त्यस्तो घटना भएपछि म बोर्डिङ स्कूलबाट यो सरकारी स्कूलमा आएको छु । र मामामामीहरूसँग बस्छु । म घरको काममा मामीलाई सघाउँछु । बाबाले लिएको ऋण चुक्ता गरेको छैन । त्यसको व्याज बढिरहेको छ । म आमालाई सम्झिन्छु घरीघरी । बाबालाई त्योभन्दा बढी सम्झिन्छु । बाबाले फोनमा आमाको ख्याल राख्नु र राम्रो पढ्नु भन्नुहुन्छ । म प्रयास गर्छु । तर मनै लाग्दैन । बाबालाई जेलबाट कसरी छुटाउने होला भन्ने मात्रै मनमा लाग्छ । पढ्न मनै लाग्दैन ।"

– कक्षा ७ अध्ययनरत १२ वर्षीय छात्र, जनकपुर ।

घरेलु कामकाज र बालबच्चाहरूको हेरचाहको काम प्रायः महिलाहरूकै हो भन्ने मानसिकता र अभ्यास समाजमा छ । तसर्थ आमाको अनुपस्थितिले बच्चाहरूको पढाईमा पनि प्रभाव पारेको छ । नाङलेभारे, काठमाडौँकी १३ वर्षीय एक छात्रा कक्षा ८ मा पढ्छिन् । उनको आमा कुवेतमा छिन् । दाई पनि १ वर्ष पहिले नै दुवई गए । उनी बाबा र भाईसँग बस्छिन् । उनी घरमूली भएर बाबा र भाईलाई सम्हाल्छिन् । ८ वटा बाखा पालेकी छिन् । खेतीपाती पनि गर्ने गर्छिन् । बाबाको पिउने र झगडालु स्वभाव झेल्दै, भाइको हेरचाह गर्दै आइरहेकी छिन् । भाइ कक्षामा प्रथम हुन्छ भने उनी "पास मात्रै" हुन्छिन् । भाईको पढाईमा केही कमी नहोस् भन्नेमा उनी सचेत छिन् । खेतीपातीको चापको बेलामा उनी विद्यालय आउन पाउँदिनन् । आमा विदेश गएको बाबालाई मन पर्दैन । त्यसको रीससमेत उनीमाथि पोखिने गर्छ । उनी पढ्न चाहन्छिन् । तर यी सबै कुराहरूको वीच उनको प्राथमिकता पढाई भन्दा पनि घरपरिवार सम्हाल्नु, बाबा र भाईको लागि राम्रो गर्नु, आमाको अनुपस्थिति बाबालाई खड्किन नदिनु रहेको छ ।

आमा र बाबाको साथको फरकपन बालबालिकाहरूले महशुश गरेका छन् । मनाहरी, मकवानपुरकी १३ वर्षीय छात्राले भनेकी थिइन्- "ममी ३ वर्षको लागि साउदी जानुभएको थियो । बाबाले पनि ममी नहुँदा राम्रोसँग केही काम गर्नुहुन्नथ्यो । त्यसबेला धेरै तनाव हुन्थ्यो । काम पनि धेरै गर्नुपर्थ्यो । त्यस्तोबेला पढाईमा ध्यान दिन नसकिने रहेछ । अनि मेरो पढाई खस्कियो । अहिले ममी फर्केर आइसक्नुभएको छ । हामी सबै सँगै छौँ । अहिले म पाँचौँ स्थानमा आएको छु । बुबाले पनि आफैले टेलर खोलेर काम गर्दै हुनुहुन्छ । अब फेरि ममी जानु हुन्न । तर वहाँले पनि केही काम पाए यही बस्न सहज हुन्थ्यो ।"

वैदेशिक रोजगारबाट फर्केका महिलाहरूको समाजमा सहज स्वीकारोक्ति वा पुर्नमिलनको पाटो पनि सहज छैन । सुरक्षित वैदेशिक रोजगार परियोजना (सामी) ले सन् २०१६ मा गरेको एक अध्ययनमा वैदेशिक रोजगारबाट फर्केका महिलाहरूले समाज र समुदायमा बेइज्जत र अपहेलित नभइकन बस्न नपाएको उल्लेख गरेको थियो ।[१६] सम्मानपूर्वक बाँच्न र बस्न पाउनुको साथै परिवार धान्न सक्ने खालको कामकाज पाउनु त्यत्तिकै मुश्किल पनि छ । यसले पटकपटक विदेशिनु पर्ने बाध्यात्मक अवस्था ल्याएको छ । यस्तो परिस्थितिमा बालबालिकाहरूको आमाबाबा उनीहरूसँगै बसुन् भन्न चाहना इच्छा अनुसार हुन सकिरहेको छैन ।

अर्कातिर बिदेशमा एक अभिभावक गएका र श्रीमान् वा श्रीमति जो घरमै मौजुद छन्, उनीहरुको पनि बालबालिकाप्रति बेपरवाह भएको पाइयो । विद्यालयमा बालबालिकाको अवस्था बुझ्न वा अभिभावक भेलामा उपस्थित नहुने समस्या पनि देखियो । बेवास्तामा परेका यस्ता बालबालिकाले विद्यालयमा समस्या हुँदा मनोसामाजिक परामर्श लिने व्यवस्था कहीँपनि छैन ।

नेपालका करीब ५६ प्रतिशत घर परिवार वैदेशिक रोजगारबाट प्रभावित छन् । बालबालिकाहरूलाई त्यसबारेको जानकारी वा शिक्षा दिने कामको अवस्था भने नाजुक छ । कक्षा ८ को पाठयक्रममा वैदेशिक रोजगारीको बिषय समावेश छ । पेसा, व्यवसाय र प्रविधि शिक्षा बिषयको एकाइ ३ भित्र रोजगारीको सूचना शीर्षकको पाठ १: अन्तर्राष्ट्रिय तथा वैदेशिक रोजगारी सम्बन्धी सूचना प्राप्तिको स्रोत, पाठ २: वैदेशिक रोजगारीको सूचना प्राप्त गर्ने तरिका, पाठ ३ वैदेशिक रोजगारी सम्बन्धी आधारभूत जानकारी, पाठ ४: अन्तर्राष्ट्रिय रोजगारी र पाठ ५: वैदेशिक रोजगारीका असर र चुनौती शीर्षकहरू समावेश छन् । यी शीर्षकहरूमा पाठ ५ मा मात्र चुनौतीका बिषय उल्लेख छ । तर चुनौतीले घर परिवार, बालबालिकामा आउने जोखिमहरूलाई समेटेको छैन । वैदेशिक रोजगारका बृहतम आयाम र स्वरोजगार, जीवीकोपार्जनका लागि उचित पाठयक्रम निर्माण गरिनुपर्छ । नगरपालिका र गाउँपालिकाले पाठयक्रम बनाउने अधिकार प्राप्त गरेता पनि आवश्यक ज्ञान र अनुभवको कमी पनि छ

ग. कुलत/दूर्व्यसनको जोखिम

[16] http://www.sami.org.np/uploads/social-cost-1536571285.pdf.

सामान्यतः कूलत र दूर्व्यसनमा फस्ने किशोरकिशोरी उमेर समूहकै बढी हुने गर्छन् । त्यसरी फस्ने जोसुकै पनि हुने भएपनि वैदेशिक रोजगारमा गएका परिवारका किशोरकिशोरीहरूमा उच्च जोखिम रहेको यस अध्ययनले देखायो । आमाबाबाको अनुपस्थितिले बालबालिकाहरूमा स्वतन्त्रपनको महशुश गराउनुका साथै मनोमानी गर्ने आदतको समेत विकास गरेको विद्यालयका शिक्षक शिक्षिका, अभिभावक र सरोकारवाला निकायका प्रतिनिधिहरूको विश्लेषण थियो । बालबालिकाहरूको आमाबाबा वैदेशिक रोजगार जानुपूर्व र त्यसपछिको जीवनशैली, बानी व्यवहारमा फरकपन आएको प्रत्यक्ष देखेको उनीहरूको दावी थियो । विद्यालय प्राङ्गनमै खैनी, गुट्खा, पानपराग खाने, चुरोट पिउने विद्यार्थीहरूमा धेरैजसो आमाबाबा भन्दा टाढा बसेकाहरू नै हुने गरेका छन् । त्यसले विस्तारै गाँजा, ड्रग्सलगायत हानीकारक मादक पदार्थ सेवनतर्फ उन्मुख हुने र चोरी, लडाई झगडाहरूमा संलग्न हुने बढी सम्भावना रहन्छ । मनहरी गाउँपालिका उपाध्यक्ष मनिला बिष्टले अभिभावकविहिन बालबालिका कतिपयले समयमा खान नपाउँदा पसलमा बेच्न राखिएका बिस्कुट, पाउरोटी, चाउचाउ जस्ता खानेकुरा चोर्ने गरेको बताउनु भएको थियो ।

यस्ता दूर्व्यसनको शिकार हुने लक्षण अध्ययन क्षेत्रको रुपमा चयन गरिएका प्रायजसो विद्यालयहरूमा रहेको पाइयो । यस्तो कूलतको शिकार हुनेहरूमा बढीजसो केटाहरू भएको पनि पाइयो । कुलतको शिकार भएकाहरूलाई उचित परामर्श, माया र साथ दिने भन्दा पनि उपेक्षा र घृणा गर्ने चलन छ । अनुसन्धानको क्रममा अन्तर्वार्ता गरिएका उत्तरदाताहरूको अभिव्यक्तिमा पनि त्यस्तो उपेक्षा र घृणाभाव झल्किन्थ्यो । बालबालिकाहरूले पनि त्यस्तो व्यक्ति खराब भएको र उसको संगत गर्न नहुने कुरा बारम्बार दोहोऱ्याएका थिए । बिग्रेका, काम नलाग्ने, खत्तम जस्ता शब्दहरूले यी जोखिममा रहेका बालबालिकाहरूलाई सम्बोधन गर्ने गरिएको पाइयो । एक विद्यालयले त्यस्तो विद्यार्थीलाई तीन पटकसम्म चेतावनी दिँदा पनि नसकेर अन्तमा निष्काशित गरेको कुरा सोही विद्यालयमा पढ्ने एक छात्राले बताएकी थिइन् ।

वैदेशिक रोजगारबाट भित्रिने पैसाको सही सदुपयोगको लागि उचित मार्गनिर्देशन नहुँदा र बालबालिकाहरूलाई आवश्यक मात्रामा सम्झाईबुझाई गर्ने, उनीहरूको कुरा सुन्ने, उनीहरूको आवश्यकता र रहरलाई बुझ्न नसक्दा यस्तो अवस्था निम्तिने गरेको छ । कतिपय आमाबाबाहरूमा बालबच्चाहरूसँगै बसेर उनीहरूको पालनपोषण गर्न नसकेको ग्लानीभाव पनि छँदैछ । त्यसैको क्षतिपूर्तिस्वरुप आफ्ना बालबच्चालाई भौतिक सुखसुविधाको कमी हुन नदिन गरेको आर्थिक योगदानको नकारात्मक परिणाम पनि मान्न सकिन्छ । तर दुर्ब्यसनमा रहेका बालबालिकालाई राख्ने सुधार गृह महंगा भएकाले त्यसमा कतिपय बालबालिकाको पहुँच हुन नसकी रहेको तथ्य पनि छ ।

घ. बद्लिदो पारिवारिक मूल्य मान्यता

वैदेशिक रोजगारमा जाने बढ्दो क्रम र त्यसको प्रभावसँगै नेपाली समाजको परिवारप्रतिको बुझाई र मूल्यमान्यतामा परिवर्तन आएको छ । परिवारको पुरुषले बाहिर कमाउने, महिलाले घरव्यवहार धान्ने, बालबच्चा हुर्काउने परम्परागत मान्यता भत्किदै गएको छ । महिलाहरू घरबाहिर मात्रै हैन विदेशमा गएर कमाउन थालेपछि त्यसको सकारात्मक

प्रभावसँगै नकारात्मक प्रभाव पनि बढ्दो छ । विशेष त पुरुष प्रधान समाजमा महिलाले विदेश गएर कमाउनुलाई अझैपनि नराम्रो नै मानिएको छ ।

अध्ययनको क्रममा केही प्रधानाध्यापक तथा शिक्षक शिक्षिकाहरूले समेत "महिला वैदेशिक रोजगारमा गएर समाज र घरपरिवार भाँडिएको", "छोराछोरीको विहे गर्ने बेलामा आफै बिहे गर्दै हिडेको", "माउँले नै बाटो बिगारेपछि लालाबाला त बिग्रने नै भए" भन्ने वाक्यहरूको प्रयोग गरेका थिए । केहीले भने एकातिर विवाहबाहिरको सम्बन्ध बढेको र अर्कोतिर अनावश्यक शंका र लाञ्छनाले महिलाहरूको जीवन कठिन बनाएको पनि महशुस गरेको बताएका थिए । यस्तो सोच पहाड र तराई दुबैमा रहेको छ । पहाडमा महिलाको हिडडुल र बाहिर कामकाज गर्ने कुरालाई सहज लिने तर विवाह पछिको गैरकानूनी सम्बन्धको सन्दर्भमा भने परिवार 'भँडुवा'को भूमिकामा चित्रित गरिएको पनि पाइयो । तराईको सन्दर्भमा महिलाहरू विदेश जानै नहुने र श्रीमान् विदेश गएपछि परपुरुषसँग सम्बन्ध राख्ने, श्रीमान्को कमाईको दुरुपयोग गर्ने गर्दा त्यसले पारिवारिक कलह, हिंसा र प्रतिष्ठामा खलल पुऱ्याएको मत पनि पाइयो । पुरुष मात्रै हैन महिलाले पनि कमाउनुपर्छ, परिवार धान्न बाहिर निस्किनुपर्छ वा निस्कन सक्षम छन् भन्ने कुराको अभ्यास गरिरहँदा त्यसले समाजमा चलिआएको महिला पुरुषको पुरातन भूमिका र सोचलाई चुनौति दिएको छ । महिलाको बद्लिदो लैंगिक भूमिका र निर्णायकपनलाई समाजले स्वीकार्न सकेको छैन । त्यसको प्रत्यक्ष असर बालबालिकामा परिरहेको छ ।

आमाबाबासँगै हुर्कन, बस्न नपाएको गुनासो सबै बालबालिकाहरूको थियो । मायाको खोजीमा, साथको खोजीमा त्यस्तो गुनासो राख्नु स्वभाविक हो । केही बालबालिकाहरूले आमा र बाबा दुबैजनाको साथले मात्रै परिवार पूर्ण हुने आदर्शको कुरापनि राखे । तर कतिपय बालबालिकाहरू आफ्ना आमाबाबाप्रति नकारात्मक सोच राखेको पनि पाइयो । आमासँगै बसेर आमाको पीडा, दुःखको भागीदार बनेकाहरू आमाप्रति झुकाव राख्ने र आमाको बारेमा नकारात्मक कुराहरू सुनेर हुर्केका, आमाको मायाबाट वञ्चित भएका र बाबाको अर्थोपार्जनको किस्सा सुनेर हुर्केका बच्चाहरू बाबाप्रति झुकाव राख्ने गरेको पाइयो । उनीहरूमा त्यस्तो सोचको निर्माण गर्ने काम घरपरिवार, आफन्त, समाज र विद्यालयले नै गर्छ । कतिपयले बाबाको अस्तित्व मात्रै स्वीकारेको, उसको उपस्थिति वा अनुपस्थितिले खासै

"म सानैछँदा बाबा मलेसिया जानुभयो । छुट्टिमा आउँदापनि आमा र हामीलाई कुट्ने । झगडा मात्रै गर्ने । धेरै पिउने । ८ वर्षपहिले बाबाआमाले डिभोर्स गर्नुभयो । बाबा अर्कै आमासँग जानुभयो । त्यसपछि आमा विदेश जानुभयो । आमासँग सँधै फोनमा कुराकानी हुन्छ । तर कुन देशमा हुनुहुन्छ मलाई भन्नुभएको छैन । दिदीले विहे गर्नुभयो । दुईजना भाई थिए उनीहरू पनि बिते । म अहिले ठूलीआमाको छोरी, दिदी र भेनासँग बस्छु । मलाई मेरो

> ***बाबाको कुनै मतलब छैन । मेरो लागि बाबा छैन । मलाई चाहिदैन ।"***
>
> –कक्षा ९ मा अध्ययनरत १४ वर्षीय किशोरी, बेलबारी, मोरङ ।

महत्व नराख्ने बताएका थिए । लामो समयसम्म विदेशमै बसेर पैसा मात्रै पठाइरहँदा परिवारले आर्थिक सवलता त पाए तर बच्चाहरूसँगको भावनात्मक र अभिभाकत्वको सम्बन्ध जोडिन नसकेको हुनाले बाबासँगै भएपनि नभएपनि बच्चाहरूलाई फरक पर्दैन । बाबासँग एकदमै वितृष्णा जागेको र कुनैपनि खालको सम्बन्ध नै राख्न नचाहेको बच्चाहरू पनि छन् । आमा र आफूप्रति बाबाले गर्ने गलत व्यवहार, कुटपिट, आमाबाहेक अरुसँग सम्बन्ध राख्ने वा अर्को विवाह गर्ने र आमा र आफूलाई पूर्ण वेवास्ता गर्नेजस्ता कारणले उनीहरूको मनमा बाबाप्रति त्यस्तो नकारात्मक सोचको विकास भयो ।

कतिपय बच्चाहरू आमाप्रति पनि नकारात्मक छन् । बाबाको अनुपस्थितिमा आमासँग बच्चाले राखेको अपेक्षा पूर्ति नहुँदा, बच्चाको अनुकूल वातावरण निर्माण गर्न नसक्दा आमाहरूप्रतिको दृष्टिकोण नकारात्मक हुँदै गएको छ । विशेषत आमाले अर्को विहे गरेर गएपछिको अवस्थालाई बालबालिकाहरूले गम्भीर रुपमा लिने गरेको पाइयो । बाबाले कमाइरहेको अवस्थामा आमाले घरपरिवार सम्हालेर बस्नुपर्ने, सन्तानको सुखदुःख थेग्नुपर्नेमा मोजमस्ती गरेको भन्ने बुझाई उनीहरूमा विकास भएको छ । इन्द्रावती, सिन्धुपाल्चोकका १० वर्षीय किशोरलाई आमा भन्ने सम्बन्धप्रति अविश्वास छ । बाबा मलेसियामा छन् । आमा अर्कैसँग गइन् । यसमा आमा नै पूर्ण रुपमा दोषी छिन् । गैरजिम्मेवार हुन् । उनी भन्छन् "मलाई त्यस्तो आमा चाहिदैन । बाबाले अर्को आमा ल्यायो भनेपनि म आमा मान्दिन । मलाई आमा नै चाहिदैन ।"

विदेशबाट पैसा आएपछि भौतिक सेवा सुविधा उपभोग गर्ने संस्कृति बढेको छ । बालबालिकामा त्यसको नकारात्मक प्रभाव बढ्दै गएको छ । कतिपय सन्दर्भमा भने बालबालिकाहरूले आफ्नो इच्छा पूरा गर्नकै लागि अभिभावकलाई इमोसनल ब्ल्याकमेलिङ गर्ने गरेको जनकपुरका एक शिक्षकको भनाई थियो । महंगा बोर्डिङ स्कूल पढ्न, मोबाइल, मोटरसाइकल जस्तो महंगा सामानहरू किनी दिन ` जिद्दी गर्ने गर्छन् । अर्को कुरा, लामो समयसम्म विदेशमा श्रीमान् बस्दा कतिपय श्रीमतीको सम्बन्ध अरुसँग बनेको पनि हुनसक्ला । तर पारिवारिक वा व्यक्तिगत रिसइबीका कारण विदेशमा बस्ने श्रीमानका श्रीमतीहरूका बारेमा गलत प्रचारप्रसार गर्ने, उनीहरूलाई बेइज्जत गर्ने पनि गरिएको छ । त्यसले सबैभन्दा बढी बालबालिकाकै मनस्थितिमा असर पार्ने गरेको छ । त्यसले विशेषगरी आमाहरूप्रतिको दृष्टिकोण नकारात्मक पार्न मद्दत पुऱ्याउँछ ।

यसबाहेक कतिपय बालबालिकाहरूमा भने आमा वा बाबाले जेसुकै गरुन् कुनै चासो नराख्ने बानीको विकास भएको पनि पाइयो । उनीहरूमा परिवार भन्ने मान्यताप्रति नै अविश्वास रहेको देखियो । कलिलो मष्तिस्कमा आमा बाबा र परिवारप्रतिको यस्तो नकारात्मक सोच उनीहरूको उमेर र सोचसँगै कसरी विकसित होला ? भन्न मुश्किल छ । परिवारलाई परिवार बनाउने अवयवहरूको बोध र अभ्यास गर्न नपाउँदा यी बालबालिकाहरूको परिवारप्रतिको बुझाई अपुरो र असन्तुलित रुपमा विकसित हुँदै गइरहेको छ । त्यस्तो अवस्थामा पारिवारिक सामीप्यता, आपसी सम्बन्ध र त्यसको महत्व गुम्दै गएको छ । पारिवारिक तवरमा सामूहिक भन्दा पनि व्यक्तिवादी सोच र व्यवहार

अनुरुपको क्रियाकलापहरू वृद्धि हुँदै गएका छन् । यस्ता समस्याको न्यूनीकरणमा तहगत सरकारबीचको समन्वयमा उचित तालमेलको अभाव देखिन्छ । बाल अधिकारका क्षेत्रमा कार्यरत संस्था लगायते वैदेशिक रोजगारका क्षेत्रमा कार्यरत संस्थाहरूले रोजगारीको हकमा काम गरी रहँदा बालबालिकाप्रतिको दायित्वमा खासै ध्यान दिएर काम गरेको देखिएन । यसबारेमा निगरानी राख्ने सरकारी संयन्त्र अहिले नगरपालिका वा गाउँपालिकामा समाहित भएको छ । नगरपालिका वा गाउँपालिकाले यो काम गर्न चाह राखेपनि सम्बोधन कसरी गर्ने भन्ने सोच, योजना र कार्यक्रमको अभाव छ ।

ङ. अतिरिक्त कार्यभार र मानसिक बोझ

आमा वा बाबाको अनुपस्थितिमा बालबालिकाहरूले घरपरिवार धान्नको लागि घरायसी कामकाज, खेतीपातीहरूमा सहयोग गर्दै आएका छन् । स्थान विशेष र पारिवारिक हैसियत अनुरुपको कामकाजहरूमा बालबालिकाहरूले आ-आफ्नै किसिमले सघाउन थालेको पनि देखिन्छ । तराई भेगका बालबालिकाहरूले घरायसी र खेतीपातीको काममा सघाउने गर्छन् । पहाडी र ग्रामीण भेगमा विहान सवैरै उठेर पानी ल्याउने, घरदैलो बढार्ने, कुखुरालाई दानापानी दिने, बाखालाई घाँस काट्ने र खुवाउने, परिवारका लागि खाना पकाउनेदेखि खेतीपातीको मौसममा खेतबारीमासमेत काम गर्ने गर्छन् । शहर र शहर आसपासका बालबालिकाहरूमा घरायसी कामकाजको भार रहेको छ । आमा विदेशिएको घरपरिवारमा छोरीले आमाको स्थान र भूमिका परिपूर्ति गर्नुपर्ने र बाबा विदेशिएको घरमा केही हुर्केको छोरा भए पुरुषले गर्ने कामको जिम्मा लिने र बाँकी आमा वा छोरीहरूको जिम्मामा रहेको पाइयो । आमाबाबा दुवै साथमा नभएको र आफन्तकोमा बसेका बालबालिकाहरूको हकमा भने के काम गर्ने के नगर्ने भन्ने छनोटको विकल्प कमै रहेको वा नरहेको पाइयो । अह्राएको काम खुरुखुरु गर्नुपर्ने, काम नगरेको खण्डमा खान नपाइने, काम नसकी विद्यालय जान नपाइने, विद्यालय गएको अवस्थामा भोको पेट भएकाले झोक्रिने, कक्षा छाडने, अन्य समयमा लेखपढ र साथीहरूसँग रमाइलो गर्ने समय नपाउने, विरामी भएको बेलामा समेत उचित हेरचाह र औषधी उपचारको व्यवस्था नहुने तथ्य भेटियो । यस्तो अतिरिक्त कार्यभारले बालबालिकाहरू उमेरभन्दा बढी नै परिपक्व व्यवहार र क्रियाकलाप गर्न अभ्यस्त पारिइएका छन् । वयस्कको भूमिकामा उभिन बाध्य बनाइएका छन् । उनीहरूको बालापन खोसिएको छ । साथीहरूसँग खेल्ने, रमाइलो गर्ने समय उनीहरूसँग उपलब्ध छैन ।

विदेशमा मृत्यु भएका वा कुनै समस्यामा परेर स्वदेश फिर्ता हुन नसकेका परिवारका बालबालिकाहरूमा भने कामकाजको बोझको साथै परिवार धान्ने आर्थिक स्रोतको अभावले पिरोलेको छ । बेलाबेलामा सरकारले घरेलु कामदारको लागि खासगरी महिलाका हकमा अपनाउने नीति तथा प्रावधानका कारण महिलाहरू अवैधानिक बाटोबाट वैदेशिक रोजगारमा जानु परेको छ । त्यसले थप जोखिम निम्त्याएको छ (ILO 2015)। त्यसरी जाने कामदारले सरकारी तवरमा उपलब्ध सेवा सुविधा वा क्षतिपूर्तिहरूमा हकदाबी गर्न नपाउने प्रावधान छ । त्यसको प्रत्यक्ष असर बालबालिकामाथि पर्ने गरेको छ ।

विभिन्न कारणले अवैधानिक बाटोबाट गएका वा कानूनी प्रक्रिया पूरा नगरी विदेश गएका कामदारलाई गन्तव्य मुलुकमा केही समस्या परेमा वा मृत्यु भएमा पाउनुपर्ने क्षतिपूर्ति र सुविधाबाट वञ्चित रहन्छ । घरेलु काममा महिलाका लागि प्रतिबन्ध छ भन्नेबारे कमैले चर्चा गरे । त्यसको कारणले त्यस्ता परिवारका बालबालिकाहरूले सकेसम्म छिटो छिटो माध्यमिक तहको पढाई सकेर वा पढाईलाई वीचमै रोकी राखेर पनि परिवार धान्नको लागि कमाउने कर्तव्यबोध गर्ने गरेका छन् । त्यस्तो अवस्थामा आफन्तहरूले पनि जिम्मेवार बन्ने, परिवारको दुःख बुझ्ने सल्लाह नै दिने गर्छन् । कक्षा १० मा पढ्ने जनकपुरकी १५ वर्षीया छात्रा घरमा आमालाई सबै काम सघाउँछिन् । उनको बाबा २० वर्षदेखि वैदेशिक रोजगारमा थिए । ६ महिना अघि हृदयघात भएर उनको बाबाको मृत्युको खबर आयो । त्यसपछि उनको बाबाको शव आयो । आमा अझैपनि त्यही पीडामा छिन् तर छोराछोरीको सामुन्ने रुदिनन् । कहिले झर्किने, कहिले गाली गर्ने गर्छिन् । अमृता भन्छिन्, "आमा छोराछोरीको अगाडि रुन सक्दिनन् । आमा आफै कमजोर पर्नुभयो भने हाम्रो परिवार टुट्छ । त्यसैले म पनि आमाको अगाडि रुन सक्दिन । आमालाई दुःख दिन सक्दिन । म जसरी पनि नर्स बन्छु र आमालाई घरखर्चमा सघाउँछु । हामीसँग पैसा छैन, ऋण छ । एक ठाउँमा भएको जग्गा बेच्ने र त्यसैले ऋण चुकाउने र पढ्ने सल्लाह भएको छ ।" अप्ठ्यारो पारिवारिक अवस्था, व्यक्तिगत र सामाजिक दबाबका कारण बालबालिकाहरूले आफ्नो भविष्यतर्फ रुची र इच्छाअनुरुप पाइला चाल्नेभन्दा पनि आवश्यकताअनुरुप आफूलाई ढाल्न बाध्य छन् ।

च. बालहिंसा, बाल श्रम तथा लैंगिक बाल श्रम शोषण

वैदेशिक रोगारमा गएका परिवारका बालबालिकाहरू बाल हिंसा, बेचबिखन, बाल श्रम शोषण र कुटपिटको शिकार हुँदै आइरहेका छन् । उनीहरू शारिरीक र मानसिक हिंसा, तिरस्कार, उपेक्षा र भेदभावको शिकार बन्ने गरेका छन् । बालबालिकामाथि यस्तो व्यवहार गर्नुलाई बालबालिकासम्बन्धी ऐन २०७५ ले पनि बालहिंसा मानेको छ ।

"मेरो बाबा विदेशमा, आमा खै कता हो कुन्नी ? अर्कैसित गाको । म विहानै ४ बजे उठ्छु । फुफूको पसल छ । घर अनि पसल बढार्छु । पानी ल्याउँछु । बेच्नको लागि कुखुरा काटेर भुत्ल्याउँछु । कुखुराहरूलाई चारो खुवाउँछु । बाखालाई घाँस काटेर ल्याएर दिन्छु । खाना पकाउछु । यति गरेपछि मात्रै स्कूल जान पाउँछु । नत्र खाना खानै पाउदिन । बरु कुटाई खानुपर्छ । मलाई धेरै चित्त दुख्छ । त्यसबेला कसैसँग बोल्दिन । १,२ घण्टापछि मात्रै बोल्छु । काम नसकेको बेलामा कहिले विहान भोकै स्कूल जान्छु । कहिले बेलुकी भोकै सुत्छु । आज पनि खान नखाई स्कूल आको । आज त काम सबै सकेको हो । विहान खायो भने दिउँसो खान

पाउँदैन । त्यसैले अब टिफिन छुटटीमा गएर खाने हो । मलाई काम गर मात्रै भन्छ । पढ कहिले भन्दैन । अनि धेरै गाली गर्छ ।"

–कक्षा ५ मा अध्ययनरत १० वर्षीय छात्र, सिन्धुपाल्चोक ।

यस्तो बालहिंसा घरभित्रै, गाउँटोल, छरछिमेकमा र अध्ययन अध्यापन गर्ने स्थानेहरूमै पनि हुने गरेको छ । अध्ययन क्षेत्रको रुपमा रहेको केही विद्यालयमा विद्यार्थीहरूलाई चर्को चर्को आवाजमा गाली गर्दै कुटपिट गर्दै गरेको अनुसन्धान टोलीले पनि भेटेको थियो । इन्द्रावती, सिन्धुपाल्चोकका आमा समूह, स्वास्थ्य स्वयंसेविका र अभिभावक समूह छलफलका सहभागीहरूले स्वीकारे, "घरपरिवारमा यति धेरै समस्या र तनावपूर्ण वातावरण हुन्छ । त्यस्तोमा हामी आफैले आफ्ना बालबच्चाहरूको राम्रोसँग ख्याल राख्न सकेका छैनौँ । उनीहरूसँग राम्रो व्यवहार गर्न सकेका छैनौ ।" बालबालिकाहरूमाथि हुने यस्ता दूर्व्यवहार र हिंसात्मक व्यवहारले उनीहरूमा शारिरीक र मानसिक आघात पुग्ने गरेको छ । त्यसैको फलस्वरुप उनीहरू उद्दण्ड, अनुशासनहीन र कूलततर्फ लाग्ने वातावरण बनिरहेको छ । त्यस्तो आनीबानी भएका विद्यार्थीहरूलाई घरपरिवार, समाज र विद्यालयले समेत माया देखाउँदैन, उचित व्यवहार गर्दैन । त्यसले बालबालिकाहरूलाई थप नकारात्मक व्यवहार गर्नेतर्फ ऊर्जा मिल्छ ।

लैंगिक अनुपातमा हेर्दा बालकहरूको तुलनामा बालिकाहरूले घरायसी कामको बोझ उठाएका, परिवारका पुरुष सदस्यहरूको हेरचाहसमेत गर्ने गरेको पाइयो । नाङलेभारे, काठमाडौँकी १३ वर्षीय बालिकाले आमा विदेश गएपछि बाबाले रक्सी खाएर मातेर आफ्नो किताब कापी च्यातिदिएको, जुत्ता डढाइ दिएको, आमासँग फोनमै झगडा मात्रै गरेको, आफू र भाईलाई कुटपिट गर्ने गरेको बताएकी थिइन् । बाबाको त्यस्तो दूर्व्यवहारको बाबजुदपनि उनी आमा नहुँदाखेरी बाबालाई कुनै कुराको कमी महशुश नहोस्, उनको स्वास्थ्य खराब नहोस् भनेर ख्याल राख्ने गर्छिन् । भाईको सम्पूर्ण कुराको ध्यान राख्छिन् । एउटै विद्यालयमा पढ्दै गरेका दिदीभाई हुन वा दाजुबहिनी बालिकाहरूले नै आफ्ना भाई वा दाइको लागि पनि सरसफाई गरिदिने, लुगाफाटो धोइदिने, समयमा घर आए नआएको ख्याल राख्ने, समयमा खाए नखाएको ध्यान दिने गरेको पाइयो । बाबा वा आमाहरूले पनि छोरीहरूमाथि बढी नै आड भरोसा देखाएर सबै कामकाजको बोझ सुम्पिएको देखियो । "छोरी भएर तिमीले सबैकुराको ख्याल राख्नुपर्छ । आफू बिग्रिने हैन, बरु दाइभाई वा बाबालाई समेत बिग्रिन नदिनेमा ध्यान दिनु" भन्ने खालको उपदेश बारम्बार पाइरहेकोले उनीहरू आफूलाई जिम्मेवार हुनैपर्ने ठान्छन् । यस्ता नैतिक र सांस्कृतिक जिम्मेवारी वहन गर्ने र गराइएकोमा बालकभन्दा बालिकाहरू बढी रहेका छन् ।

"हाम्रो स्कूलमा १० कक्षा पढ्ने एउटा केटा थियो । ऊ लडाकु स्वभावको थियो । भाङ खान्थ्यो, रक्सी र चुरोट पिउथ्यो । पढाई भइरहेको बेलामा पनि बजारतिर घुमीहिड्थ्यो । कक्षा ७ मा पढ्ने केटीलाई उसले लभ गरेर भगायो । केटा केटी दुबैको बाबा

विदेशमै हुनुहुन्थ्यो । उनीहरूको जात नमिल्ने अनि केटा खराब भएको थाहा पाएर केटीको बाबा विदेशबाट आयो । केटीको विहे अन्तै टाढाको गाउँमा केटा खोजेर हतार हतारमा गरिदियो । नजिकमा विहे गर्न त्यस्तो घटनाबारे थाहा पाउँछ र विहे टुट्छ भनेर धेरै दहेज दिएर टाढा विहे गरिदिएको हो । यस्ता बालविवाहका घटना मेरो वरिपरि थुप्रै भएको मैले देखेको छु । मेरो आफन्तीहरूभित्रै पनि यस्तो भएको छ । यस्तो घटना भएपछि मेरो आमा मलाई लिएर धेरै चिन्ता गर्नुहुन्छ । मलाई सम्झाइरहनुहुन्छ । त्यसैले म कोही केटासँग कुरै गर्दिन । म केटा साथी नै बनाउदिन । त्यस्तो गऱ्यो भने 'छिहत्तरी' (खराब केटी) भन्छन् हामीलाई । अस्ती भर्खरै मात्रै मेरो दुरको नाता पर्नेमा एउटा यस्तै घटना भएको थियो । १३ वर्षको केटी १९ वर्षको केटासँग भागेछ । केही समय त केटासँग राम्रै सम्बन्ध भयो । पछि केटाको परिवारले स्विकारेन । केटीको बाबा विदेशबाट फर्केर आयो । केटा पक्षलाई मुद्दा हालेको छ सम्बन्धविच्छेदको लागि । त्यसको लागि पैसा मागेको छ रे । मुद्दाको फैसला नहुञ्जेलसम्मको लागि केटीको बाबा यहि बस्ने भनेर आएको छ । आमा चिन्ताले बेहोस भएर अस्पताल नै पुऱ्याउनुपरेको थियो । यस्तो केसमा विदेशमा बाबा गएको छ र धनी छ भने बढी पैसा माग्छन् । गरिब नै छ भनेपनि दहेज दिएन भने केटीमाथि कुटपिट गर्ने गर्छन् ।"

–कक्षा १० अध्ययनरत १५ वर्षीय एक छात्रा, जनकपुर ।

छ. बालविवाह, भागी विवाह र दाइजो

वैदेशिक रोजगारले बेचबिखन, बहुविवाह, बालविवाह, भागीविवाह, सम्बन्धविच्छेद, घरेलु हिंसा, शारीरिक एवं मानसिक हिंसा बढ्न सघाएको कुरामा सबै स्रोत व्यक्तिहरूको एकमत थियो । "एक त सम्झाउने, बुझाउने अभिभावकको कमी, त्यसमाथि भर्भराउँदो उमेरकी छोरी भागेर गइदिने चलन पनि बढेको छ । त्यसैले छोरी बिग्रेली, समाजमा नराम्रो छवि बनाउँली, परिवारको इज्जत फाल्ली, अरुको बद्नियतको शिकार होली भन्ने डरले पनि चाँडै विवाह गरिदिने" चलन रहेको स्थानीय विज्ञहरूको भनाई थियो । यद्यपि बाल बिवाह भन्दा पनि भागी बिवाह बढी हुन थालेको सबैले बताए । तर पुष्टि हुने तथ्यांकहरू भने रहेको देखिएन । १८ बर्ष नपुग्दै बालबालिकाले बिवाह गर्ने संख्या ३७ प्रतिशत छ र नेपाल बाल बिवाह गर्ने सूचीमा १० औ स्थानमा पर्छ । विप्रेषणले उपभोक्तवादी संस्कृति ह्वात्तै बढायो । दाइजोमा त्यसको प्रत्यक्ष असर परेको छ । जनकपुरस्थित लक्ष्मीनियाँ जनता माविका एक शिक्षकले भनेका थिए, "हाम्रो समुदायमा रेमिटेन्स आएको घरमा दाइजोको रुपमा अपाची, पल्सर मागिन्छ । क्यासमा चलेको रेट ३-४ लाख हो । सामान्य घरमा ६-७ लाख, हुनेखाने वा डाक्टरको ६० लाख, इन्जिनियरको ३० लाख, शिक्षकको ५-१० लाख चलेको रेट हो ।" यो दरभाउ केटा पक्षले आफ्नो योग्यता र हैसियत अनुरुप केटी पक्षसंग माग गर्ने रकम हो ।

बालबालिकाहरूले समेत यी समस्याहरू औंल्याएका थिए । दाइजो प्रथा प्रचलनमा रहेको क्षेत्रमा वैदेशिक रोजगारमा गएका परिवारका छोरीहरूसँग विवाह गर्न चाहनेहरू बढेको स्थानीय विज्ञ एवं सरोकारवालाहरूको विश्लेषण थियो । दाइजोको रकम मागेअनुरुप दिन सक्ने हैसियत राख्ने वा जुटाउन सक्ने बुझाईले गर्दा त्यस्तो मानसिकताको विकास हुँदै गएको छ ।

उचित सिकाई र मायाप्रेम नपाएका बालबालिकाहरू सानै उमेरमा मायाको खोजीमा भौतारिन पुग्छन् । शारिरिक र मानसिक परिपक्वता नआइकनै गोप्य तवरमा प्रेमीप्रेमीकाको सम्बन्धमा बाँधिन्छन् । कतिपयले भागेर विवाह गर्ने गर्छन् । कतिपयले लुकीछिपी सम्बन्धलाई अघि बढाउँछन् । त्यस्तो सम्बन्ध बाहिर आएपछि विविध कारणले सामाजिक रुपमा अस्वीकार्य हुन्छन् । त्यस्तो सम्बन्धको दुष्परिणामबाट पन्छिनको लागि कम उमेरमै बालिकाहरूको बिहे गरिदिने र केटा पक्षको मागअनुसार आर्थिक वा भौतिक सरसामानहरू उपहारमा दिने चलन पनि रहेको पाइयो । त्यसले किशोरकिशोरीहरूमा पनि मानसिक चिन्ता र दबाब बढाएको छ । राम्रो पढ्नु, राम्रो परिवारिक सम्बन्ध बनाउनु मात्रै बालबालिकाहरूका लागि पर्याप्त छैन । साथमा परिवार, समाजको नजरमा नैतिकवान्, चरित्रवान् र गुणी बनीरहने नैतिक दबाब पनि परिरहेको छ ।

दाईजो लिनु नराम्रो हो, गैरकानुनी हो भन्नेबारेमा बालबालिकाहरू प्रायः जानकार थिए । तर, जनकपुरमा बालबालिकाहरूसँगको छलफल र अन्तर्वार्ताको क्रममा छात्रहरूमध्ये धेरैको एकमत थियो, "हाम्रो बेहेनहरूलाई दाइजो दिएपछि हामीले पनि लिनुपरिहाल्यो नि ।"

ज. यौनजन्य हिंसाको उच्च जोखिम

अभिभावक, आमा समूह र स्थानीय स्रोत व्यक्तिहरूले आमाबाबा विदेशमा रहेका किशोरकिशोरीहरू यौनजन्य हिंसाको शिकार हुनसक्ने बढी जोखिम रहेको औल्याए । खासगरी किशोरीहरूप्रति अभिभावक र आमा समूहहरूको चिन्ता व्यक्त भएको थियो । कतिपय अवस्थामा बलात्कारमा परेर उक्त घटना बाहिर आइसकेपछि मात्रै थाहा हुने हुँदा अरु खालको बाल यौन हिंसाका घटना सहजै बाहिर आउन गाह्रो छ । अनुसन्धान उत्तरदाताको रुपमा भेटिएको केही विद्यार्थी आफैले र आफ्ना साथीले यौन हिंसा खेपेको अनुभव पनि सुनाएका थिए । सिफल, काठमाडौँमा कक्षा ८ मा अध्ययनरत १३ वर्षीय एक छात्राले एउटै घरमा सँगैको कोठामा बस्ने भाडावाल अंकलले आफूमाथि यौन दूर्व्यवहार गरेको बताएकी थिइन् । बाबा विदेशमै बस्ने गरेको र आमासँग बस्दै गर्दा उक्त घटना भएको थियो । उनले आमालाई भनेपछि पीडकलाई प्रहरीले समातेको थियो । अर्की ७ कक्षामा अध्ययनरत लक्ष्मीनियाँ, जनकपुरकी १३ वर्षीय एक छात्राले आफूसँगै पढ्ने साथीलाई ट्यूसन पढाउने निहुँमा यौन हिंसा गरेको बताइन् । केही साथीहरू मिलेर उक्त घटनाबारे विद्यालयलाई जानकारी गराएको भएपनि पीडक अझैपनि सोही विद्यालयमा अध्यापनरत भएको र आफ्नो कुराको सुनुवाई नभएको उनको गुनासो थियो । "हाम्रो बाबा यही भएको भए र उहाँले यो कुरा भनेको भए सुनुवाई हुन्थ्यो होला कि ?" मधेसको सांस्कृतिक चलनमा आमा अर्थात् महिलाले यस्ता मामिलामा विद्यालयसँग कुरा गर्नु उचित नरहेको पनि उनको बुझाई थियो ।

वैदेशिक रोजगारप्रतिको बुझाई र त्यसको चक्र

वैदेशिक रोजगारीले ल्याएको सकारात्मक परिवर्तन सहजै स्वीकारिएको पाइयो । त्यसको नकारात्मक प्रभावहरूको सन्दर्भमा भने वैदेशिक रोजगारमा जानु उचित नरहेको पनि भन्ने अनि ठीक पनि गलत पनि जस्ता दोधारे विचारहरू राखेको पाइयो । मूलतः वैदेशिक रोजगारीमा अभिभावक जानु भनेको बच्चाहरूको स्याहार सुसार नपुग्ने जीवन बिग्रन सक्ने, उनीहरू कूलतमा धकेलिन सक्ने, हिंसा, बलात्कार, बेचविखन भन्ने बुझाई पनि छ । तर त्यस्को विकल्पको खोजी कार्यको प्रयत्नमा भने सामान्य खोजी गर्ने जाँगर पनि नगरेको देखिन्छ ।

वैदेशिक रोजगारप्रति बालबालिकाहरूको बुझाई मिश्रित खालको छ । काम गर्नकै लागि विदेश जानु भनेको राम्रो हो भन्ने विद्यार्थीको अनुपात कम थियो । त्यत्ति नराम्रो काम पनि होइन भन्नेहरू बढी थिए । र, नराम्रो हो भन्नेहरूमा बढीजसो पारिवारिक किचलो, तनाव र उचित अभिभाकत्वबाट वञ्चित भएकाहरू थिए । समाज र परिवारमा बढ्दो किचलो र विखण्डनको सन्दर्भमा वैदेशिक रोजगारीमा महिला जानु उचित नभएको अधिकांशको विचार थियो । बालबालिकाहरूले पनि बाबाआमा साथै होस् भन्ने चाहेपनि पारिवारिक बाध्यताका कारण कोही एकजना मात्रै बाहिर जानुपरेमा त्यो व्यक्ति सकभर आमा नभइदेओस् भन्ने मत दिए । तुलनात्मक रुपमा आमा भएका बालबालिका बढी स्वस्थ, तन्दुरुस्त र हसिलो मुहारका देखिन्थे । बाबाको भन्दा आमाको स्याहार सुसार र साथ उनीहरूको रोजाईमा परेको थियो । यस्ले त्यसो गर्नुमा सहमत हुनुमा वैदेशिक रोजगारबाट आउने पैसाले परिवार चलाउन सहज भएको र आफ्नो आवश्यकता र इच्छा पूरा भएको चाहनु हो । बाबा वा आमा विदेशबाट फर्केपछि सँगै बसुन् भन्ने एक मन रहेपनि त्यस्तो जिद्दी गर्न पनि नमिल्ने उनीहरूको विचार छ । किनकी उनीहरू वैदेशिक रोजगारको चक्रीय प्रभावभित्र पर्ने हुनाले वैदेशिक रोजगारको राम्रा र नराम्रा दुवै पक्षसँग उनीहरू केही न केही हदसम्म जानकार छन् । वैदेशिक रोजगारीमा जानु उनीहरूको जनजीविकाको एक अभिन्न अंग भइसकेको छ ।

> ***"मेरो बाबा र ममी अलग बस्न थालेको ४ वर्ष भयो । बाबा विदेश जान खोज्दा मेडिकलमा फेल हुनुभयो । उहाँ ड्रग एडिक्ट हो । अहिले सुधार केन्द्रबाट घर आउनुभएको छ । म पहिले बोडिङ पढ्थे । अहिले सरकारी स्कूलमा आएको छु । ममी पसल गर्नुहुन्छ । ममी डिभोर्स मागनुहुन्छ । बाबा दिनुहुन्न । दिए हुन्थ्यो भन्ने लाग्छ । बाबाले लुटपाट गर्नुहोला भन्ने डर लागिरहन्छ । ममी र बाबाको बाल विवाह भएको थियो । अहिले ममी मेरो बिहे भएको छैन भन्नुहुन्छ । मलाई भाई भन्नुहुन्छ अरुको अगाडि । बाबाले कमाउन सकेको भए एडिक्ट हुनुहुदैनथियो होला । र यस्तो समस्या पनि आउँदैथ्यो होला । "***
>
> –कक्षा ८ अध्ययनरत १३ वर्षीय छात्र, काठमाडौँ ।

अधिकाशंको नजरमा रोजगार भनेको १० बजे देखि ५ बजे सम्मको जागिर हो । औपचारिक शिक्षाको प्रमाणपत्र नभएकाले नेपालमा काम पाउँदैनन् । त्यस्ता व्यक्तिहरूले बिदेश जानैपर्छ भन्ने छाप परेको छ । श्रीमान् विदेशिएका महिलाहरू कामकाज छाडेर इन्टरनेटमा बढी नै तल्लीन रहने गरेकोले उनीहरू बिग्रिएका छन् भन्ने खालको अड्कलबाजी गर्नेहरू पनि धेरै भेटिए । तर त्यहि इन्टरनेट प्रयोगले देशविदेशको सूचना र जानकारीहरूसम्म उनीहरूको सहज पहुँच हुने गरेको पनि छ । इन्टरनेटको प्रयोगलाई आय आर्जनमा रुपान्तर गर्ने गराउने सोच र कार्यक्रमको अभाव छ । अर्कोतिर, नेपालमै रोजगारी वा व्यवसाय खोल्ने ध्येय राखेकाहरूलाई रोजगारी वा

उद्यमशीलता वा आर्थिक शसक्तिकरण कार्यक्रमको अभाव छ । त्यस्तोमा वैदेशिक रोजगारबाट फर्केर आएकामध्ये कतिपयले सानातिना व्यवसाय शुरु गरेपनि व्यवसायिक रुपमा अघि बढाउने र त्यसलाई टिकाउन धौँ धौँ परेको अवस्था छ । यस्तो अवस्थामा दोहोऱ्याई, तेहेऱ्याई वैदेशिक रोजगारमा जाने सिलसिला चलिरहेको छ । वैदेशिक रोजगारमा जाने चक्रमा बालबालिकाहरू स्वतः संलग्न हुन पुग्ने वातावरण निर्माण भइरहेको छ । त्यसैले आमाबाबाहरू विदेश जाँदा घरपरिवारको राम्रो व्यवस्थापन नभएपनि विदेशमा सिकेको काम नेपालमै गर्न सकिने कम सम्भावना र गरिहालेमा पनि उचित सम्मान र ज्याला नपाइने हुनाले फेरि विदेशिनुपर्ने बाध्यतालाई वैदेशिक रोजगारसँग सम्बन्धित बालबालिकाहरूले पनि बुझेका छन् ।

वैदेशिक रोजगारमा नगएका परिवारका बालबालिकाहरू पनि त्यसको प्रभावबाट अछुतो छैनन् । त्यस्ता परिवारका बालबालिकाहरूले पनि आफ्ना साथीहरूले झैँ आफूले चाहेको कुराहरूको उपभोग गर्न, बोडिङ स्कूलमा पढ्नको लागि वैदेशिक रोजगारीले सघाएको छ भन्ने बुझेका छन् । आमाबाबाहरूले आफ्ना इच्छा र रहरहरू सहजै पूरा गर्ने हैसियत बनाउन, अरुले झैँ आफूले पनि बोर्डिङ स्कूलमा जान सक्ने हुन आमा वा बाबा वैदेशिक रोजगारमा जाँदा ठिकै होला भन्ने मनसाय पनि राखेको पाइयो । वैदेशिक रोजगारमा जान नपाएका परिवारका बालबालिका पनि त्यसको मार खेप्न बाध्य छन् । वैदेशिक रोजगार समस्या पनि हो र कतिपय सन्दर्भमा समस्याको उपायको रुपमा पनि बालबालिकाले लिएका छन् ।

> ***"बहिनीकोमा छोरा छाडेर म विदेश गए । छोराले सँधै गेट खोलेर मलाई खोज्थ्यो अरे । मेरो चप्पल बोकेर छिमेकीको घर घरमा मलाई खोज्न जान्थ्यो अरे । आमाले काटेको अरुले चाटेको कहाँ हुन्छ र! अरुसँग मनको कुरा भन्न नसक्ने, आवश्यक परेको कुरा पनि माग्न नसक्ने रहेछ । म फर्केर आउँदा ऊ चुरोट पिउने भएछ । ७ कक्षासम्म मात्र पढ्यो । सानैमा विहे गऱ्यो । उसको आफ्नै परिवार पाल्न ऊ पछि कतार गयो, काम गर्न सकेन र फर्क्यो । म त्यसबेला विदेश नगएको भए मेरो छोराले राम्रो पढ्थ्यो र त्यसरी बिनासीपको वैदेशिक रोजगारमा जानुपर्दैनथ्यो भन्ने पछुतो लागिरहन्छ । अहिले छोरा, नाति सम्म हेर्ने जिम्मेवारी आफ्नो काँधमा छ ।"***
>
> –अभिभावक समूह छलफलकी एक अभिभावक, धरान, सुनसरी ।

बालबालिकाहरूको भविष्यको कार्यथलोको रुपमा वैदेशिक रोजगार रहेको मानसिकता भने अधिकांशमा रहेको थियो । विदेशमा ठूलै दुर्घटना परेको परिवार बाहेकका बालबालिकाहरूले आफ्नो बाबा वा आमाले धेरै दुःख गरेको, आफूहरूले पनि त्यसको लागि थुप्रै कुरामा सम्झौता गरेको भएपनि "राम्रो जीवन" को लागि नेपालमा अवसर नरहेको गुनासो गरे । पढाईमा अब्बल थोरै बालबालिकाहरूले मात्रै विदेशमा पढ्न जाने सोच बनाएका थिए । पढाईमा मध्यम र कमजोर विद्यार्थीहरूले भने विदेशलाई नै भविष्यको कर्मथलोको रुपमा सोचेका थिए । उनीहरूले नेपालमा काम नपाइने, कमाई "थोरै" हुने, वचत नहुने, हुँदा परिवारको आधारभूत आवश्यकतासमेत पुऱ्याउन गाह्रो हुने हुँदा राम्रो देशमा राम्रो तलब र सुविधा भएको देशहरूमा काम गर्न जान सकिने मत राखेका थिए । कतिपयले आमा वा बाबा गएकै देशमा जाने तर तुलनात्मक रुपमा राम्रो काम र तलबको खोजी गर्नेसम्मको सुझबुझपूर्ण राय दिए । कतिपयको सपना भने पढ्नको लागि विदेश जाने र पढिसकेपछि

विदेशमै राम्रो तलबमा राम्रो जागिर खाने, अर्थात् दक्ष श्रमिकको हैसियतमा काम गर्ने रहेको थियो । मकवानपुरका ९ कक्षा पढ्ने एक छात्रले "एसईईपछि काम गर्न कतार जान्छु । पढ्न जाँगरै चल्दैन । नेपालमा काम कता पाइन्छ थाहा छैन" भनेका थिए । भच्चेक, गोरखामा भने भुकम्पपछि वैदेशिक रोजगारमा जानेहरू बढेका र त्यसले बालबालिकामा पनि असर पारेको पाइयो । अजीरकोट गाउँपालिकाका अध्यक्ष तयराज गुरुङको भनाई थियो, "भुकम्पले घर भत्केकाले अनुदान त लिए । तर ३ लाखले घर बन्दैन । सामान्यत १० देखि १५ लाख लाग्छ । सबै घरले ऋण बोके । पैसा तिर्न सबै चिन्तित भए । युवाहरू बिदेश लागे । त्यसको असर बालबालिकाहरू अभिभावकबिना बस्नुपरेको छ । र उनीहरूले पनि आफ्नो भविष्य विदेश होइन भन्ने बुझ्न थालेका छन् ।"

नेपालमै बसेर काम गर्ने सपना बोकेका थोरै बालबालिकाहरू भने के गर्ने भन्नेबारेमा अन्यौलमा देखिन्थे । वैदेशिक रोजगारलाई "खराब" भनेर प्रचारप्रसार गरिएको, त्यसको नकारात्मक दुष्परिणामहरू प्रत्यक्ष भोगेको र नेपालमा के काम गर्ने के के अवसरहरू छन् भनेर जानकार नभएको हुनाले त्यस्तो अन्यौल पैदा भएको हो । नेपालमा कहाँ र के काम पाइन्छ भन्ने बारेमा "थाहा" नभएको बरु विदेश कसरी जाने, कहाँ सम्पर्क गर्ने, कुन देशमा के के कामहरू पाइन्छ भन्नेसम्मको जानकारी उनीहरूले विभिन्न माध्यमबाट पाउने गरेका छन् । जसको अर्थ हो, सूचना, जानकारी र सार्वजनिक हितमा जारी गरिने सामाग्रीहरूदेखि विद्यालयका पाठ्यक्रममा समावेश पेशा-व्यवसायको सन्दर्भमा नेपाली श्रम बजार र रोजगारको क्षेत्रहरू सम्बन्धि अत्यन्तै कमजोर र अनाकर्षक चित्र सम्प्रेषण गरिदै आइएको छ ।

वैदेशिक रोजगारीको चक्रमा पुस्तौपुस्ता जकडिएको, र आगामी पुस्तामा यसको असर पर्ने देखिन्छ । त्यो चक्रबाट अभिभावकका बालबच्चा र त्यससँगै आउँदो पुस्ता सतर्क हुने पन्छिने सम्भावनाको खोजी गर्न बाँकी छ । किनकी वैदेशिक रोजगार इच्छा वा अवसरभन्दा पनि रोजगारीको रुपमा एकमात्र विकल्पको रुपमा आर्थिक र शैक्षिक अवस्था कमजोर भएको परिवारका अभिभावकको सामुन्ने मात्रै हैन, बालबालिकाको सामुन्ने पनि स्थापित भएको छ । बाल व्यवसायी मावि, काठमाडौँका एक पूर्व विद्यार्थीले १२ कक्षा पास गरिसकेका थिए । आफ्नो जीवनयापनको लागि जागिरको खोजी गर्दा वैदेशिक रोजगार सहज विकल्पको रुपमा उनको सामुन्ने उभियो । प्रधानाध्यापकसमक्ष कक्षा ८ पास गरेका प्रमाणपत्र लिन आए । प्रधानाध्यापकले "विदेश नजाउ यही काम गर" भनेर सल्लाह दिए । उक्त पूर्व विद्यार्थीले "मलाई यही विद्यालयमा काम दिनुस् । म जुनसुकै विषय पनि पढाउन सक्छु वा जुनसुकै काम पनि गर्न तयार छु" भन्ने शर्त राखे । प्रधानाध्यापकले भने, "आत्मग्लानीका साथ मैले उनलाई कक्षा ८ को प्रमाणपत्र दिएर पठाए । मसँग उसको शर्त मान्ने ठाउँ नै थिएन । अनि यस्तोमा वैदेशिक रोजगारमा नजाउँ भन्नुमात्रै बेकार छ । हाम्रो वास्तविक धरातल अर्कै छ । " नेपालमा रोजगारीको सम्भावना छ भन्ने आधार बनाउन नसकिएको कारण बालबालिकाहरूलाई नेपालमै टिकाउन सक्ने अवस्था बन्न सकेको छैन । विदेशबाट फर्केर आएर नेपालमै पेशा व्यवसाय गरेका थोरै असल र सफल कामकाजीहरूलाई पनि उचित स्थान दिन र प्रचारप्रसार गर्न सकिएका छैनन् ।

विद्यालयको अनभिज्ञता र समस्या समाधानमा अपरिपक्वता

महत्वपूर्ण पक्ष, वैदेशिक रोजगारको सामाजिक लागत न्यूनीकरण गर्न सरकारले लागू गरेको अभ्यास र निर्माण गरेको नीति नियम र त्यसको कार्यन्वयनको प्रक्रियासँग विद्यालय, विद्यालयमा संलग्न शिक्षकशिक्षिका, प्रधानाध्यापकदेखि अभिभावकहरू समेत अनभिज्ञ रहेको पाइयो । विद्यालयमा कति विद्यार्थी त्यस्ता जोखिममा छन् भन्ने पहिचान गरिएको छैन । प्रत्येक विद्यालयले त्यसको पहिचान गर्न सक्छ र समस्याको समाधानको लागि पहल गर्न सक्छ । वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको अंगभंग भएमा वा मृत्यु भएमा दिने क्षतिपूर्ति र तिनको सन्तानले पाउने छात्रवृत्तिबारे आठवटै विद्यालय जानकार थिएनन् । वैदेशिक रोजगार बोर्डले मंसीर महिनामा छात्रावृत्तिबारेमा सबै विद्यालयहरूलाई जानकारी पठाइने व्यवस्था गरेको भनेपनि विद्यालयहरूले त्यस्तो सूचना अहिलेसम्म नपाएको बताए । सरकारले वेबसाइटमा जानकारी राखेपछि सूचना दिइयो भन्ने धारणा राख्छ । तर स्थानिय निकाय तथा नागरिकहरूसमक्ष त्यो सूचना कसरी पुऱ्याउने र उनीहरू त्यसबाट लाभान्वित हुन् भन्नेतर्फ ध्यान दिइएको छैन । नागरिकहरू पनि आवश्यक जानकारी र सूचनाको खोजी गर्नेतर्फ अग्रसर भएको पाइदैन ।

त्यस्तै, विद्यालयहरूमा धेरै संख्यामा वैदेशिक रोजगारसँग सम्बन्धित बालबालिकाहरूले कक्षा ८ मा पढ्ने गरेको भएपनि त्यसतर्फ अहिलेसम्म ध्यान नदिएको कुरा प्रधानाध्यापकहरूले नै स्विकार गरेका थिए । वैदेशिक रोजगारीको नकारात्मक प्रभावहरू सदृश्य देख्दै र अनुभव गर्दै आएकोबारेमा पनि उनीहरूले खुलेर आफ्नो मत जाहेर गरेका थिए । वैदेशिक रोजगारीको प्रभावमा बालबालिकाको दैनिकी असहज, मानसिक रुपमा समस्यामा परेको, पठनपाठनमा समस्याहरू उत्पन्न हुँदै गएको भएपनि त्यसलाई वैदेशिक रोजगारसँग गाँसेर समस्याको समाधान गर्नेतर्फ ध्यान नै दिइएको छैन । अभिभावकहरूको अनुपस्थितिमा खाना नखाइकन विद्यालय आउने वा खाजाको व्यवस्था नभएकाहरूका लागि यदाकदा खाजाको व्यस्था गरिदिने, फोहोरी र अपूरो पोशाकमा उपस्थित भएमा सरसफाई र अनुशासन सिकाउनेसम्मको व्यवस्था विद्यालयहरूले गरेका छन् । त्यसबाहेक मानसिक समस्यासँग जुँधीरहेका, एक्लोपन र मायाको अभावले उद्दण्ड, अटेरी र कूलतमा फस्ने सम्भावना बोकेका विद्यार्थीहरूको हकमा दण्ड सजाय दिनेबाहेकका व्यवस्था गरिएको छैन । यस्ता समस्या समाधानको लागि अभिभावक र विद्यार्थीहरूसँगको छलफल र परामर्श नगण्य मात्रामा हुने गरेको वा हुँदै नभएको अवस्था थियो ।

अभिभावकहरू आफ्ना बालबच्चाहरूले के कस्तो पढ्दैछन् भनेर सोधखोज गर्ने काममा चुकेका छन् । विद्यालयले पनि परिक्षाफल लिन बोलाउँदासमेत विद्यालयमा उपस्थित हुन नसक्ने अभिभावकहरूसँग भेटघाट र छलफल गर्न खासै प्रयत्न नगरेको पाइयो । अभिभावकहरू "स्कुल पठाउने दायित्व हाम्रो हो, बच्चा पढाउने जिम्मेवारी विद्यालयको" भन्ने र विद्यालयले पनि "विद्यालय समयमा हामीले पढाउने, सिकाउने हो, बाँकी समय घरपरिवारमा विताउँछन् त्यसबेला अभिभावकहरूको जिम्मा हो" भनेर एक अर्कामा जिम्मेवारी पन्छाउने प्रवृत्तिको मारमा बालबालिकाहरू परेका छन् ।

अतिरिक्त क्रियाकलापअन्तर्गत खेलकुद प्रशिक्षकसमेत नराखिएको वा खेलकुदसम्बन्धी ज्ञान र रुचीविहिन विद्यालयको पुरानो/पाको शिक्षकलाई प्रशिक्षकको पदमा राखिएको पाइयो । बालबालिकाहरूलाई शारिरीक र मानसिक व्यायाममार्फत् चुस्त दुरुस्त र ताजा राख्ने प्रयाससमेत गरिएको छैन । विद्यार्थीहरूको पढाईप्रतिको रुची कम हुँदै

जानुमा विद्यालयको पुरानै पठनपाठने शैली र संरचना, शिक्षकशिक्षिकाहरूमा देशकाल परिस्थितिअनुरुपको सामयसापेक्ष ज्ञान र पढाईको शैलीको अभाव हुनु पनि एउटा कारण हो । अजीरकोट गाउँपालिकाका अध्यक्ष तयाराज गुरुङको भनाई थियो, "बच्चा अहिलेका कुरा गर्छन् शिक्षक पहिलेका कुरा । विद्यालय र शिक्षकहरू प्रविधिमैत्री छैनन् । समसामयिक कुरा गर्न नसक्ने शिक्षकलाई विद्यार्थीले पत्याउदैनन्, यसरी विद्यालयप्रति बालबालिकाको आकर्षण कम हुँदै गएको छ् । स्कुल ब्यवस्थापनको यस बिषयमा गम्भिर ध्यानाकर्षण भएको छैन । यस्तै छ भनेर चुपचाप लाग्नेको संख्या बढ्दो छ, तर अब वडा र पालिकाहरूले यसमा काम गर्नुपर्छ नत्र हामी झन् झन् वैदेशिक रोजगारको नकारात्मक असरको भुमरीमा पस्दै जाने छौ ।"

निष्कर्ष तथा सुझाव

वैदेशिक रोजगारका समग्र पक्षलाई सम्बोधन गर्न विश्वका अन्य मुलुकहरूसँगै ग्लोबल कम्प्याक्टमार्फत् वैदेशिक रोजगारलाई नियमन गर्ने कार्य प्रारम्भ गरेको छ । नेपालले भने नेपालको संविधान २०७२, बालबालिका सम्बन्धि ऐन २०७५, बाल विवाह अन्त्य गर्ने नीति, २०७२ लगायतका कानूनी प्रावधानमार्फत् बाल अधिकार सुनिश्चत गर्ने प्रतिबद्धता ब्यक्त गरेको छ । वैदेशिक रोजगार नीति, वैदेशिक रोजगार ऐन, नियमावली तथा कार्य योजना बनाई वैदेशिक रोजगारलाई नियमन गरिएको छ । यी प्रयासका बाबजुद नेपालमा वैदेशिक रोजगारको सामाजिक लागत उच्च भएको र यसको नकारात्मक र दुरगामी असर पर्ने निष्कर्ष यो अध्ययनले निकालेको छ ।

मुख्यरुपमा यस अध्ययनले वैदेशिक रोजगारको समाजिक मुल्य वा लागत न्यूनीकरण गर्न सरकारको नीति, कार्यक्रममा समन्वय र लगानीको अवश्यकता रहेको प्रष्ट देखाएको छ । वैदेशिक रोजगार, बाल अधिकार, शिक्षा, स्वास्थ्यलगायतका बिभिन्न क्षेत्रमा नेपालमा प्रगति भएको देखिएता पनि वैदेशिक रोजगारमा गएका अभिभावकहरूका बिशेष गरी सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाका हक अधिकार हनन् भएको देखिन्छ । मुख्यरुपमा संबिधानले तय गरेको प्रत्येक बालबालिकाले आमा र बाबु दुबैको माया स्नेह र स्याहारसुसार पाउने हक हनन् भएको छ । बालबालिकाको बालापन हराएको छ, कतिपय बालबालिका दिशाहिन बनेका छन् । मुख्यरुपमा नेपाल सरकारले माध्यमिक तहसम्म शिक्षा निःशुल्क गराएता पनि बालबालिकाको शिक्षाको कारण देखाइ वैदेशिक रोजगार जाने नेपालीको संख्या ठुलो छ । यो बिरोधाभासका बिषयलाई प्रचारप्रसारमा ल्याउन सके आगामी स्थानिय तहका नीति तथा कार्यक्रमद्वारा यसलाई संबोधन गर्न सकिन्छ ।

वैदेशिक रोजगारीमा गएका अभिभावकका बालबालिकाको मनोसामाजिक अवस्था जोखिममा छ । मनोसामाजिक परामर्शमा उनीहरूको पहुँच शुन्य प्रायः छ । समग्रमा भन्दा विभागीय मन्त्रालय, संघ, प्रदेश र स्थानिय सरकारवीचको समन्वय र वैदेशिक रोजगारको बृहत नीति तथा कार्यक्रममा बालबालिका, दाम्पत्य जीवन र परीवारको बिषय प्राथमिकतामा छैन । त्यसको प्रभावस्वरुप आगामी पुस्ताहरूले वैदेशिक रोजगारीको सामाजिक आर्थिक मुल्य भारी मात्रामा चुकाउनु पर्ने देखिन्छ ।

रोजगारीको अधिकार, महिला र पुरुषको जन्मसिद्ध मौलिक अधिकार हो तर यस सिद्धान्तको प्रतिपालनाका सन्दर्भमा वैदेशिक रोजगारमा गएका अभिभावकका बालबालिकाप्रतिको कर्तव्य सँगसँगै उठान गर्न सकिएन । यसैले कर्तव्यसहितको अधिकारको पैरवी हुन नसकेकाले बालबालिका थप जोखिममा परीरहने अवस्था छ । धरान उपमहानगरपालिकाका कार्यवाहक मेयरले आमा बाबुको वैदेशिक रोजगारमा जाने हक पहिले आउँछ कि बालबालिकाको हक अधिकार पहिले आउँछ भन्ने बिषयमा छलफल हुन पर्ने बताइन् । महिला कामदारका सन्दर्भमा कि प्रतिबन्ध लाउने कि खुला गर्ने वीच, कसरी सुरक्षित हुने, कसरी आय आर्जन गर्ने, परीवार कसरी बलियो बनाउने भन्ने सन्दर्भमा छलफल र मन्थन असाध्यै कम भएको छ ।

संघीय प्रणालीमा मुलुक गएसँगै विद्यालयहरू स्थानिय तहको जिम्मेवारीभित्र पर्दछ । तर जोखिममा परेका बालबालिकाको तथ्यांक निर्माण गरिएको छैन । आवश्यकतानुसार पाठयक्रम बनाउने अधिकार स्थानीय तहलाई दिएता पनि धेरै कम स्थानिय तहले यसको थालनी गरेका छन् । विभिन्न कारणले सामुदायिक एवं सरकारी विद्यालयप्रतिको अभिभावक र बालबालिकाहरूको आकर्षण कम छ । आर्थिक अवस्था कमजोर भएको कारण बाध्य भएर सामुदायिक वा सरकारी विद्यालयमा पढाउनु वा पढ्नु परेको धेरैको भनाई थियो । त्यसैले बालबालिकाहरूको शिक्षामा सहज पहुँचको साथै सरकारी तथा सामुदायिक विद्यालयप्रतिको बुझाई परिवर्तन गर्दै गुणस्तरीय पठनपाठनको लागि आवश्यक भौतिक सेवा सुविधा, प्राविधिक एवं विषयगत ज्ञान सीप र विज्ञको उपलब्धता र संलग्नताको पाटोमा संघ र वैदेशिक रोजगार बोर्डले केहि समयसम्म सहयोग उपलब्ध गराउनु उचित देखिन्छ ।

वैदेशिक रोजगारमा घरेलु काममा २० बर्ष अघिदेखि पटक पटक लागेको प्रतिबन्धको सुक्ष्म रुपमा समिक्षा गरिएको छैन । संरक्षणबादी सोचअन्तर्गत त्यस्ता नीतिहरू अपनाइएका थिए । त्यसले लैंगिक बिभेद बढाएको छ । महिला कामदार लुकेरै वैदेशिक रोजगारमा जाने अभ्यास र प्रकृयालाई अनौपचारिक तवरमा संस्थागत गर्दै लगेको छ । त्यसरी लुकेर गएका महिलाहरूले रोजगारीको क्रममा छुट्टीमा आएर आफ्ना बालबालिका भेट्ने अधिकार पाउँदैनन् । समस्या परेको अवस्थामा सरकारी तवरमा उपलब्ध सेवा सुविधाहरू जस्तै उद्दार, क्षतिपुर्ति, उनीहरूका बालबालिकालाई प्रदान गरिने छात्रबृत्तिलगायतका सहयोगबाट वञ्चित हुने गरेका छन् । यद्यपि वैदेशिक रोजगार महिलाका लागि खुला गर्दैमा पितृसत्तात्मक पारिवारिक संरचनामा स्वतः आवश्यक फेरबदल हुँदैन । त्यसैले बाल अधिकार हनन्को विषय ठूलो चुनौतिको रुपमा रहेको छ । श्रीलंकाको एक अध्ययनले वैदेशिक रोजगारीबाट फर्केका कामदारलाई पुनएकिकरण कार्यक्रम ल्याउँदा बालबालिकामा हुने दुर्व्यवहार र बालश्रम घटेको देखायो । नेपालको सन्दर्भमा पनि उक्त अभ्यास उपयुक्त हुन सक्छ ।

वैदेशिक रोजगारको सामाजिक मुल्य, यसको वास्तविक अवस्था र स्तरको पहिचान र मापन गर्नको लागि गहन र वृहत स्तरको अध्ययन अनुसन्धान भएको छैन । यसको असर हिमाल, पहाड र तराईमा अनेक कारणले अलग अलग हुनसक्छ । जसको खोजबिन पनि त्यसैगरी गर्न आवश्यक छ ।

वैदेशिक रोजगारले परिवार र बालबालिकाहरूको जीवनमा आधारभूत आवश्यकता परिपूर्ति गरि केही हदसम्म आर्थिक अवस्थामा सुधार ल्याएको देखिन्छ तर त्यो दिगो भने देखिदैन । अर्कोतिर, बालबालिकाहरूलाई खर्चिलो

जीवनको अभ्यास गर्नेदेखि एक्लोपना, आमाबाबाको अनुपस्थितिले उनीहरूमा कार्यबोझ र जिम्मेवारीपनको भार परेको छ । आमाबाबाको सम्बन्धमा आउने किचलोपनले मानसिक र मनोवैज्ञानिक तवरमा उनीहरूलाई नकारात्मक प्रभाव पारेको छ । वैदेशिक रोजगारको लाभ लिँदालिँदै त्यसको दुष्प्रभावको चपेटामा परेका छन् ।

बालबालिकाहरूमा संस्कार, भुगोल, उपभोक्ताबादी लहर, बाध्यता, नेपाल सरकारले महिला कामदारका लागि लगाएको प्रतिबन्ध तथा अन्य विविध परिस्थितिले फरक फरक घनत्वमा वैदेशिक रोजगारको प्रभाव परेको छ । कसैले आमाको मात्रै साथ, माया, पीडा, समस्या, खुशी र बानीव्यवहार बुझ्ने अवसर पाएका छन् । उनीहरूले आमासँग मात्रै आफ्नो भावनात्मक र पारिवारिक सम्बन्ध स्थापित गर्ने मौका पाएका छन् । कसैले आमा र बाबा दुवैको साथ, माया, खुशी र समस्याहरू बोध गर्नै पाएका छैनन् । कसैले बाबाको गलत आनीबानी र व्यवहार भोगेको छन्, कसैले आमाको गलत छवि दिमागमा बोकेका छन् । त्यसैले बालबालिकाहरूको चौतर्फी विकासमा नकारात्मक छाप पार्दै लगेको छ । स्थानीय भौगोलिक बनोट, सांस्कृतिक विविधता, देखासिकी आदिले पनि वैदेशिक रोजगारीको सामाजिक मूल्यको प्रभाव र प्रकृतिमा फरकपन देखाएको छ । पहाडी भेगमा श्रीमती विदेश पठाउने र श्रीमान् वा छोराछोरीले इच्छ्याएको सरसामान (मोटरसाइकल, स्कूटर, मोवाइल आदि) किन्न माग गर्ने चलन पनि भित्रियो । जनकपुरको लक्ष्मनियाँ गाउँपालिकामा भने श्रीमान् वा छोराहरू मात्रै वैदेशिक रोजगारमा जाने र छोरीको विवाह खानदानी र पढेलेखेको केटासँग गर्नको लागि दाइजो दिनसक्ने हैसियत बनाउने प्रवृत्ति पनि बढेको छ ।

वैदेशिक रोजगारले ल्याउने समस्यालाई वैदेशिक रोजगारमा जाने व्यक्तिलाई उसको लैंगिक` आधारमा तुलना गर्दा समस्या झन् बढाएको छ । उसले के गर्न हुने वा नहुने, उसको जिम्मेवारी के कति हो भन्नेबारेको हाम्रो समाजको पुरातन सोचले समस्यालाई धेरै बढाएको छ । बालबालिकाहरूको मनमा वैदेशिक रोजगारमा गएका आमाबाबाप्रतिको सकारात्मक वा नकारात्मक सोचको विकास गर्ने गराउने काम पनि त्यही मानसिकताअन्तर्गत हुने गरेको छ । महिलाहरू कामकाजको लागि जहाँसुकै जान सक्छन् भन्ने मान्यताको विकास भएपनि उनीहरूको लैंगिक भूमिका र जिम्मेवारीहरूमा परिवर्तन ल्याउने मानसिकताको विकास भइसकेको छैन । यद्दपी कतिपय बालबालिकाहरू बिदेश जानुको विकल्प नै देख्दैनन् । आय आर्जन भनेको रोजगारी हो यसको लागि पढाइ चाहिन्छ भन्ने सबैको बुझाई छ । यद्यपि रोजगार भनेको १० देखि ५ बजे सम्म गर्ने जागिर मात्रै हो भन्ने बुझाई पनि छ । यो बुझाइलाई स्पष्ट गर्न ब्यापक रुपमा बहस थालनी गर्नु र पाठयक्रममा आवश्यक विषयवस्तु समावेश गरिनु आवश्यक छ ।

मूलत वैदेशिक रोजागारीले बालबालिकाहरूमा परेको प्रभावको वास्तविक अवस्था देखाउँने आँकडा उपलब्ध भइसकेको छैन । जेलमा परेका, सुधार गृहमा रहेका, दुर्घटनामा परेका अभिभावकका जोखिममा रहेका बालबालिकाको तथ्याङ्क संकलन गर्न आवश्यक छ । कति बालिका यस्ता जोखिममा छन भन्ने तथ्याकं बिध्यालयमा समेत छैन । केही मात्रामा चर्चामा आएका तथ्यहरूको आधारमा निर्मित वैदेशिक रोजगारको प्रभाव न्यूनीकरण वा रोकथामको नीति र कार्यक्रमहरू पर्याप्त छैनन् ।नेपाल सरकारको केन्द्रीय, संघीय र प्रदेशीय सूचना सम्प्रेषणको संयन्त्र र माध्यम प्रभावशाली छैन । नेपालको राज्य पुनसंरचना पश्चात वैदेशिक रोजगार संघीय सरकारको जिम्मेवारी हो तर

शिक्षा, स्वास्थ्य, रोजगारीसम्बन्धी जिम्मेवारी स्थानीय सरकारको हो । यसबारेमा स्थानीय र संघीय सरकारवीचमा समन्वय र सूचना आदानप्रदान प्रभावकारी रुपमा भएको छैन ।

मुख्यतय संघीय सरकारले निर्माण गरेको नीति र सञ्चालन गरेको कार्यक्रमहरूबारेमा स्थानीय तह लगायत विद्यालयहरू अनभिज्ञ छन् । विद्यालयका प्रतिनिधि र स्थानीय सरकारका प्रतिनिधिवीच हुने छलफल तथा बैठकहरूमा वैदेशिक रोजगार र त्यसको असरबारेमा छलफल गरिदैन । विद्यालयले पनि कस्ता पृष्ठभूमिका बालबालिका बढी जोखिममा छन् भन्ने तथ्यलाई ध्यान दिएको छैन । मुख्यतया वैदेशिक रोजगारमा गएका अभिभावकको बालबालिकाको पढाइ खस्केको, लवाई खवाई, स्याहारसुसारमा कमीकमजोरी भएको अनुभव गरेपनि त्यसको खोजी गर्ने विषयवस्तुलाई बैठकमा राख्ने र त्यसलाई सावधान गर्ने पहल अत्यन्तै कम छ । कतिपय बच्चाहरू कक्षामा भोकै आउने, झोक्राएर बस्ने अनि झुलेर बस्ने, कतिले भोक टार्न बाल श्रम गर्न होटल, सवारी साधनमा काम गर्न जाने गरेको पाइयो । विद्यालयदेखि स्थानीय तह र बालबालिका केन्द्रीत संघसंस्थाहरूले त्यसो हुनुको वास्तविक कारण खोतल्ने र त्यसको समाधान खोज्नेतर्फ ठोस कदम चालेको देखिदैन । बाल क्लबमा यस्ता कुरा यदाकदा उठ्छन् तर यसमा के गर्ने भन्ने दिगो पहल हुन सकेको छैन । वैदेशिक रोजगारको क्रममा श्रम स्वीकृति समय अवधिमा अपांग वा मृत्यु भएका अभिभावकका बालबालिकाले पाउने छात्रवृत्तिका बारेमा अधिकांश विद्यालय र स्थानीय तहलाई जानकारी छैन । अर्कोतिर, लापता भएका, जेल परेका दीर्घ रोगीका बालबच्चा पनि समस्यामा हुन्छन्, तिनीहरूको अवस्था सम्बोधन हुन आवश्यक छ । प्रध्यानाध्यापकसँग र मेयरवीच प्रत्येक महिना बस्ने बैठकमा पनि यस्ता विषयमा ठोस छलफल नभएको पाइयो ।

अधिकांश अभिभावकहरू आफ्नो आर्थिक अवस्था सुधिएको खण्डमा बालबच्चाहरूलाई निजी स्कूल अर्थात् बोर्डिङतिर पठाउने सपना देख्छन् । बालबालिकाहरूको बुझाईमा पनि निजी विद्यालयमा राम्रो र स्तरीय पठनपाठन हुन्छ भन्ने मानसिकताको विकास भएको छ । सामुदायिक एवं सरकारी विद्यालयहरूले चौतर्फी रुपमा आफ्नो शैक्षिकस्तरमा सुधार गर्नुपर्ने, देखिन्छ । भच्चेकका वडा अध्यक्ष तय राज गुरुङ भन्नुहुन्छ, “विद्यार्थी र शिक्षक, विद्यार्थी र अभिभावकवीच ठुलो दुरी छ । बालबालिका अहिलेका प्रबिधिका कुरा गर्छन्, शिक्षक पहिलेका पुराना कुरा गर्छन् । दुवै समुहवीच एकअर्कामा विश्वासको अभाव पनि छ ।”

विदेशिएका अभिभावकहरूदेखि स्थानीय अभिभावकत्वको जिम्मा लिएका अभिभावकहरूले पनि आफ्ना बालबच्चाहरूमाथि कामकाज र नैतिकताको भार बोकाएका छन् । घरपरिवार सम्हाल्दै पढाईमा राम्रो गर्नुपर्नेसम्मको जिम्मेवारीमा रहेका बालबालिकाहरू वास्तविक उमेरभन्दा दुईगुणा बढी उमेरको व्यक्तिले निर्वाह गर्ने भूमिकामा बाँधिएका छन् । त्यसले निर्णायक व्यक्तित्वको विकास, परिपक्कपन आउने भएपनि त्यसले उनीहरूको समग्र विकासमा असर पुऱ्याइरहेको छ । समग्रमा बालबालिकाहरूको बालअधिकारको हनन् भइरहेको छ । कतिपय अवस्थामा बाल श्रम शोषण भइरहेको छ । बाल गृह, सुधार गृह, सेल्टरमा यस्ता बालबालिका राख्ने आधार, अनुगमनसहित एकिकृत जानकारी बोर्डले बार्षिक प्रतिबेदन, वेबसाइटमा राख्न सहजीकरण गर्न आवश्यक छ । यस्ता जटिल र जोखिममा हुर्किरहेका बालबालिकाहरूलाई भोलिको उत्पादनशील र सिर्जनशील जनशक्तिमा रुपान्तरण गर्ने प्रमुख दायित्व

राज्यको हो । अबको समय आउँदो उदाउँदो पुस्तालाई बलियो बनाउन पहल गर्ने हो । त्यसको लागि राज्यले लगानी गर्नुपर्छ । किनभने बालबालिकाको कमजोर हुकाईबढाई, शिक्षा, स्वास्थ्य आदिले मुलुक समृद्ध हुनै सक्दैन ।

सुझाव

यस अध्ययनको आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

वैदेशिक रोजगार बोर्डको सचिवालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट गरिनुपर्ने

- ✓ बालबालिकाका हकमा वैदेशिक रोजगार सम्बन्धी सामाजिक सुचना सामग्रीमा समावेश गराई त्यसको लागतबारे ब्यापक रुपमा जनचेतना जगाउने ।
- ✓ वैदेशिक रोजगारको भविष्यमा लाग्ने सामाजिक आर्थिक लागत तथा चौतर्फी असर व्यापक रुपमा समाजमा देखा पर्दै गइरहेको छ । तिनको वास्तविक अवस्था र स्तरको पहिचान र मापन गर्नको लागि र भविष्यमा उक्त असर न्यूनीकरण गर्नको लागि अध्ययन अनुसन्धान कार्यलाई निरन्तरता दिने तथा कामदारको तथ्यांक संकलन गर्न प्रतिनिधीमुलक र समावेशी राष्ट्रिय सर्भे गर्ने ।
- ✓ आमा वा बाबुको वैदेशिक रोजगारको अधिकारलाई कर्तब्यसँग जोडी हरेक बालबालिकाले अभिभावकको माया, स्याहारसुसार, रेखदेखको अधिकारहुन्छ भन्ने बाल अधिकारबारे प्रचार पसार गराउने ।
- ✓ बालबालिकाको संरक्षण र लालनपालनका लागि पारिवारिक पुनएकिकरण कार्यक्रम सञ्चालन गर्ने र उक्त कार्यक्रममा समाजिक मूल्यको बिषय समाहित गर्ने ।
- ✓ कामदारका परिवारहरूलाई विदेशको कमाई कसरी उद्यममा उपयोग गर्न सकिन्छ र उद्यमी बन्न सकिन्छ भन्नेबारे जानकारीमुलक छलफल, कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ करार अवधिमा अपागंता वा मृत्यु भएसँगै, बिरामी परेका वा लापता भएका जेलमा परेका जस्ता समस्यामा परेका कामदारका बालबालिकाका लागि पनि छात्रवृत्तिको मापदण्डमा समाहित गर्ने साथै यसको ब्यापक प्रचार प्रसार र छात्रवृत्ति कार्यक्रमे कार्यान्वयनको अनुगमन गर्ने ।
- ✓ काम भनेको १० देखि ५ बजे सम्मको रोजगार मात्र होइन भन्ने सोचाइलाई सम्बोधन गर्न वैदेशिक रोजगारबाट फर्केर पेशा ब्यवसाय गर्दै गरेका, खेती किसानी गर्दै गरेका, साना ठूला उद्यमी बनेकाहरूको कामकाजहरूलाई प्रचार प्रसार गरी प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गर्ने ।
- ✓ बैदेशिक रोजगार सम्बन्धी प्रशिक्षण पाठ्यक्रमहरुमा बालबालिका तथा परीवारमा पर्ने असर र न्युनीकरण बिषय समावेश गराउने ।
- ✓ शिक्षा, स्वास्थ्य, महिला, कृषि, श्रम मन्त्रालय लगायतको उच्चस्तरीय संयत्र बनाइ वैदेशिक रोजगारीमा सम्बद्ध परीवारका बालबालिका जोखिम, कुलत, बिरामी र अपराधजन्य गतिबिधिलाई सम्बोधन गर्न प्रदेश, गाउँ तथा पालिकाहरूका आवधिक योजना, बार्षिक योजनामा कार्यक्रम निर्माण गर्ने र समस्याको सम्बोधनको लागि निकायगत समन्वय तथा व्यापाक प्रचार प्रसार गर्ने ।

- ✓ वैदेशिक रोजगारको प्रभावसँग मनोवैज्ञानिक र मनोसामाजिक तवरमा लड्नको लागि लक्षित समूहहरूको पहुँच र सहभागिता अनुरुप मनोसामाजिक परामर्शमा क्षमता अभिबृद्धि गर्न सरकारको श्रम, स्वास्थ्य तथा शिक्षा जस्ता बिषयगत निकाय र सरकारका तीनै तहविच समन्वयात्मक पहल गर्ने । बोर्डको सचिवालयले यस्ता जनशक्ति तयार गर्न स्थानीय निकायसगं सहकार्य गर्ने । इजरायल तथा अन्य मुलुकबाट फर्केर आएका कामदारहरूलाइ समेत यस बिषयमा प्रशिक्षण दिई बालबालिकाको हक र अधिकार` बिषय सम्बोधन गर्ने ।
- ✓ वैदेशिक रोजगारीको सामाजिक मुल्य र बालबालिकामा पारेको असर बिषयलाई सम्बोधन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वृहत छलफल गरी लक्षित समूहसम्म सूचना पुऱ्याउन आप्रवास स्रोत केन्द्र -MRC जस्ता संयन्त्रलाई चुस्त बनाउन व्यवस्थित र व्यापक संयन्त्रको निर्माण गर्नु पर्नेछ । सूचना सम्प्रेषण बहुभाषा र बहुमाध्यमहरूबाट गर्नु प्रभावकारी हुने ।
- ✓ वैदेशिक रोजगारीबाट फर्केर आएकाहरूले गरेका सफल र व्यवसायिक कामकाजहरूलाई अभिलेखीकरण गरी तिनको व्यापक प्रचारप्रसार गरी स्वदेशमै काम गर्न सहजीकरण गर्नुपर्दछ ।

शिक्षा मन्त्रालय र स्थानीय निकायसँगको समन्वयमा विद्यालयले गर्नुपर्ने

- ✓ वैदेशिक रोजगार सम्बन्धी कक्षा ८ को पाठयक्रमले वैदेशिक रोजगारीमा जाने जानकारी मात्रै दिएको छ, जो अहिलेको आवश्यकताअनुरुप छैन । त्यसलाई सान्दर्भिक बनाई १०० पुर्णाङ्कको पाठ्यक्रम बनाउन आवश्यक छ । जसमा वैदेशिक रोजगारीको सामाजिक मूल्यको पक्षलाई समेटेर स्थानीय तहसम्म पुऱ्याउन सहजीकरण गर्ने ।
- ✓ वैदेशिक रोजगारीमा सम्बद्ध परिवारका बालबालिकामा परेको मानसिक असर सम्बोधन गर्न विद्दालयमा मनोपरामर्श सेवाको व्यवस्था, उद्यमशीलता, जिबिकोपार्जन, रोजगार, वैदेशिक रोजगार तथा यससँग सम्बन्धित अन्य बिषयहरू जस्तैः न्युनतम ज्यालाबारे स्टयार्ण्डड नमुना पाठयक्रम बनाएर पाठयक्रम परीमार्जनका लागि सम्बन्धित निकायसँग सहजीकरण गर्ने ।
- ✓ बालबालिकाहरूमा परेको समस्याहरूको सुनुवाई गर्न, उनीहरूमा परेको मनोसामाजिक प्रभावहरू कम गर्न प्रत्येक विद्यालयहरूमा मनोपरामर्शकर्ताको व्यवस्था गर्ने ।
- ✓ एक्लोपन, मायाको अभावका कारण अनुशासनहीन र कूलततर्फ लम्कदै गरेका बालबालिकाहरूको लागि दण्ड सजायको सट्टा माया ममता, उचित परामर्श र वातावरण निर्माणमा विद्यालय परिवार, अभिभावक तथा सरोकारवाला निकायको भुमिका तोक्ने ।
- ✓ शिक्षा मन्त्रालयसँगको समन्वयमा सरकारी स्कुलहरूमा खेलकुद प्रशिक्षक अनिवार्य नियुक्ति गर्नेबारे वकालत गर्ने ।

गृह मन्त्रालय तथा स्थानीय निकायसँगको सहकार्य

- ✓ वैदेशिक रोजगारीमा संलग्न परिवारका अभिभावक र उनीहरूका बालबालिकाहरू कहाँ के कति संख्यामा छन् र उनीहरूको जोखिमको अवस्था मापन गर्न सकिने खालका तथ्यांक संकलन गरी जोखिम न्यूनिकरणको लागि पहल गर्ने ।

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश तथा स्थानीय सरकारले गर्नसक्ने काम:

- ✓ वैदेशिक रोजगारमा गएका कामदारका बालबालिकामा पर्ने सामाजिक मुल्य बारे छलफल गराउने तथा बाल अधिकार, जेष्ठ नागरिकको अधिकार र दाम्पत्य जीवन र सम्बन्धहरू बलियो बनाउन, परिवार सुदृढीकरण गर्न छलफल, तथा अभियान सञ्चालन गर्ने ।
- ✓ घरेलु काममा प्रतिबन्ध लाग्दै र छाड्दै गरेको २० बर्ष भएकाले यस अवधिमा प्रतिबन्धका कारण उत्पन्न भएका समस्याहरूको विस्तृत र सुक्ष्म अध्ययन, समीक्षा र विश्लेषण गर्ने तथा त्यसको आधारमा नीति नियम तथा कार्यक्रम सुधार वा परिमार्जन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसगं सहकार्य गर्ने ।
- ✓ वैदेशिक रोजगारीका समयमा बालबालिकाको हक अधिकार, अभिभावकको दायित्व तथा परिवार संरक्षण तथा सुधृढीकरणबारे बहस प्रारम्भ गराउने । समाज कल्याण परिषद् अन्तर्गत बालअधिकार विषयमा कार्यरत संघसंस्थामार्फत् वैदेशिक रोजगारमा गएका परिवारका बालबालिका हक, अधिकारबारे व्यापक छलफल गर्ने ।

स्वास्थ मन्त्रालयसँग सहकार्य:

- ✓ मानसिक अस्पतालमा वैदेशिक रोजगार सम्बन्धी कति र कस्ता बिरामी आए, तथ्यांक संकलन र प्रचार प्रसार गर्ने ।
- ✓ हरेक स्थानीय तहमा मनोपरामर्शदाताको व्यवस्था गर्न सहकार्य गर्ने ।

स्थानीय तहसँगको सहकार्य

- ✓ स्थानीय तहमा अभिभावक, विद्यालय, विद्यार्थीको सञ्जाल बनाई वैदेशिक रोजगारका अनुभवबारे छलफल गराउने संयत्र बनाउन स्थानीय तहसँग समन्वय गर्ने ।
- ✓ विद्यालयहरूले वैदेशिक रोजगारमा आबद्ध परिवारका बालबालिकाहरूका निमित्त विशेष नीति र कार्ययोजना तर्जुमा गर्नुपर्ने । प्रत्येक महिना १ दिन मेयरसँग प्रधानाध्यापकको बैठकमा यस्ता बिषय उठान र सम्बोधन गर्ने ।
- ✓ श्रम स्वीकृतिको अवधि भर अपाङ्गता भएका तथा मृत्यु भएका कामदारको बालबालिकाले पाउने छात्रवृत्तिबारे स्थानीय तहहरूमा समयमै सूचना पुऱ्याउने प्रवन्ध मिलाउने । त्यसबारे सुचनाको हकको सुनिश्चत गर्न व्यापक छलफल, प्रचार प्रसार, प्रशिक्षण कार्यक्रम सञ्चालन र त्यसको निरन्तर अनुगमन गर्ने ।

- ✓ वैदेशिक रोजगारबाट फर्कन चाहने तथा फर्केका कामदारको रोष्टर बनाई पुनः एकिकरण कार्यक्रम सञ्चालन गर्ने र स्थानीय तहलाई यस बिषय सम्बोधन गर्न सहयोग र समन्वय गर्ने ।

सन्दर्भ सूची

कान्तिपुर । २०७६ । वैदेशिक रोजगारीले दाम्पत्यमा फाटो । २५ जेठ । https://www.kantipurdaily.com/pradesh-5/2019/06/08/155996668928031661.html.

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय । २०७४ । *नेपालको संविधान* । काठमाडौं: नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय । २०७४ । *बाल बालिकासम्बन्धी ऐन, २०७५* । काठमाडौं: नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

राई, कैलाश । २०७६ । बद्लिदो दाम्पत्य । *नेपाल* । https://nepalmag.com.np/news/2019-08-06/20190806134214.html ।

जोशी श्रेष्ठ, शरु । २०७० । *एउटा सिन्को भाँची हेर्दा* । काठमाडौं: म्याग लाइब्रेरी ।

श्रम तथा रोजगार मन्त्रालय । मिति उल्लेख नभएको । *सुरक्षित वैदेशिक रोजागरका लागि राष्ट्रिय रणनीति कार्ययोजना २०७२* । काठमाडौं: नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय ।

सहभागी, दिदीबहिनी र दलित महिला संघ, २०१५, *नेपालमा महिलाको प्रगति (सन् १९९५-२०१५), सारभूत समानता: सम्झौता हुन नसक्ने* । काठमाडौं: सहभागी, दिदीबहिनी, दलित महिला संघ र युएन विमेन ।

साम्पाङ, गणेश । २०७६ । दाम्पत्यमा दरार आएपछि... । *नेपाल* । १३ जेठ । http://nepal.ekantipur.com/news/2019-05-27/20190527160806.html । २५ जेठ, २०७६ मा हेरिएको ।

ILO. 2015. *No easy exit – Migration bans affecting women from Nepal*. Geneva: Fundamental Principles and Rights at Work (FUNDAMENTALS); Labour Migration Branch (MIGRANT), International Labour Organization.

Ministry of Labour and Employment. 2018. *Labour Migration for Employment: A Study Report for Nepal: 2015/16-2016/2017*. Kathmandu: Government of Nepal, Ministry of Labour and Employment.

Rahman, M. 2009. Temporary migration and changing family dynamics: Implications for social development. *Population, Space & Place*, 15:161–174.

Safer Migration Project. 2016. Title . http://www.sami.org.np/uploads/social-cost-1536571285.pdf

The Asia Foundation. 2017. Title of the study. https://asiafoundation.org/publication/labour-migration-remittance-economy/

The Himalayan Times. 2018. 122 Rescued from Illegal Child Care Home. 18 May.

UN Women. 2018. Returning Home: Challenges and Opportunities for Women Migrant Workers in the Nepali Labour Market. Retrive from http://www2.unwomen.org/-/media/field%20office%20eseasia/docs/publications/2019/03/np-rwmw_report_web-compressed.pdf?la=en&vs=3525 on 2nd June 2019.

UN Women. 2011. Rapid Assesment on The Status of Women in Seven Countries.

www.bbc.com. 2018. नेपाली कामदार मृत्युको मुख्य कारण 'मुटुको समस्या' । २८ मार्च । https://www.bbc.com/nepali/news-43589575 । २५ जेठ, २०७६ मा हेरिएको ।

UN Global Combat. https://www.unglobalcompact.org/take-action/events/1635-un-global-compact-leaders-summit-2018

अनुसूचीहरू

१. अनुसूची एक

अनुसन्धान सहभागीहरूका लागि मञ्जुरी फारम

वैदेशिक रोजगारको सामाजिक मूल्यः बालबालिकामा परेको प्रभावसम्बन्धी अनुसन्धान २०७६

वैदेशिक रोजगारको सामाजिक मूल्यः बालबालिकामा परेको प्रभावसम्बन्धी अनुसन्धानबारे अनुसन्धानकताद्वारा मलाई जानकारी गराइएपश्चात म यो अनुसन्धानमा **स्रोत व्यक्ति/मुख्य उत्तरदाता/समूह छलफलको उत्तरदाता**को रुपमा सहभागी हुन सहमत छु । यो अनुसन्धानमा सहभागी भएर मैले भनेका कुराहरू **नाम उल्लेख गरेर/नाम उल्लेख नगरीकन** अनुसन्धान प्रयोजनको लागि उपयोग गर्ने अनुमति दिएको छु । मैले भनेका कुराहरू रेकर्ड गर्न **सहमत** / **असमत** छु ।

सहभागीको नाम	**हस्ताक्षर**
१.	.....
२.	.....
३.	.....
४.	.....
५.	.....
७.	.....
८.	.....
९.	.....
१०.	.....
११.	.....
१२.	.....

अनुसन्धानकर्ताको नाम र हस्ताक्षरः .....**मितिः**.....

२.अनुसूची दुई

अनुसन्धान सहभागी बालबालिकाका अभिभावकहरूका लागि मञ्जुरी फारम

वैदेशिक रोजगारको सामाजिक मूल्यः बालबालिकामा परेको प्रभावसम्बन्धी अनुसन्धान २०७६

वैदेशिक रोजगारको सामाजिक मूल्यः बालबालिकामा परेको प्रभावसम्बन्धी अनुसन्धानबारे अनुसन्धानकर्ताद्वारा मलाई अभिभावकको हैसियतमा जानकारी गराइएपश्चात म यो अनुसन्धानमा **स्रोत व्यक्ति/मुख्य उत्तरदाता/समूह छलफलको उत्तरदाता**को रुपमा आफ्नो **बच्चा/बच्चाहरू**लाई सहभागी गराउन मञ्जुरी दिएको छु । यो अनुसन्धानमा सहभागीको रुपमा मेरो बच्चाले भनेका **कुराहरू रेकर्ड गरेर/रेकड नगरीकन** र **नाम उल्लेख गरेर/नाम उल्लेख नगरीकन** अनुसन्धान प्रयोजनको लागि उपयोग गर्ने अनुमति दिएको छु ।

मञ्जुरी दिने अभिभावकको नाम र हस्ताक्षरः .....

अभिभावक र बच्चावीचको नाता सम्बन्धः प्रअ-विद्यार्थी, कक्षा शिक्षक/शिक्षिका, ...

विद्यालयको नाम/ठेगाना (अभिभावकको रुपमा प्रअ/शिक्षकशिक्षिका भएमा): .....

मितिः .....

अनुसन्धान सहभागी बालबालिकाहरूको नामः

३. अनुसूची तीन

समूह छलफलको लागि प्रश्नावली

१८ वर्ष मुनिका स्कूले विद्यार्थी समूहका लागि

(थिमेटिक रुपमा जान्न खोजिएको विषयवस्तुकेन्द्री उत्तरहरू ल्याउनु मुख्य कुरा हो । हरेक प्रश्नहरू हुबहु सोधिनुपर्छ भन्ने होइन)

[अनुसन्धान गरिरहेको विषयवस्तु, सन्दर्भ र त्यसको औचित्यबारे संक्षेपमा जानकारी गराउने । सहमति पत्रबारे जानकारी गराई तत्कालिन अभिभावकको मञ्जुरीमा विद्यार्थीहरूका विचारलाई अनुसन्धान प्रयोजनको लागि प्रयोग गर्न अनुमति लिने ।]

छलफलको स्थानः .....

विद्यालयको नामः .....

अध्ययनरत कक्षाः .....

छलफलको समयावधिः .....

सहभागी संख्याः .....

सहभागीको लैंगिक अनुपातः महिला .....जना, पुरुष ....., अन्य ..... जना

मितिः .....

परिचयः

अन्तर्वार्ताकारले सहभागीहरूमाझ आफ्नो परिचय दिने र सहभागीहरू सबैको पालैपालो परिचय लिने–

१. नाम ..... उमेरः .....

२. बसोबासको ठेगाना (गाउँ र जिल्ला): .....

३. कोसँग बस्दै आएको/कहाँ बस्दै आएको (होस्टेलमा पनि हुनसक्ला): .....

४. परिवार संख्याः ..... साथमा कतिजना बस्ने गरेको हो .....

५. बाबु वा आमा वा दुबैजना वैदेशिक रोजगारमा जानुभएको हो ? कुन देशमा ? कहिले ? कतिपटक ? कति समयको लागि ?

वैदेशिक रोजगारसम्बन्धी धारणा

६. तपाईहरूको अभिभावकहरू कमाउनको लागि बाहिर जानुभएको रहेछ, त्यसरी जानुभएकोमा कस्तो लाग्छ ? किन ?

७. उहाँहरू जानुभएपछि तपाईहरूको जीवनमा के के परिवर्तन भएको छ ? के के राम्रो कुराहरू भएको छ जस्तो लाग्छ ?

८. उहाँहरू नजानुभएको भए के हुन्थ्यो होला ? अथवा अहिले भइरहेको के चाहिँ हुँदैनथ्यो होला जस्तो लाग्छ ?

आमा-बुबाको अनुपस्थितिको मानसिक प्रभाव

९. तपाईहरूलाई आफ्ना आमा बुबाको याद त आउँछ नै होला । सबैभन्दा बढी कत्तिबेला वा कस्तो अवस्थामा उहाँहरूको याद आउँछ ? त्यस्तो बेलामा तपाईहरू के गर्नुहुन्छ ?

१०. आमा र बुबासँगै बस्दा र आमा वा बुबासँग मात्रै बस्दा वा आमाबुबाबाहेक अरु आफन्तसँग बस्दा केही फरक अनुभव गर्ने गर्नुभएको छ ? (विद्यालयमा, घर र गाउँ, टोल छिमेकमा, साथीहरूसँग) कस्तो खालको फरक ?

११. आमाबुबासँग कति कति समयमा कुराकानी गर्नुहुन्छ ? के मा कुरा गर्नुहुन्छ ?

१२. के के कुराहरू प्रायजसो आमाबुबालाई सुनाउनुहुन्छ ? आमाबुबाले तपाईहरूलाई के के भन्ने गर्नुहुन्छ ?

१३. आफूलाई केही समस्या पर्‍यो वा कुनैपनि कुराहरू भन्नुपरेमा, केही मद्दत माग्नुपरेमा कस्लाई भन्ने गर्नुहुन्छ ? किन ?

१४. त्यसरी कुराहरू भन्नलाई सजिलो गाह्रो कस्तो लाग्छ ? किन ?

१५. आमाबुबा भइदिएको भए सजिलो हुन्थ्यो वा कुरा बुझिदिनुहुन्थ्यो जस्तो लाग्छ ?

१५. तपाईहरू साथीहरूबीचमा आफ्ना समस्याहरू वा मनमा लागेका कुराहरू साटासाट गर्नुहुन्छ ? कस्ता कुराहरू गर्नुहुन्छ ?

१६. तपाईहरूको मनको कुरा कस्ले बुझेको छ जस्तो लाग्छ ? किन ? नबुझेको भएन किन नबुझेको होला जस्तो लाग्छ ?

१७. तपाईहरूको मिल्ने साथीहरूको आमाबाबाहरू पनि विदेशमा कमाउन जानुभएको छ ? तपाईहरू के भएर मिल्ने साथी हुनुभएको हो ?

१८. आमाबाबासँगै बस्दै गरेका तपाईहरूका साथीहरू र तपाईमा केही फरक छ जस्तो लाग्छ ? किन ?

खर्च व्यवस्थापन

१९. पढ्नबाहेक तपाईहरूलाई के के गर्न मन लाग्छ ? के के कुराहरू चलाउन मन लाग्छ ? खानेकुराहरू के खान मन लाग्छ ? घुमडुल र रमाइलो गर्न ?

२०. त्यस्ता कुराहरू गर्न, त्यस्ता चीज किन्नको लागि पैसा कहाँबाट ल्याउनुहुन्छ ? कस्लाई माग्नुहुन्छ ? कसरी खर्च गर्नुहुन्छ ?

२१. तपाईहरूको पढाई, लुगाफाटादेखि अरु सबै खालका कामकाजको लागि खर्चहरू कस्ले गरिदिनुहुन्छ ? आफै वा अरु कसैले ? आफैले हो भने कसरी गर्ने गर्नुभएको छ ?

विद्यालयसँगको सम्बन्ध र व्यवहार

२२. तपाईहरूलाई स्कूलमा पढ्न रमाइलो लाग्छ कि लाग्दैन ? किन ?

२३. स्कूलको सबैभन्दा मनपर्ने कुराहरू के के हुन् ? किन मन परेको हो ?

२४. अनि मन नपर्ने कुरा पनि त होलान् ? मन नपर्ने कारण चाहिँ के होला ? (साथीहरूको व्यवहार, शिक्षकशिक्षिकाहरूको व्यवहार अथवा अरु के कारण हुनसक्ला)

२५. सर-म्यामहरूले विद्यार्थीहरूलाई माया गर्नु हुन्छ जस्तो लाग्छ ? कसरी ?

२६. सर-म्यामहरूले कहिलेकाहीँ गाली पनि गर्नुभएको होला कि ? किन त्यस्तो गर्नुभएको थियो ? गल्ती गरेर कि अरु नै कारणले गाली गर्नुभएको थियो ? (स्कूल ढिला जाँदा, साथीसँग झगडा गर्दा, गृहकार्य नगर्दा वा अरु के कारणले)

बालबालिकाहरूको राम्रोको लागि के गर्न सकिन्छ

२७. स्कूलले के गर्‌यो भने तपाईहरूजस्तै विद्यार्थीहरूलाई अझ राम्रो हुन्थ्यो जस्तो लाग्छ ? आफनो लागि अझै बालबालिकाहरूका लागि

२८. अरु क-कसले तपाईहरूको लागि राम्रो गरिदिए हुन्थ्यो जस्तो लाग्छ ? अनि के के गर्दा राम्रो हुन्छ होला ?

अबको योजना

२९. तपाईहरूलाई आफ्नो जीवनमा के गर्ने रहर छ ? के बन्ने मन छ ? किन ?

३०. त्यो कसरी गर्ने होला ? त्यसमा कस्ले मद्दत गर्न सक्छ जस्तो लाग्छ ?

अन्त्यमा,

हामीले नसोधेको तर तपाईहरूलाई भन्न मन लागेको केही कुरा छ भने भन्नुहोला ।

४. अनुसूची चार

स्रोत व्यक्ति अन्तर्वार्ता खाका

[विद्यालयका **प्रधानाध्यापक** वा **शिक्षकशिक्षिका**सँगको अन्तर्वार्ताको लागि । अनुसन्धान उद्देश्य सहमति पत्रबारे जानकारी गराई अन्तर्वातामा भनिएका कुरालाई अनुसन्धान प्रयोजनको लागि प्रयोग गर्न अनुमति लिने ।]

अन्तर्वार्ता दिने व्यक्तिको नामः .....

पदः ..... (शिक्षकशिक्षिका हो भने कति कक्षासम्मकालाई पढाउने हो):.....

विद्यालयको नामः .....

ठेगानाः .....

अन्तर्वार्ताको समयावधिः .....

मितिः .....

अन्तर्वार्ताबाट ल्याउनुपर्ने कुराहरूः

१. वैदेशिक रोजगारबारेको धारणा ।

२. वैदेशिक रोजगारमा गएका अभभिावक र उनीहरूका बच्चाहरूबारेको जानकारी र धारणा ।

३. स्कूलमा अध्ययनरत बच्चाहरूमध्ये वैदेशिक रोजगारमा गएका अभिभावकका बच्चाहरूबारेको जानकारी ।

४. ती बच्चाहरूको दैनिक आनीबानी, पढाई र अन्य क्रियाकलापहरूबारेको जानकारी ।

५. अरु र वैदेशिक रोजगारमा गएका अभिभावकका बच्चाहरूबीचको फरकपन ।

६. विद्यालयले त्यस्ता बच्चाहरूको लागि केही व्यवस्था गरेको वा नगरेकोबारेको जानकारी । (भौतिक एवं अरु खालका व्यवस्थाहरूः जस्तै होस्टेलको व्यवस्था, परामर्श र सल्लाह सुझावहरू दिने आदि)

७. वैदेशिक रोगजारमा गएका अभिभावकका बच्चाबच्चीहरूमा समस्या भए नभएकोबारेको जानकारी ।

८. समस्याहरू भएमा तिनको खुलस्त विवरण र तथ्य कथाहरू ।

९. त्यस्ता समस्याहरूलाई विद्यालयले समस्या मानेर समाधान गर्ने प्रयत्न गरे नगरेको जानकारी ।

१०. आमाबाबाको अनुपस्थितिमा बालबालिकाहरूको स्थानीय अभिभावकहरूको व्यवहार (विद्यालयप्रति, बालबालिकाप्रति) र त्यसले पारेको प्रभाव ।

११. विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरे नगरेको जानकारी । गरेको भए त्यसबारेको सम्पूर्ण जानकारी ।

१२. वैदेशिक रोजगारीमा गएका अभिभावकहरू र तिनको बालबच्चाको लागि केही व्यवस्थाको आवश्यक परे नपरेको बारेको धारणा ।

१३. त्यस्तो व्यवस्थाहरू क-कसले गर्नुपर्दछ । के के गर्नुपर्दछ । कसरी गर्न सकिन्छ भन्ने कुराहरू ।

५. अनुसूची पाँच

स्रोत व्यक्ति अन्तर्वार्ता खाका

[**पत्रकार** तथा विषयवस्तुसम्बन्धी **जानकार व्यक्ति**सँगको अन्तर्वार्ताको लागि । अनुसन्धान उद्देश्य सहमति पत्रबारे जानकारी गराई अन्तर्वातामा भनिएका कुरालाई अनुसन्धान प्रयोजनको लागि प्रयोग गर्न अनुमति लिने ।]

अन्तर्वार्ता दिने व्यक्तिको नामः .....

पेशाः .....

संस्था भएमा संस्थाको नामः.....

ठेगानाः .....

अन्तर्वार्ताको समयावधिः .....

मितिः .....

अन्तर्वार्ताबाट ल्याउनुपर्ने कुराहरूः

१. वैदेशिक रोजगारमा जानेहरूको उद्देश्य र पारिवारिक अवस्था, पारिवारिक सम्बन्ध र समस्याहरूबारे ।

२. त्यस्ता पुरै परिवार र बालबालिकाहरूमा पारेको प्रभावहरूबारे । अर्थात् नकारात्मक परिवर्तनहरूबारे ।

३. बालबालिकाहरूमा देखिएको समस्याहरूबारे (मानसिक र शारिरीक र बानीव्यहोरामा देखिएका समस्या आदि) ।

४. बालबालिकाहरूको पढाई र हुर्काईबढाईमा आएको परिवर्तन र समस्याहरूका बारे ।

५. त्यस्ता बालबालिकाहरू कूलत वा दूर्व्यसनमा परेका भएमा त्यसबारेको पूर्ण जानकारी ।

६. वैदेशिक रोजगारमा गएका परिवारभित्र भएका कुनै विशेष खालका घटनाहरू भएमा वा बालबालिकाहरूको सन्दर्भमा घटेका समस्यामूलक घटनाहरू भएमा त्यसबारेको पूर्ण जानकारी ।

७. त्यस्ता समस्याहरूलाई समाज, विद्यालय, स्थानीय निकाय, प्रहरी, परिवारहरूले कसरी लिने गरेका छन् भन्ने बारेमा ।

८. त्यस्ता समस्या वा नकारात्मक परिवर्तनहरूको सन्दर्भमा कुन कुन निकायहरूले के के गर्नसक्छन् वा गर्नुपर्दछ भन्नेबारेमा ।

९. त्यस्ता नकारात्मक परिवर्तनहरूको दीर्घकालिन असरहरूबारेमा । (बालबालिकाका हकमा, परिवारका हकमा, समाज परिवर्तनको हकमा)

६. अनुसूची छ

बालबालिकासँगको व्यक्तिगत अन्तर्वार्ताको लागि प्रश्नावली

(प्रश्नहरू हुबहु सोधिनुपर्छ भन्ने होइन । थिमेटिक रुपमा जान्न खोजिएको विषयवस्तुकेन्द्री उत्तरहरू ल्याउनेतर्फ सचेत हुन आवश्यक छ।)

[अन्तर्वार्ताको लागि तत्कालिन अभिभावकसँग मञ्जुरी लिने । अनुसन्धान गरिरहेको विषयवस्तु, सन्दर्भ र त्यसको औचित्यबारे संक्षेपमा जानकारी गराउने । सहमति पत्रबारे जानकारी गराई अन्तर्वातामा भनिएका कुरालाई अनुसन्धान प्रयोजनको लागि प्रयोग गर्न अनुमति लिने ।]

अन्तर्वार्ताको समयावधिः ..... मितिः .....

स्थानीय/तत्कालिन अभिभावकः .....

परिचयः

१. अन्तर्वाता दिने व्यक्तिको पूरा नाम ..... उमेरः ..... लिंग.....

२. बसोबासको ठेगाना (गाउँ र जिल्ला): .....

३. विद्यालयको नामः..... कक्षाः .....,

४. कोसँग बस्ने गरेकोः ..... परिवार संख्याः .....

५. वैदेशिक रोजगारमा को जानुभएको/गएर आउनुभएको ..... कुन देशमा .....कतिपटक ..... कति समयको लागि .....

दैनिक कामकाजको भार र त्यसको असर

६. दैनिक रुपमा तपाईले के के कामहरू गर्नुहुन्छ ? (विहान उठेदेखि राती सुत्ने बेलासम्ममा)

७. ती कामहरू गर्नको लागि तपाईलाई क-कस्ले मद्दत गर्नुहुन्छ ?

८. आमाबाबा साथमा हुँदा तपाईले यी सबै कामहरू आफैले गर्नुपर्थ्यो ?

९. यी कामहरू तपाईले नगरेमा के हुन्छ जस्तो लाग्छ ? किन ?

१०. अनि स्कूल जान, पढ्नमा समस्या पर्छ पर्दैन ? वा यस्ता कामहरू गर्नुपर्दा तपाईलाई मन लागेको कुरा गर्न पाउनु हुन्छ कि हुन्न ?

११. यदि समस्या परेको हो भने त्यसबारेमा कसैसँग कुरा गर्नुभएको छ ?

१२. त्यसपछि के भयो ? समस्या कम भयो ? समस्या हट्यो ? वा केही भएन ?

१३. बाबाआमा सँगै भइदिएको भए यस्तो बेलामा केही फरक हुन्थ्यो होला जस्तो लाग्छ ?

- बाबा वा आमा वा अरु जोसँग बसेको हो, उहाँसँगको सम्बन्ध कस्तो छ, अभिभावकको रुपमा उहाँको भूमिका र व्यवहार कस्तो लाग्छ ?

आमाबाबासँग टाढा बस्दाखेरी सम्बन्धमा आएको दुरी वा मनोसामाजिक प्रभाव

१४. आमा/बाबा कमाउन बाहिर जानुभएपछि तपाईलाई कस्तो लाग्यो ?

१५. आमा/बाबासँग कति कति दिनमा वा समयमा कुरा गर्नुहुन्छ ? केमा कुरा गर्नुहुन्छ ?

१६. उहाँहरूसँग के के कुराहरू गर्न मन लाग्छ ? के के कुराहरू गर्ने गर्नुभएको छ ? उहाँहरूले के के भन्ने गर्नु हुन्छ ?

१७. आफ्ना कुराहरू कोसँग गर्न बढी सजिलो लाग्छ ? किन ?

१८. कुनै समस्या पर्‍यो वा केही गर्नुपर्‍यो भने कोसँग कुरा गरुँ भन्ने लाग्छ ? किन ?

१९. तपाईको कुरा कस्ले बढी बुझ्छ जस्तो लाग्छ ? कसरी ? बुझ्ने कोही छैनन् जस्तो लाग्छ भने आफ्ना मनभित्रका कुराहरूलाई कसरी आफैसँग राखिरहन सक्नुभएको छ ?

२०. (यदि आमा वा बाबा विदेश गएर फर्किनुभएको भएमा) आमा/बाबा फर्केपछि तपाईलाई कस्तो लाग्यो ? के के गर्नुभयो ?

दैनिक आवश्यकता परिपूर्ति

२१. पढ्नबाहेक तपाईहरूलाई के के गर्न मन लाग्छ ? के के कुराहरू चलाउन मन लाग्छ ? खानेकुराहरू के खान मन लाग्छ ? घुमडुल र रमाइलो गर्न ?

२२. त्यस्ता कुराहरू गर्न, त्यस्ता चीज किन्नको लागि पैसा कहाँबाट ल्याउनुहुन्छ ? कस्लाई माग्नुहुन्छ ? कसरी खर्च गर्नुहुन्छ ?

२३. तपाईहरूको पढाई, लुगाफाटादेखि अरु सबै खालका कामकाजको लागि खर्चहरू कस्ले गरिदिनुहुन्छ ? आफै वा अरु कसैले ? आफैले हो भने कसरी गर्ने गर्नुभएको छ ?

२४. स्कूलमा पढ्न छात्रवृत्ति पनि दिन्छन् ? ककसलाई दिएको छ भन्नेबारेमा थाहा छ ? कि तपाईले पनि पाउनुभएको छ कि ? पाउनुभएको भए त्यसले केही मद्दत गरेको जस्तो लाग्छ ?

लैंगिक शोषण, दूर्व्यवहार र हिंसाका अनुभव वा जोखिमको अनुभव

२५. तपाईलाई स्कूलमा स्वास्थ्य शिक्षाबारेमा पढाएको छ ? त्यस्तैगरी यौन शिक्षाका बारेमा किशोरकिशोरीको हुर्कदो उमेर र शारिरीक परिवर्तनका बारेमा पनि सिकाएको छ ? छैन भने यी कुराहरूबारेमा तपाईलाई थाहा छ छैन ?

२६. तपाईलाई असजिलो लाग्नेगरी, नराम्रो लाग्नेगरी कसैले छुने, छुन खोज्ने, जिस्काउँने, तपाईको नजिक आउने वा आउन खोज्ने गरेको छ ? छ भने बताउन मिल्ला ?

२७. त्यस्तो गर्लान् कि भन्ने डर पनि लाग्ने गरेको होला कि ? को सँग डर लाग्छ ? कस्तो बेलामा डर लाग्छ ? बढीजसो कहाँ भएको बेलामा डर लाग्छ ? किन ?

२८. यसबारेमा कसैसँग तपाईले भन्ने गर्नुभएको छ ? वा भन्ने कोशीस गर्नुभएको छ ? कोसँग ? त्यसपछि के भयो ?

अपेक्षा र लक्ष्य

२९. आमाबाबाले अब के गरिदिए राम्रो हुन्थ्यो जस्तो लाग्छ ?

३०. तपाई र तपाई जस्ता बच्चाबच्चीहरूको लागि अरु के के भइदिए हुन्थ्यो जस्तो लाग्छ ? त्यस्तो कामहरू क-कस्ले गरिदिँदा राम्रो हुन्थ्यो भन्ने लाग्छ ? (स्कूलले, आफन्तले, अरु कुनै निकायले)

३१. तपाई आफू के बन्न चाहनुहुन्छ ? कसरी बन्ने होला ? त्यसको लागि ककस्ले सहयोग गर्न सक्नुहोला ?

७. अनुसूची सात

स्रोत व्यक्तिहरूको नामावली

प्रदेश नं. ३

काठमाण्डौ, सिफल/शंकरापुर

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	दिपक भुसाल	पुरुष	शिक्षक
२	केशु दाहाल	महिला	शिक्षिका
३	श्याम प्रसाद भण्डारी	पुरुष	प्रीन्सीपल
४	सीता ओझा	महिला	समाज सेवी
५	शान्ता प्रसाई	महिला	समाज सेवी
६	दान बहादुर बस्नेत	पुरुष	समाज सेवी
७	उत्तम अधिकारी	पुरुष	विदेशबाट फर्किएका कामदार
८	शुध्द कुमार डंगोल	पुरुष	वडा अध्यक्ष
९	रमेश कुमार	पुरुष	अभिभावक
१०	बिष्णु माया मगर	महिला	अभिभावक
११	रानी भण्डारी	महिला	अभिभावक
१२	देविका गौतम	महिला	अभिभावक
१३	भगवती खतिवडा	महिला	आमा समुह
१४	माया भण्डारी	महिला	आमा समुह
१५	पारु भट्टराई	महिला	आमा समुह
१६	सरस्वती कार्की	महिला	आमा समुह
१७	मेनुका सापकोटा	महिला	आमा समुह
१८	नवराज ढकाल	पुरुष	श्रोत व्यक्ति
१९	नविन तामाङ	पुरुष	श्रोत व्यक्ति

प्रदेश नं. ३

सिन्धुपाल्चोक, ईन्द्रवती ३

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	विष्णु थापा	पुरुष	अभिभावक
२	पदम बहादुर थापा	पुरुष	अभिभावक
३	कृष्ण बोल अधिकारी	पुरुष	अभिभावक
४	राज कुमार आचार्य	पुरुष	अभिभावक
५	बद्रि प्रसाद आचार्य	पुरुष	अभिभावक
६	सकुल थापा	पुरुष	अभिभावक
७	पुम बहादुर थापा	पुरुष	अभिभावक
८	चेत बहादुर आचार्य	पुरुष	अभिभावक

९	विजय तामाङ्ग	पुरुष	अभिभावक
१०	डिलु बहादुर तामाङ्ग	पुरुष	अभिभावक
११	ध्याम्चे तामाङ्ग	पुरुष	अभिभावक
१२	सिरिएस तामाङ्ग	पुरुष	अभिभावक
१३	गोकुल पुसाद शर्मा	पुरुष	अभिभावक
१४	भिमसेन अधिकारी	पुरुष	अभिभावक
१५	तोक बहादुर आचार्य	पुरुष	अभिभावक
१६	लिला बाँनियाँ	महिला	अभिभावक
१७	प्रमिला बाँनियाँ	महिला	अभिभावक
१८	आरती बानियाँ	महिला	अभिभावक
१९	अप्सरा बानियाँ	महिला	अभिभावक
२०	चन्द्र कुमारी बानिया	महिला	अभिभावक
२१	मन बहदुर खड्का	पुरुष	अभिभावक
२२	गोमा न्यौपाने	महिला	अभिभावक
२३	प्रेम माया तामाङ्ग	महिला	अभिभावक
२४	सुनिता आचार्य	महिला	अभिभावक
२५	सुभद्रा थापा	महिला	अभिभावक
२६	विन्दा तामाङ	महिला	अभिभावक
२७	सर्मिला तामाङ्ग	महिला	अभिभावक
२८	सुकि माया तामाङ्ग	महिला	अभिभावक
२९	काली तामाङ्ग	महिला	अभिभावक
३०	कान्छी तामाङ्ग	महिला	अभिभावक
३१	राधिका थापा	महिला	अभिभावक
३२	अस्मिता अधिकारी	महिला	अभिभावक
३३	रुकु थापा	महिला	अभिभावक
३४	सुभद्रा अधिकारी	महिला	अभिभावक
३५	लक्ष्मी आचार्य	महिला	अभिभावक
३६	चर्कुली तामाङ्ग	महिला	अभिभावक
३७	शान्ती तामाङ्ग	महिला	अभिभावक
३८	बलि माया तामाङ्ग	महिला	अभिभावक
३९	इन्द्र कुमारी तामाङ्ग	महिला	अभिभावक
४०	सविना तामाङ्ग	महिला	अभिभावक
४१	सुन माया तामाङ्ग	महिला	अभिभावक
४२	नानी माया बि.क.	महिला	अभिभावक
४३	प्रमिता तामाङ्ग	महिला	अभिभावक
४४	मोति माया तामाङ्ग	महिला	अभिभावक
४५	सोम माया तामाङ्ग	महिला	अभिभावक
४६	कमला न्यौपाने	महिला	अभिभावक
४७	पूर्ण माया तामाङ्ग	महिला	अभिभावक
४८	सीता ठकुरी	महिला	अभिभावक
४९	आस्था थापा	बालिका	विद्यार्थी
५०	खुशी आचार्य	बालिका	विद्यार्थी
५१	बिनदा तामाङ्ग	बालिका	विद्यार्थी

५२	सन्तोषी आचार्य	बालिका	विद्यार्थी
५३	रितु तामाङ्ग	बालिका	विद्यार्थी
५४	निरुता तिरुवा	बालिका	विद्यार्थी
५५	रञ्जना थापा	बालिका	विद्यार्थी
५६	निशान आचार्य	बालक	विद्यार्थी
५७	बिशाल तामाङ्ग	बालक	विद्यार्थी
५८	सौगात आचार्य	बालक	विद्यार्थी
५९	मनोज तामाङ्ग	बालक	विद्यार्थी
६०	सुमन आचार्य	बालक	विद्यार्थी
६१	श्वेता थापा	बालिका	विद्यार्थी

प्रदेश नं. ३

मकवनपुर, महेन्द्रज्योति, मनोहरी

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	अञ्जना तिम्सिना	बालिका	विद्यार्थी
२	स्वीतीका वल	बालिका	विद्यार्थी
३	सम्पदा अधिकारी	बालिका	विद्यार्थी
४	निलम दर्जी	बालिका	विद्यार्थी
५	राम सुनार	बालक	विद्यार्थी
६	राशन न्यौपाने	बालक	विद्यार्थी
७	अनुप अर्याल	बालक	विद्यार्थी
८	अनिशा सुनार	बालिका	विद्यार्थी
९	नानी मैया सुनार	बालिका	विद्यार्थी
१०	सुस्मिता लोप्चन	बालिका	विद्यार्थी
११	स्वस्तीका वल	बालिका	विद्यार्थी
१२	रिस्ता खड्का	बालिका	विद्यार्थी
१३	कान्छि खड्का	बालिका	विद्यार्थी
१४	रक्षा पौडेल	बालिका	विद्यार्थी
१५	सुदिक्षा पौडेल	बालिका	विद्यार्थी
१६	दीपा सिवाकोटी	बालिका	विद्यार्थी
१७	राशी ढकाल	बालक	विद्यार्थी
१८	निलम दर्जी	बालिका	विद्यार्थी
१९	सरिता प्रजा	महिला	अभिभावक
२०	मैया सुमन	महिला	अभिभावक
२१	अर्जुन पुडासैनी	पुरुष	अभिभावक
२२	राजेश भट्ट	पुरुष	अभिभावक
२३	रामहरि लामिछाने	पुरुष	अभिभावक
२४	लक्ष्मी अर्याल	महिला	अभिभावक
२५	बिजुला	महिला	अभिभावक
२६	स्वस्तिका तिमसिना	महिला	अभिभावक

२७	गिता रायमाझी	महिला	अभिभावक
२८	रश्मी कार्की	महिला	अभिभावक
२९	हरि पराजुली	पुरुष	अभिभावक
३०	बिष्णु लामिछाने	महिला	अभिभावक

प्रदेश नं. १

सुनसरी, धरान

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	सुवास बर्देवा	पुरुष	वडा सदस्या, धरान १७
२	चन्द्रकला राई	महिला	अभिभावक
३	नर्मदा श्रेष्ठ	महिला	अभिभावक
४	दुर्गा बुढाथोकी	महिला	अभिभावक
५	माया गुरुङ्ग	महिला	अभिभावक
६	कल्पना सुन्चौरी	महिला	अभिभावक
७	मन कुमारी घिमिरे	महिला	अभिभावक
८	चन्द्रकला न्यौपाने	महिला	अभिभावक
९	प्रमिला राई	महिला	अभिभावक
१०	शारदा मास्के	महिला	अभिभावक
११	चन्द्रकला न्यौपाने	महिला	अभिभावक
१२	सुनिता बर्देवा	महिला	अभिभावक
१३	प्रकति माझी	बालिका	विद्यार्थी
१४	सन्ध्या जिमी	बालिका	विद्यार्थी
१५	कशिष गौतम	बालिका	विद्यार्थी
१६	साईदिक्षा तामाङ्ग	बालिका	विद्यार्थी
१७	मित्रता श्रेष्ठ	बालिका	विद्यार्थी
१८	स्वरुप दाहाल	बालक	विद्यार्थी
१९	मनिष नेपाली	बालक	विद्यार्थी
२०	पवन बस्नेत	बालक	विद्यार्थी
२१	कञ्चन खड्का	बालिका	विद्यार्थी
२२	प्रशान्त राई	बालक	विद्यार्थी

प्रदेश नं. २

लक्ष्मीनिया जनता मा.वि. जनकपुर, धनुषा

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	दिनेश कुमार यादव	पुरुष	समाज सेवी
२	मनोज कुमार कर्ण	पुरुष	समाज सेवी
३	रुपा गौतम	महिला	समाज सेवी

४	सुधा कर्ण	महिला	समाज सेवी
५	संगिता कर्ण	महिला	समाज सेवी
६	आइसा खानुत	बालिका	विद्यार्थी
७	अमृता कुमारी यादव	बालिका	विद्यार्थी
८	अली राईन	बालक	विद्यार्थी
९	क्षितिज थापा	बालक	विद्यार्थी
१०	मो. सनर राईन	बालक	विद्यार्थी
११	दिल मो. राईन	बालक	विद्यार्थी
१२	अदित्य मक्रश	बालक	विद्यार्थी
१३	जिवन यादव	बालक	विद्यार्थी
१४	अन्नपुर्ण सिंह	बालक	विद्यार्थी
१५	मनिसा राउन	बालिका	विद्यार्थी
१६	मेघा ठाकुर	बालिका	विद्यार्थी
१७	नेहा मण्डल	बालिका	विद्यार्थी
१८	रन्जीता यादव	बालिका	विद्यार्थी
१९	सिखा झा	बालिका	विद्यार्थी
२०	बबि कुमारी दास	बालिका	विद्यार्थी

प्रदेश नं. १

बेलबारी नगरपालिका ३, मोरङ्ग

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	राम प्रसाद कोईराला	पुरुष	श्रोत व्यक्ति
२	निरुता तामाङ्ग	बालिका	विद्यार्थी
३	युनिका कार्की	बालिका	विद्यार्थी
४	निरुता श्रेष्ठ	बालिका	विद्यार्थी
५	धिरज राई	बालक	विद्यार्थी
६	समिर तामाङ्ग	बालक	विद्यार्थी
७	मनोज बास्तोला	बालक	विद्यार्थी
८	प्रमिश मगर	बालिका	विद्यार्थी
९	बन्दिस अर्जेल	बालक	विद्यार्थी
१०	अमित राई	बालक	विद्यार्थी
११	रोहन धिमाल	बालक	विद्यार्थी
१२	कोपिला श्रेष्ठ	बालिका	विद्यार्थी
१३	जानुका प्रधान	बालिका	विद्यार्थी
१४	हरून बयलकोटी	बालक	विद्यार्थी
१५	निर्देष राई	बालक	विद्यार्थी
१६	बनुप पौडेल	बालक	विद्यार्थी
१७	बनिष दियाली	बालक	विद्यार्थी
१८	बिनोद थापा मगर	बालक	विद्यार्थी
१९	सुजन राई	बालक	विद्यार्थी

२०	निरज बिसुनके	बालक	विद्यार्थी
२१	सिमरन कार्की	बालिका	विद्यार्थी
२२	शुभाष राई	बालक	विद्यार्थी
२३	यमकला विश्वकर्मा	महिला	अभिभावक
२४	तुला माया गुरुङ्ग	महिला	अभिभावक
२५	मिना तामाङ्ग	महिला	अभिभावक
२६	रमा बस्नेत	महिला	अभिभावक
२७	कविता राई	महिला	अभिभावक
२८	विद्यालक्ष्मी न्यौपाने	महिला	शिक्षिका
२९	इन्दिरा चौलागाई	महिला	अभिभावक
३०	कपिल बिष्ट	पुरुष	अभिभावक
३१	मनोज गौतम	पुरुष	अभिभावक
३२	मन कुमारी लिम्बु	महिला	अभिभावक

प्रदेश नं. ४

वैदेशिक रोजगारको सामाजिक मूल्यबारे अध्ययनका लागि आफनो विचाहरू राखेर मिति २०७६ जेष्ठ २६ गते यस अन्तर्वार्ताका लागि म सहमत छु भच्चेक आधारभूत विद्यालय, वडा नं. ३, आजरको गाउँ पालिका, गोरखा ।

क्र.सं.	नाम	ठेगाना	कैफित
१	ईश्वर प्रसाद अधिकारी	भच्चेक आभारभुत माध्यमिक बिध्यालय	प्रधानाध्यापक
२	भरतमणि दवाडी		प्रधानाध्यापक
२	अस्मीता तामाङ्ग	भच्चेक	शिक्षिका
३	गणेश तामाङ्ग	भच्चेक	अभिभावक
४	तया राज गुरुङ्ग	आजरकोट ३	वडा अध्याक्ष
५	शीतल गुरुङ्ग		पूर्व शिक्षक
६	चन्दा गुरुङ्ग	उपादक्ष्य, अजस्रकोट ३	वडा उपअध्याक्ष

अनुसूची ७

अनुसन्धानमा सहभागीहरूको नामावली

प्रदेश नं. ३

काठमाण्डौ, सिफल/शंकरापुर

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	दिपक भुसाल	पुरुष	शिक्षक
२	केशव दाहाल	महिला	शिक्षिका
३	श्याम प्रसाद भण्डारी	पुरुष	प्रीन्सीपल
४	सीता ओझा	महिला	समाज सेवी
५	सदिक्षा तामाङ	महिला	समाज सेवी
६	दान बहादुर बस्नेत	पुरुष	समाज सेवी
७	उत्तम अधिकारी	पुरुष	विदेशबाट फर्किएका कामदार
८	शुध्द कुमार डंगोल	पुरुष	वडा अध्यक्ष
९	रमेश कुमार	पुरुष	अभिभावक
१०	बिष्णु माया मगर	महिला	अभिभावक
११	रानी भण्डारी	महिला	अभिभावक
१२	देविका गौतम	महिला	अभिभावक
१३	भगवती खतिवडा	महिला	आमा समुह
१४	माया भण्डारी	महिला	आमा समुह
१५	पारु भट्टराई	महिला	आमा समुह
१६	सरस्वती कार्की	महिला	आमा समुह
१७	मेनुका सापकोटा	महिला	आमा समुह
१८	लक्ष्मण तामाङ्ग	बालक	विद्यार्थी
१९	राजिप तामाङ्ग	बालक	विद्यार्थी
२०	नेमन तामाङ्ग	बालक	विद्यार्थी
२१	अरुण तामाङ्ग	बालक	विद्यार्थी
२२	मनिषा थिङ्ग	बालिका	विद्यार्थी
२३	राम माया थिङ्ग	बालिका	विद्यार्थी
२४	अनिता लामा	बालिका	विद्यार्थी
२५	पासङ्ग डोल्मा लामा	बालिका	विद्यार्थी
२६	मनिषा तामाङ्ग	बालिका	विद्यार्थी
२७	एलिना तामाङ्ग	बालिका	विद्यार्थी
२८	मौसमी थिङ्ग	बालिका	विद्यार्थी
२९	सविना लामा	बालिका	विद्यार्थी
३०	सुशिला तामाङ्ग	बालिका	विद्यार्थी
३१	अर्जन महर्जन	बालक	विद्यार्थी
३२	विशाल श्रेष्ठ	बालक	विद्यार्थी
३३	समिर लामा	बालक	विद्यार्थी
३४	सरोज पौडेल	बालक	विद्यार्थी

३५	सन्तोष श्रेष्ठ	बालक	विद्यार्थी
३६	अजय पंथी	बालक	विद्यार्थी
३७	विवेक झा	बालक	विद्यार्थी
३८	सम्झना तामाङ्ग	बालिका	विद्यार्थी
३९	युनिका थापा	बालिका	विद्यार्थी
४०	सलिना खत्री	बालिका	विद्यार्थी
४१	गोपाल महर्जन	बालक	विद्यार्थी
४२	मुस्कान कुमारी झा	बालिका	विद्यार्थी
४३	अनिशा बज्जु	बालिका	विद्यार्थी
४४	धन कुमारी तामाङ्ग	बालिका	विद्यार्थी
४५	पुष्प भण्डारी	बालिका	विद्यार्थी
४६	मनिषा निरौला	बालिका	विद्यार्थी
४७	संगम शर्मा	बालक	विद्यार्थी
४८	दिपेश सिंह	बालक	विद्यार्थी
४९	ध्रुव पठायत	बालक	विद्यार्थी
५०	राज कुमार तामाङ्ग	बालक	विद्यार्थी
५१	शान्ति दंगाल	बालिका	विद्यार्थी
५२	प्रतिक्षा बुढाथोकी	बालिका	विद्यार्थी
५३	कविता न्यौपाने	बालिका	विद्यार्थी
५४	सृजना राई	बालिका	विद्यार्थी
५५	नवराज ढकाल	पुरुष	श्रोत व्यक्ति
५६	राम कृष्ण दंगाल	पुरुष	श्रोत व्यक्ति
५७	शान्ता प्रसाई	महिला	शीक्षक
५८	दान बहादुर प्रसाइ	पुरुष	शीक्षक
५९	यशोदा श्रेष्ठ	महिला	शीक्षीका
६०	लक्ष्मी थापा	महिला	शीक्षक

प्रदेश नं. ३

सिन्धुपाल्चोक, ईन्द्रवती ३

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	विष्णु थापा	पुरुष	अभिभावक
२	पदम बहादुर थापा	पुरुष	अभिभावक
३	कृष्ण प्रसाद पौडेल	पुरुष	अभिभावक
४	राधिका गुरुङ	महिला	अभिभावक
५	अनुप पौडेल	पुरुष	अभिभावक
६	सकुल थापा	पुरुष	अभिभावक
७	पुम बहादुर थापा	पुरुष	अभिभावक
८	चेत बहादुर आचार्य	पुरुष	अभिभावक
९	विजय तामाङ्ग	पुरुष	अभिभावक
१०	डिलु बहादुर तामाङ्ग	पुरुष	अभिभावक

११	ध्याम्चे तामाङ्ग	पुरुष	अभिभावक
१२	सिरिएस तामाङ्ग	पुरुष	अभिभावक
१३	प्रदिप थापा	पुरुष	अभिभावक
१४	भिमसेन अधिकारी	पुरुष	अभिभावक
१५	तोक बहादुर आचार्य	पुरुष	अभिभावक
१६	लिला बाँनियाँ	महिला	अभिभावक
१७	प्रमिला बाँनियाँ	महिला	अभिभावक
१८	आरती बानियाँ	महिला	अभिभावक
१९	अप्सरा बानियाँ	महिला	अभिभावक
२०	चन्द्र कुमारी बानिया	महिला	अभिभावक
२१	मान कुमारी आचार्य	महिला	अभिभावक
२२	गोमा न्यौपाने	महिला	अभिभावक
२३	प्रेम माया तामाङ्ग	महिला	अभिभावक
२४	सुनिता आचार्य	महिला	अभिभावक
२५	सुभद्रा थापा	महिला	अभिभावक
२६	निशिका तिमील्सीना	महिला	अभिभावक
२७	सर्मिला तामाङ्ग	महिला	अभिभावक
२८	सुकि माया तामाङ्ग	महिला	अभिभावक
२९	कालिका तामाङ्ग	महिला	अभिभावक
३०	कान्छी तामाङ्ग	महिला	अभिभावक
३१	राधिका थापा	महिला	अभिभावक
३२	अस्मिता अधिकारी	महिला	अभिभावक
३३	रुकु थापा	महिला	अभिभावक
३४	सुभद्रा अधिकारी	महिला	अभिभावक
३५	मिन कुमारी अचार्य	महिला	अभिभावक
३६	चर्कुली तामाङ्ग	महिला	अभिभावक
३७	शान्ती तामाङ्ग	महिला	अभिभावक
३८	बलि माया तामाङ्ग	महिला	अभिभावक
३९	इन्द्र कुमारी तामाङ्ग	महिला	अभिभावक
४०	सविना तामाङ्ग	महिला	अभिभावक
४१	सुन माया तामाङ्ग	महिला	अभिभावक
४२	नानी माया बि.क.	महिला	अभिभावक
४३	प्रमिता तामाङ्ग	महिला	अभिभावक
४४	मोति माया तामाङ्ग	महिला	अभिभावक
४५	सोम माया तामाङ्ग	महिला	अभिभावक
४६	कमला न्यौपाने	महिला	अभिभावक
४७	पूर्ण माया तामाङ्ग	महिला	अभिभावक
४८	सीता ठकुरी	महिला	अभिभावक
४९	आस्था थापा	बालिका	विद्यार्थी
५०	खुशी आचार्य	बालिका	विद्यार्थी
५१	बिनदा तामाङ्ग	बालिका	विद्यार्थी
५२	सन्तोषी आचार्य	बालिका	विद्यार्थी
५३	रितु तामाङ्ग	बालिका	विद्यार्थी

५४	निरुता तिरुवा	बालिका	विद्यार्थी
५५	रञ्जना थापा	बालिका	विद्यार्थी
५६	निशान आचार्य	बालक	विद्यार्थी
५७	बिशाल तामाङ्ग	बालक	विद्यार्थी
५८	सौगात आचार्य	बालक	विद्यार्थी
५९	मनोज तामाङ्ग	बालक	विद्यार्थी
६०	सुमन आचार्य	बालक	विद्यार्थी
६१	श्वेता थापा	बालिका	विद्यार्थी

प्रदेश नं. ३

मकवनपुर, महेन्द्रज्योति, मनोहरी

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	अञ्जना तिम्सिना	बालिका	विद्यार्थी
२	स्वीतीका वल	बालिका	विद्यार्थी
३	सम्पदा अधिकारी	बालिका	विद्यार्थी
४	दिपीका शिवाकोटी	बालिका	विद्यार्थी
५	राम सुनार	बालक	विद्यार्थी
६	राशन न्यौपाने	बालक	विद्यार्थी
७	अनुप अर्याल	बालक	विद्यार्थी
८	अनिशा सुनार	बालिका	विद्यार्थी
९	नानी मैया सुनार	बालिका	विद्यार्थी
१०	सुस्मिता लोप्चन	बालिका	विद्यार्थी
११	स्वस्तीका वल	बालिका	विद्यार्थी
१२	रिस्ता खड्का	बालिका	विद्यार्थी
१३	बिबेक झा	बालिका	विद्यार्थी
१४	रक्षा पौडेल	बालिका	विद्यार्थी
१५	सुदिक्षा सुबेदी	बालिका	विद्यार्थी
१६	दीपा सिवाकोटी	बालिका	विद्यार्थी
१७	राशी ढकाल	बालक	विद्यार्थी
१८	निलम दर्जी	बालिका	विद्यार्थी
१९	सरिता प्रजा	महिला	अभिभावक
२०	अलिना तामाङ	महिला	अभिभावक
२१	अर्जुन पुडासैनी	पुरुष	अभिभावक
२२	राजेश भट्ट	पुरुष	अभिभावक
२३	रामहरि लामिछाने	पुरुष	अभिभावक
२४	लक्ष्मी अर्याल	महिला	अभिभावक
२५	बिजुला	महिला	अभिभावक
२६	स्वस्तिका तिमसिना	महिला	अभिभावक
२७	गिता रायमाझी	महिला	अभिभावक
२८	रश्मी कार्की	महिला	अभिभावक

२९	हरि पराजुली	पुरुष	अभिभावक
३०	बिष्णु लामिछाने	महिला	अभिभावक

प्रदेश नं. १

सुनसरी, धरान

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	सुवास बर्देवा	पुरुष	वडा सदस्या, धरान १७
२	कुमारी तामाङ्ग	महिला	अभिभावक
३	नर्मदा श्रेष्ठ	महिला	अभिभावक
४	दुर्गा बुढाथोकी	महिला	अभिभावक
५	माया गुरुङ्ग	महिला	अभिभावक
६	कल्पना सुन्चौरी	महिला	अभिभावक
७	बिशाल आचार्य	पुरुष	अभिभावक
८	चन्द्रकला न्यौपाने	महिला	अभिभावक
९	प्रमिला राई	महिला	अभिभावक
१०	शारदा मास्के	महिला	अभिभावक
११	चन्द्रकला राई	महिला	अभिभावक
१२	सदिक्षा लामा	महिला	अभिभावक
१३	प्रकति माझी	बालिका	विद्यार्थी
१४	सन्ध्या जिमी	बालिका	विद्यार्थी
१५	कशिष गौतम	बालिका	विद्यार्थी
१६	साईदिक्षा तामाङ्ग	बालिका	विद्यार्थी
१७	मित्रता श्रेष्ठ	बालिका	विद्यार्थी
१८	स्वरुप दाहाल	बालक	विद्यार्थी
१९	मनिष नेपाली	बालक	विद्यार्थी
२०	पवन बस्नेत	बालक	विद्यार्थी
२१	कञ्चन खड्का	बालिका	विद्यार्थी
२२	प्रशान्त राई	बालक	विद्यार्थी
२३	भीमसेन प्रसाद न्यौपाने	पुरुष	अभिभावक
२४	बिमला पोखरेल	महिला	अभिभावक
२५	सुभाष बर्देवा	पुरुष	जन प्रतिनीधि
२६	सुधा कुमार डंगोल	पुरुष	जनप्रतिनीधि
२७	जहर सिंह लामा	पुरुष	जनप्रतिनीधि
२८	हिदन लामा	पुरुष	अभिभावक
२९	जिवन कुमार लामा	पुरुष	अभिभावक
३०	फूलमान तामाङ	महिला	अभिभावक
३१	पुनी माया तामाङ्ग	महिला	अभिभावक
३२	मन कुमारी घिमिरे	महिला	अभिभावक
३३	सुनिता बर्देवा	महिला	अभिभावक

प्रदेश नं. २

लक्ष्मीनिया जनता मा.वि. जनकपुर, धनुषा

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	दिनेश कुमार	पुरुष	समाज सेवी
२	मनोज कुमार कर्ण	पुरुष	समाज सेवी
३	रुपा गौतम	महिला	समाज सेवी
४	सुधा कर्ण	महिला	समाज सेवी
५	संगिता कर्ण	महिला	समाज सेवी
६	आइसा खानुत	बालिका	विद्यार्थी
७	अमृता कुमारी यादव	बालिका	विद्यार्थी
८	अली राईन	बालक	विद्यार्थी
९	सुमित कुमार यादव	बालक	विद्यार्थी
१०	मो. सनर राईन	बालक	विद्यार्थी
११	दिल मो. राईन	बालक	विद्यार्थी
१२	अदित्य महरा	बालक	विद्यार्थी
१३	जिवन यादव	बालक	विद्यार्थी
१४	अन्नपुर्ण सिंह	बालक	विद्यार्थी
१५	मनिसा राउन	बालिका	विद्यार्थी
१६	मेघा ठाकुर	बालिका	विद्यार्थी
१७	नेहा मण्डल	बालिका	विद्यार्थी
१८	रन्जीता यादव	बालिका	विद्यार्थी
१९	सिखा झा	बालिका	विद्यार्थी
२०	बबि कुमारी दास	बालिका	विद्यार्थी
२१	कान्छी माया तामाङ	महिला	महिला कामदार
२२	सीता रुपाखेती	महिला	समाजसेवी
२३	रमेश कुमार परुवाल	पुरुष	अभिभावक
२४	बिद्यलक्ष्मी न्यौपाने	महिला	अभिभावक
२५	इन्दिरा चौलागाई	महिला	अभिभावक
२६	देवि प्रसाद पोखरेल	पुरुष	अभिभावक
२७	साधना पोखरेल	महिला	अभिभावक
२८	रुक मणि तिमिल्सीना	पुरुष	अभिभावक
२९	मन बहदुर खड्का	पुरुष	अभिभावक
३०	हरी पराजुली	पुरुष	अभिभावक
३१	बिष्णु थापा	महिला	अभिभावक
३२	पवन बहादुर थापा	पुरुष	अभिभावक
३३	कृष्णबाल अधिकारी	पुरुष	अभिभावक
३४	राज कुमार आचार्य	पुरुष	अभिभावक
३५	बद्री प्रसाद आचार्य	पुरुष	अभिभावक
३६	कुश राज यादव	पुरुष	अभिभावक
३७	प्रेम बहादुर थापा	पुरुष	अभिभावक
३८	बिजय तामाङ्ग	पुरुष	अभिभावक
३९	हेम्चो तामाङ्ग	पुरुष	अभिभावक

प्रदेश नं. १

बेलबारी नगरपालिका ३, मोरङ्ग

क्र.सं.	नाम	लिङ्ग	कैफियत
१	निरन्जन गौतम	पुरुष	श्रोत व्यक्ति
२	निरुता तामाङ्ग	बालिका	विद्यार्थी
३	युनिका कार्की	बालिका	विद्यार्थी
४	निरुता श्रेष्ठ	बालिका	विद्यार्थी
५	धिरज राई	बालक	विद्यार्थी
६	समिर तामाङ्ग	बालक	विद्यार्थी
७	मनोज बास्तोला	बालक	विद्यार्थी
८	प्रमिश मगर	बालिका	विद्यार्थी
९	बन्दिस अर्जेल	बालक	विद्यार्थी
१०	अमित राई	बालक	विद्यार्थी
११	रोहन धिमाल	बालक	विद्यार्थी
१२	कोपिला श्रेष्ठ	बालिका	विद्यार्थी
१३	जानुका प्रधान	बालिका	विद्यार्थी
१४	हरून बयलकोटी	बालक	विद्यार्थी
१५	निर्देष राई	बालक	विद्यार्थी
१६	बनुप पौडेल	बालक	विद्यार्थी
१७	बनिष दियाली	बालक	विद्यार्थी
१८	बिनोद थापा मगर	बालक	विद्यार्थी
१९	सुजन राई	बालक	विद्यार्थी
२०	निरज बिसुनके	बालक	विद्यार्थी
२१	सिमरन कार्की	बालिका	विद्यार्थी
२२	शुभाष राई	बालक	विद्यार्थी
२३	यमकला विश्वकर्मा	महिला	अभिभावक
२४	तुला माया गुरुङ्ग	महिला	अभिभावक
२५	मिना तामाङ्ग	महिला	अभिभावक
२६	रमा बस्नेत	महिला	अभिभावक
२७	कविता राई	महिला	अभिभावक
२८	विद्यालक्ष्मी न्यौपाने	महिला	शिक्षिका
२९	सिता रुपाखेती	महिला	अभिभावक
३०	कपिल बिष्ट	पुरुष	अभिभावक
३१	गणेश बहादुर ठाकुर	पुरुष	अभिभावक
३२	मन कुमारी लिम्बु	महिला	अभिभावक
३३	मुना गौतम	महिला	सरकारी अधिकृत
३४	मनिला बिष्ट	महिला	सरकारी अधिकृत
३५	मन्जु भण्डारी	महिला	सरकारी अधिकृत
३६	दिनबन्धु अर्याल	पुरुष	सरकारी अधिकृत
३७	सरियस तामाङ्ग	पुरुष	अभिभावक
३८	शौगत आचार्य	पुरुष	अभिभावक

३९	टोक बहादुर आचार्य	पुरुष	अभिभावक
४०	नविन पुडासैनी	पुरुष	अभिभावक
४१	सरिता थापा	महिला	अभिभवक

प्रदेश नं. ४

वैदेशिक रोजगारको सामाजिक मूल्यबारे अध्ययनका लागि आफनो विचारहरू राखेर मिति २०७६ जेष्ठ २६ गते यस अन्तर्वार्ताका लागि म सहमत छु भच्चेक आधारभूत विद्यालय, वडा नं. ३, आजरको गाउँ पालिका, गोरखा ।

क्र.सं.	नाम	ठेगाना	कैफित
१	ईश्वर प्रसाद अधिकारी		प्रधानाध्यापक
२	अस्मता तामाङ्ग		शिक्षिका
३	गणेश तामाङ्ग		अभिभावक
४	तया राज गुरुङ्ग	आजरकोट ३	वडा अध्याक्ष
५	शीतल गुरुङ्ग	आजरकोट ३	पूर्व शिक्षक
६	चन्द गुरुङ्ग	आजरकोट ३	वडा उपअध्याक्ष
७	अनिष दंगाल	पुरुष	शिक्षक
८	राम प्रसाद कोइर्राला	पुरुष	शिक्षक
९	जमुना खनाल	महिला	शिक्षिका

जम्मा सहभागी संख्या : २७३ जना

अध्ययन गरीएका बिध्यालयका तस्बीरहरु

श्री महेन्द्र ज्योति उच्च माध्यमिक विद्यालय

श्री भक्तेक आधारभूत विद्यालय
आजिरकोट-३,भ
गोरखा
स्था